सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ साउन २०८३, शनिबार (1 Aug 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ११० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाकिस्तानको ब्रोड पिकमा भीषण हिमपहिरो

विश्वकीर्तिमानी निर्मल पुर्जासहित पाँच नेपाली बेपत्ता



● बिहीबार दिउँसो करिब ६,६०० मिटर उचाइमा रहेको क्याम्प २ र ३ बिचको पश्चिमी भागमा हिमपहिरो जाँदा बेपत्ता १० मध्ये एक नेपालीसहित चारजनाको शव फेला। विश्वकीर्तिमानी नेपाली आरोही निर्मल पुर्जासहित ६ जना अझै सम्पर्कविहीन। प्रतिकूल मौसमका कारण खोजी तथा उद्धार अभियान प्रभावित।

● निर्मल पुर्जा (निम्स दाइ)को नेतृत्वमा गएको टोलीमा नेपाली आरोही पूर्वबहादुर गुरुङ 'युक्त', किली पेम्बा शेर्पा 'किली', निमा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पा सहभागी थिए। टोलीमा ओमानका नधिर अहमद अब्दुल्लाह अल हार्थी, पाकिस्तानका सोहेल साखी, चीनका वाङ जोङ र अमेरिकाका मलोरी गाइस पनि थिए।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

विश्वकीर्तिमानी नेपाली आरोही निर्मल पुर्जाको नेतृत्वमा पाकिस्तानको ब्रोड पिक (८,०४७ मिटर) हिमाल आरोहणमा गएको अन्तर्राष्ट्रिय टोली भीषण हिमपहिरोमा परेको छ। दुर्घटनापछि पुर्जासहित ६ जना अझै सम्पर्कविहीन छन्, जसमा पाँच नेपाली छन्। प्रतिकूल मौसमका कारण खोजी तथा उद्धार अभियान प्रभावित बनेको छ। एक नेपालीसहित चारजनाको भने शव फेला परेको छ।

निर्मल पुर्जा (निम्स दाइ) को नेतृत्वमा गएको टोलीमा नेपाली आरोही पूर्वबहादुर गुरुङ 'युक्त', किली पेम्बा शेर्पा 'किली', निमा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पा सहभागी थिए। टोलीमा ओमानका नधिर अहमद अब्दुल्लाह अल हार्थी, पाकिस्तानका सोहेल साखी, चीनका वाङ जोङ र अमेरिकाका मलोरी गाइस थिए।

■ आरोहणमा जानुअघि 'निम्स दाइ'को भावुक सन्देश

दुर्घटना बिहीबार दिउँसो करिब ६ हजार ६ सय मिटर उचाइमा रहेको क्याम्प २ र ३ बिचको पश्चिमी भागमा हिमपहिरो जाँदा भएको हो। पाकिस्तानी सञ्चारमाध्यमका अनुसार त्यसलगत्तै आरोही टोलीसँगको सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो। हिमपहिरोपछि निर्मल पुर्जाको जिपिएस ट्र्याकिङ उपकरणले केही समयसम्म संकेत देखाए पनि त्यसपछि सम्पर्क हुन सकेको छैन।

पाकिस्तानी अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले एक नेपालीसहित चारजनाको शव फेला परेको जनाएका छन्। पाकिस्तानस्थित नेपाली दूतावासले पनि एक नेपाली आरोहीको शव फेला परेको पुष्टि गरेको छ। पाकिस्तानका लागि नेपाली राजदूत रिता धितालले शुक्रबार साँझ नयाँ पत्रिकासँग भनिन्, 'एक नेपाली आरोहीको शव फेला परेको जानकारी आएको छ। बेपत्ता नेपालीको अवस्थाबारे पाकिस्तान सरकारसँग निरन्तर समन्वय भइरहेको छ। अन्तरप्रदेश समन्वय मन्त्रालय, विदेश मन्त्रालय र अल्पाइन क्लबसँग पनि निरन्तर सम्पर्कमा छौं।'

बिहीबार मध्याह्नतिर करिब ६ हजार ६०० मिटर उचाइमा रहेको क्याम्प २ र ३ को बिचमा पर्ने हिमालको पश्चिमी


» पृष्ठ २ मा क्रमशः

मत्थर बन्दै तराई-मधेशको तनाव

हिन्दु-मुस्लिम धार्मिक अगुवाहरूले सद्भाव कायम राख्न संयुक्त अपिल गरेका छन् भने तराई-मधेशमा 'हिन्दु, मुस्लिम, बौद्ध, शिख, इसाई, आपसमे सब भाइ-भाइ'को नारासहित सद्भाव च्याली निकालिएका छन्



सुनसरीको कप्तानगन्ज घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताको शव आफन्तले बुझेर दाहसंस्कार गरेका छन्। गृहमन्त्री सुधन गुरुङ देवानगन्ज पुगेर बिहीबार राति परिवारसँग सातबुँदे सम्झौता गरेका थिए।



सिराहाको गोलबजारमा बिहीबार ज्यान गुमाएका औरही गाउँपालिका- २, तुलसीपुरका गणेश यादवको परिवारलाई पनि भेटेर गृहमन्त्री गुरुङले सम्झौता गरी शव बुझाउने तयारी छ। उनी मध्यराति लहान पुगेका छन्।

■ सिराहामा सामाजिक सद्भाव च्याली



विराटनगरमा **गणेश लम्साल**, लहानमा **मणिलाल विश्वकर्मा**, काठमाडौंमा **कमलराज भट्ट**

तराई-मधेशमा एक सातादेखि जारी तनाव शुक्रबार केही मत्थर भएको छ। काठमाडौंबाट हिन्दु-मुस्लिम धार्मिक अगुवाहरूले साम्प्रदायिक सद्भाव कायम राख्न संयुक्त अपिल गरेका छन् भने तराई-मधेशका विभिन्न जिल्लामा सद्भाव च्याली निकालिएका छन्। प्रधानमन्त्रीदेखि सत्तारूढ रास्वपा सभापतिसहितका अन्य दलहरूले पनि तनाव न्यूनीकरणका लागि संवाद जारी

» पृष्ठ २ मा क्रमशः

- तराईका जिल्लामा चार एआइजीसहित १५ उच्च प्रहरी अधिकारी परिचालन
- सामाजिक सद्भाव खलबल्याएको आरोपमा ३८ पक्राउ

साम्प्रदायिक सद्भाव कायम राख्न हिन्दु-मुस्लिम धार्मिक अगुवाहरूको संयुक्त अपिल



सुनसरीबाट फैलिएको हिंसा बढ्दै गएपछि रास्वपा सभापति रवि लामिछानेले विभिन्न पक्षसँग संवाद थालेका थिए। सोही क्रममा उनले शुक्रबार बिहान साम्प्रदायिक सद्भाव कायम राख्न हिन्दु-मुस्लिम धार्मिक अगुवाहरूसँग छलफल गरेका थिए। त्यसपछि अगुवाहरूले संयुक्त अपिल जारी गर्दै सदियौंदेखिको सहिष्णुता र सामाजिक सद्भावमा खलल पुऱ्याउन भइरहेका विभिन्न क्रियाकलापहरूप्रति सचेत रहन आग्रह गरेका थिए। सद्भावका लागि एकै ठाउँमा आएका धार्मिक अगुवाहरूले भनेका छन्- 'नेपाल बहुधार्मिक, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र हो। यहाँको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, आपसी सम्मान राष्ट्रिय एकता र पहिचानका आधार हुन्। कुनै पनि घटना वा विवादका कारण राष्ट्रिय एकता र पहिचानमा आँच पुनुहुँदैन भन्नेमा हामी स्पष्ट छौं। विभिन्न स्वार्थ समूहले धर्मको नाममा हिंसात्मक घटना विस्तार गर्ने प्रयास गरिरहेका वेला हामी सम्पूर्ण नागरिकमा संयम रहन, उत्तेजनात्मक, घृणात्मक वा सामाजिक सद्भाव खलबल्याउने कार्यमा संलग्न नहुन अपिल गर्दछौं।'

यस्ता घटना नदोहोरिने गरी कदम चाल्न प्रधानमन्त्रीलाई मधेशी दलहरूको आग्रह



प्रधानमन्त्री बालेन्द्र शाहले बोलाएको छलफलमा मधेशकेन्द्रित दलका नेताहरूले साम्प्रदायिक तनाव नियन्त्रण, पीडितलाई न्याय, दोषीमाथि निष्पक्ष छानबिन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन सरकारबाट तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका छन्। घटनाको निष्पक्ष छानबिन, पीडितलाई राहत तथा क्षतिपूर्ति, दोषीलाई कानुनी दायरामा ल्याउने र शान्ति-सुरक्षा कायम गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ थियो। शुक्रबार नै प्रधानमन्त्री शाहले मधेशका सांसदहरूसँग पनि साम्प्रदायिक सद्भाव कायम गर्ने विषयमा छलफल गरेका छन्।

नेकपाले देशभर सद्भाव च्याली गर्ने, छानबिन गर्न उच्चस्तरीय आयोगको माग



नेकपाले देशभर सद्भाव च्याली आयोजना गर्न पार्टीका सबै तहका कमिटी, नेता तथा कार्यकर्तालाई निर्देशन दिएको छ। सुनसरीसहित देशका विभिन्न स्थानमा देखिएका साम्प्रदायिक तनाव र हिंसाका घटनाको वास्तविक कारण, स्थानीय प्रशासन र सुरक्षा निकायको भूमिकाबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्न पनि उसको माग छ।

सरकार र लघुवित्त ऋणीबिच पाँचबुँदे सहमति

किस्ता नतिरेको निहुँमा घरमै पसेर धरपकड गर्ने, यातना दिने वा घरबाट सामान उठाएर लैजाने लघुवित्तका कर्मचारी वा संस्थामाथि कडा कारबाही गर्ने सहमति, सबै आन्दोलन फिर्ता

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकार र आन्दोलनरत लघुवित्तपीडितहरूबिच पाँचबुँदे सहमति भएको छ। अर्थ मन्त्रालयमा भएको वार्तामा सरकारी वार्ताटोली र लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समितिबिच सहमतिपत्रमा हस्ताक्षर भएसँगै पीडितहरूले देशभर जारी राखेका सम्पूर्ण आन्दोलन र अनशनका कार्यक्रमहरू तत्कालका लागि पूर्ण रूपमा फिर्ता लिएका छन्।

पीडितहरूले माइतीघर मण्डलामा आएर आन्दोलन थालेपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मन्त्रालयका सहसचिव महेश आचार्यको संयोजकत्वमा पाँच सदस्यीय वार्ताटोली गठन गरेका थिए। समितिमा कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई, गृह मन्त्रालयका सहसचिव सुरेश पन्थी र राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल सदस्य र अर्थ मन्त्रालयका उपसचिव बोलराज आचार्य सदस्यसचिव थिए। लघुवित्त तथा

» पृष्ठ २ मा क्रमशः



■ यस्तो छ सहमति

१ लघुवित्तपीडितहरूको समस्या समाधानका लागि उपयुक्त विकल्पसहितको प्रतिवेदन पेस गर्न गठित कार्यदलको २२ साउन ०८१ को प्रतिवेदन कार्यान्वयन कार्ययोजनासहित कार्यान्वयनका लागि १५ दिनभित्र अर्थ मन्त्रालयसमक्ष सिफारिस गर्ने

२ समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरुत्थानका लागि पुनर्स्थापना कार्यक्रम सञ्चालन एवं कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थामा पुनरवलोकनलगायतका विषयमा उपयुक्त कार्यान्वयनयोग्य विकल्पसहित प्रतिवेदनमा सिफारिस गर्ने

३ 'घ' वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सञ्चालन मार्गदर्शन, ०८१ को पूर्ण कार्यान्वयन गर्ने र सोको नेपाल राष्ट्र बैंकले कडाइका साथ अनुगमन गर्ने

४ लघुवित्त वित्तीय संस्थाले ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्नेलगायतका कानुनविपरीतका कार्यहरूउपर प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्ने

५ संघर्ष समितिको तर्फबाट देशभर जारी रहेका सम्पूर्ण आन्दोलन तथा अनशनका कार्यक्रमहरू आजैका मितिदेखि पूर्ण रूपमा अन्त्य गर्ने

झन् नयाँ




संगीत

मौलिकता गुमाउँदै नेपाली लोकगीत

वनपाखा, मेलापात, चौतारी, देउरालीमा गुन्जिने नेपाली मौलिक भाका यतिवेला अस्तित्व बचाउन एआईसँग संघर्ष गरिरहेको छ


● पवन बराइली



'पुर्खाको स्वाद'

सखाप पार्दै हाइब्रिड बिउ

● विदुर कटुवाल



एआईले भाषामार्फत गर्नेछ मानवमाथि नियन्त्रण

चाँडै एआईले हाम्रो भाषा हामीले भन्दा राम्रोसँग बुझ्नेछ, त्यसपछि खेल पूरै उल्टिन सक्छ

● युभल नोहा हरारी

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ब्रान्डिङको बलले तीन महिनामै डिडिसीको व्यापारमा ३५ प्रतिशत छलाङ

प्रधानमन्त्री बालेन शाह र कृषिमन्त्री गीता चौधरीले ब्रान्ड प्रवर्द्धन गरेपछि सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)को व्यापारमा वृद्धि। बजार विस्तार, किसानको बक्यौता घटाउने अभियान, नयाँ बिक्री केन्द्र सञ्चालन, अनलाइन सेवाको सुरुवात र घिउ निर्यातको तयारीले डिडिसीलाई पुनः प्रतिस्पर्धी र भरोसायोग्य संस्था बनाउने अवसर।

डिडिसीका महाप्रबन्धक डा. शरण पाण्डे भन्छन्-



"ब्रान्डिङसँगै व्यापारमा समेत सुधार आएको छ। तीन महिनायता व्यापारमा ३५ प्रतिशतले वृद्धि भएको छ। व्यापारमा भएको वृद्धिले आम्दानीमा समेत सुधार भएको छ। किसानको पैसा धेरै समय राख्नुहुँदैन भनेर अहिले दुध खरिदबापतको भुक्तानीलाई पहिलो प्राथमिकता दिएर काम गरिरहेका छौं।

अजित अधिकारी/नयाँ पत्रिका

प्रधानमन्त्री र विभागीय मन्त्रीले ब्रान्ड प्रवर्द्धन गरेपछि सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)को व्यापारले गति लिएको छ। पछिल्ला तीन महिनामै संस्थानको समग्र कारोबार ३५ प्रतिशतले बढेको छ भने आम्दानीमा समेत सुधार देखिएको छ। व्यापार विस्तारसँगै लामो समयदेखि भुक्तानीको प्रतीक्षामा रहेका दुग्ध किसानले पनि राहत पाउन थालेका छन्।

■ तीन हजार याक पालेर चिज उत्पादन, किसानलाई अग्रिम भुक्तानी

» पृष्ठ २ मा क्रमशः

०८२/८३ को अन्तिम तीन महिनामा करिब एक अर्बको कारोबार, अघिल्लो आवको सोही अवधिको तुलनामा २ करोड बढी आम्दानी

४ हजार किलो बढी याक चिजको बिक्री

मासिक नियमित ३० करोड भुक्तानी, किसानको बक्यौता भुक्तानी ६५ करोडबाट घटेर १२ करोडमा सीमित

किसानले दुध बिक्रीबापत पाउने मूल्यमा प्रतिलिटर १ रुपैयाँ वृद्धि

मध्यपूर्वमा घिउ निर्यात गर्न सम्झौता

अनलाइन व्यापार सुरुवात, ५० नयाँ बिक्री केन्द्र थपिँदै



आधा दर्जनभन्दा बढी उत्पादन, दुधको हिस्सा मात्रै ९० प्रतिशत

डिडिसीले आधा किलोको पाउजमा चारथरी दुध बिक्री गर्दै आएको छ। सबैभन्दा बढी बिक्री हुने स्ट्यान्डर्ड मिल्कको प्रतिलिटर सय रुपैयाँ मूल्य छ। ५ प्रतिशत चिल्लो पदार्थ भएको 'होल्क मिल्क' प्रतिलिटर १२६ रुपैयाँमा उपलब्ध छ। १.५ प्रतिशत चिल्लो र ९.५ प्रतिशत ठोस पदार्थ भएको 'टी-मिल्क' प्रतिलिटर ९० रुपैयाँ पर्छ। यो दुधबाट धेरै कप चिया बन्ने भएकाले खाजाघर र होटेल-रेस्टुरेन्टमा बढी खपत हुने गरेको छ। गाईको शुद्ध दुधको मूल्य प्रतिलिटर ११६ रुपैयाँ निर्धारण गरिएको छ। यसमा ३.५ प्रतिशत चिल्लो र ७.५ प्रतिशत ठोस पदार्थ हुन्छ। पूजापाठदेखि बच्चालाई खुवाउन यो दुधको माग उच्च छ। महाप्रबन्धक डा. शरण पाण्डेका अनुसार कुल कारोबारमा दुधको हिस्सा ९० प्रतिशत छ। दुधपछि दहीको खपत पाँच प्रतिशत छ। पनिर, चिज, याक चिज, नौनी घिउ, घिउ, मोही, फ्रेस मिल्क, आइसक्रिम, मिठाई, रसबरी, लालमोहनलगायत उत्पादनको एकमुस्ट हिस्सा ५ प्रतिशत रहेको उनले बताए। उनका अनुसार डिडिसीले बजार पठाएको दुध उपभोक्ताको रुचिमा छन्। 'त्यसैले दुध संकलन बढाएर उत्पादनसमेत बढाउने योजनाका साथ काम गरिरहेका छौं,' उनले भने।

ब्रान्डिङको बलले...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री बालेन साहले २ जेठमा फेसबुकमार्फत एक पोस्ट सेयर गर्दै डिडिसीको याक चिजको प्रवर्द्धन गरेका थिए। प्रधानमन्त्री शाहको साथ पाएपछि कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले २६ जेठको मन्त्रिपरिषद् बैठकबाटै डिडिसीको प्रवर्द्धन गरेकी थिइन्। मन्त्री चौधरीले सबै मन्त्रीलाई डिडिसीका उत्पादन दिएर 'ब्रान्डिङ' गरेकी थिइन्। डिडिसीका महाप्रबन्धक डा. शरण पाण्डेले प्रधानमन्त्री र विभागीय मन्त्रीको साथले उत्साह थपिएको र व्यापारमा वृद्धि भएको बताए। 'ब्रान्डिङसँगै व्यापारमा समेत सुधार आएको छ। तीन महिनायता व्यापारमा ३५ प्रतिशतले वृद्धि भएको छ। व्यापारमा भएको वृद्धिले आम्दानीमा समेत सुधार भएको छ,' उनले नयाँ पत्रिकासँग भने।

डिडिसीको योजना, मानव संशोधन तथा बजार व्यवस्थापन विभागमा कार्यरत अर्थविज्ञ अञ्जन अधिकारीका अनुसार आव ०८२/८३ को अन्तिम तीन महिना (वैशाख, जेठ र असार)मा अघिल्लो आव ०८१/८२ को सोही अवधिसँग तुलना गर्दा दुई करोड रुपैयाँ बढीको कारोबार भएको छ। गत आवको अन्तिम तीन महिनामा ९९ करोड रुपैयाँको कारोबार भएको उनले जानारी दिए। 'अघिल्लो आवको सोही अवधिमा ९७ करोडको व्यापार भएको थियो। समीक्षा अवधिमा दुई करोड बढीको कारोबार भएको हो,' उनले भने, 'डिडिसीसँग थोरै मूल्यको निश्चित उत्पादन मात्रै भएकाले व्यापारमा ठुलो अंकको सुधार आउन समय लाग्छ,' उनले भने, 'यसपालि देखिएको सुधारलाई आगामी दिनमा निरन्तरता दिने योजनाका साथ काम गरिरहेका छौं।'

प्रधानमन्त्री शाहले बालुवाटारबाटै याक चिजको प्रवर्द्धन गरेपछि भने याक चिजको खुद्रामा माग बढ्न थालेको छ। अधिकारीका अनुसार ०८२/८३ को अन्तिम तीन महिनामा १५ हजार किलो याक चिज बिक्री भएको छ। त्यसअघि, ०८१/८२ को अन्तिम तीन महिनामा ११ हजार किलो मात्र बिक्री भएको थियो। 'समीक्षा अवधिको बिक्री तुलना चार हजार किलो याक चिजको खपत बढेको छ,' उनले भने।

व्यापारमा आएको सुधारसँगै डिडिसीले किसानको बक्यौता घटाउन थालेको र दुध खरिद पनि बढाएको छ। 'प्रधानमन्त्री र मन्त्रीज्यू नै डिडिसीको गरिमा बढाउन क्रियाशील भइरहका वेला दुग्ध किसानको बक्यौतालाई चाँडो टुंग्याउनुपर्छ भनेर प्रयास गरिहेका छौं। बक्यौता भुक्तानीमा उल्लेख्य सुधार पनि भएको छ,' उनले भने, 'चार महिनाअघि ६५ करोड रहेको बक्यौता भुक्तानीलाई अहिले १२ करोडमा झारिएको छ। थप रकम पनि चाँडै भुक्तानी हुन्छ,' उनले भने, 'देशभरका करिब डेढ लाख किसानबाट दुध संकलन गरिरहेका छौं। किसानको भरोसा जगाउने गरी सात सय दुग्ध सहकारीमार्फत किसानले उत्पादन गरेको दुध दैनिक रूपमा संकलन भइरहेको छ।'

महाप्रबन्धक पाण्डेले दुध बेचेर परिवारको खर्च धान्ने किसानको संख्या धेरै रहेकाले नियमित भुक्तानी र बक्यौता चुक्तालाई सँगसँगै कार्यान्वयन गरिरहेको बताए। 'दुध बेचेर परिवारको खर्च धान्ने साना किसान हामीसँग धेरै जोडिएका छन्। जसले बिहान-बेलुका दुई-तीन लिटर दुध जम्मा गर्दै आएका छन्,' उनले भने, 'त्यसैले यस्ता किसानको पैसा धेरै समय राख्नुहुँदैन भनेर अहिले दुध खरिदबापतको भुक्तानीलाई पहिलो प्राथमिकता दिएर काम गरिरहेका छौं।'

डिडिसीले किसानको भुक्तानीलाई नियमितता दिएको केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमरबहादुर कुँवरले पनि पुष्टि गरेका छन्। 'डिडिसीको सबै बक्यौता त सकिएको छैन, तर अहिले नियमित रूपमा थोरै-थोरै भए पनि पैसा दिइरहेको छ,' उनले भने, 'पहिलेजस्तो पैसा दिन बन्द भएको छैन। चाँडै बक्यौता चुक्ता गरिसक्ने डिडिसी व्यवस्थापनले प्रतिबद्धता पनि जनाएको छ। पैसा पाइरहँदा दुध संकलनमा पनि सुधार भएको छ।' डिडिसीको व्यापारमा आएको सुधारबाट किसान पनि खुसी भएको संघ अध्यक्ष कुँवरले बताए। 'डिडिसीले व्यापार वृद्धि गरेको सुन्दा खुसी लागेको छ। डिडिसीको व्यापार जति बढी हुन्छ, दुध संकलन पनि बढ्ने र हामीले नियमित रूपमा भुक्तानी पनि पाउने स्थिति बन्छ,' दुग्ध किसानसमेत रहेका संघ अध्यक्ष कुँवरले बताए।

डिडिसीले व्यापार बढ्न थालेपछि किसानलाई दिने भुक्तानी रकमसमेत वृद्धि गरेको छ। तीन प्रतिशत चिल्लो र आठ प्रतिशत ठोस पदार्थ भएको दुधको प्रतिलिटर मूल्य ६५ रुपैयाँ रहेकोमा १ असारदेखि बढाएर ६६ रुपैयाँ पुऱ्याइएको छ। डिडिसीले दुधको मूल्य प्रतिलिटर दुई रुपैयाँ बढाएर किसानलाई दिने भुक्तानी मूल्य प्रतिलिटर एक रुपैयाँ बढाएको छ।

डिडिसीले सबैभन्दा बढी बागमती प्रदेशका किसानबाट दुध संकलन गर्दै आएको छ। काभ्रे, सिन्धुपाल्चोक, चितवन, मकवानपुरलगायत धेरै दुध उत्पादन हुने जिल्ला भएकाले बागमतीमा मात्रै समग्र दुध संकलनको ५० प्रतिशत हिस्सा रहेको डिडिसीले जनाएको छ। त्यसपछि कोशी प्रदेशबाट २० प्रतिशत, लुम्बिनी प्रदेशबाट १५ प्रतिशत र मधेश प्रदेशबाट पाँच प्रतिशत दुध संकलन भइरहेको डिडिसीको तथ्यांक छ। कोहलपुर र धनगढीस्थित कारखानाबाट पनि दुध संकलन हुने गरेको छ।

महाप्रबन्धक पाण्डेले बजार विस्तारका क्रममा घिउ निर्यातसमेत हुन लागेको बताए। 'मध्यपूर्वमा डिडिसीको घिउ निर्यात गर्न निजी क्षेत्रसँग सम्झौता भइसकेको छ। वार्षिक कम्तीमा ५० हजार लिटर घिउ निर्यात हुनुपर्ने सर्त राखेर सम्झौता भएको छ,' उनले भने, 'अहिले घिउ निर्यातका लागि आवश्यक प्रमाणीकरणको काम भइरहको छ। कम्तीमा दसैँअघिदेखि घिउ निर्यात सुरु हुने अपेक्षा छ।'

डिडिसी घिउ यसअघि जापानमा समेत पुग्ने गरेको थियो। तर, त्यतिखेर डिडिसीको प्रत्यक्ष संलग्नता नभएको र निजी कम्पनीले आफ्नो हिसाबले निर्यात गरेका कारण अहिले रोकिएको छ। मध्यपूर्वमा भने डिडिसीको प्रत्यक्ष संलग्नतामा निर्यात हुन लागेको हो। 'मध्यपूर्वको माग राम्रो भयो भने अन्यत्र पनि निर्यातका लागि पहल गर्छौं,' पाण्डेले भने।

बढ्दो बजार माग धान्नका लागि डिडिसीले काठमाडौंमा दसैँअघिसम्म ५० वटा बिक्री केन्द्र विस्तार गर्ने भएको छ। अहिल लैनचौर, खुमलटार र सिंहदरबारमा गरी तीनवटा मात्र बिक्री केन्द्र छन्। 'आफ्नै बिक्री केन्द्रमार्फत डिडिसीका उत्पादन बिक्री गरेर बजार बढाउन लागिएको बताए। 'दसैँसम्म काठमाडौं उपत्यकामा मात्र ५० वटा बिक्री केन्द्र खोल्दै छौं,' महाप्रबन्धक पाण्डले भने, 'साउनमा मात्र १० वटा बिक्री केन्द्र खोल्ने योजनाअनुसार ठाउँ छनोट भइसकेको छ। अब सटर भाडामा लिने काम टुंग्याउँछौं।'

डिडिसी पहिलोपटक अनलाइन व्यापारमा समेत प्रवेश गरेको छ। ललितपुरको एकान्तकुनामा अनलाइन व्यापारका लागि बिक्री केन्द्र सञ्चालनमा आइसकेको अर्थविज्ञ अधिकारीले बताए। 'सातदोबाटो, भैंसेपाटी, सानेपालगायतका उपभोक्तालाई लक्षित गरी एकान्तकुनामा पसल सञ्चालन भइसकेको छ,' उनले भने, 'अनलाइन अर्डरका लागि केही प्राविधिक पक्षहरू मिलाइरहेका छौं। चाँडै अनलाइन अर्डर लिएर 'होम डेलिभरी' सेवा सुरु गर्छौं। अनलाइन व्यापारका लागि थप बिक्री केन्द्र पनि खोल्छौं।' दुध ढुवानीका लागि ६५ र अन्य उत्पादन बिक्रीका लागि काठमाडौंमा अहिले चारवटा गाडी (डेलिभरी भ्यान) प्रयोगमा छन्। तर, बजार माग बढेकाले गाडीको संख्या थप्न लागिएको प्रशासन विभागका निमित्त प्रमुख सञ्जीव झाले बताए।

तीन हजार याक पालेर चिज उत्पादन, किसानलाई अग्रिम भुक्तानी

डिडिसीले हिमाली याकको दुधबाट उत्पादन हुने याक चिजको उत्पादन र बजारीकरण गर्दै आएको छ। रसुवा, दोलखा, रामेछाप र सोलुखुम्बुमा डिडिसीको प्रवर्द्धनमा करिब आठ सय याक गोठ सञ्चालनमा छन्। डिडिसीका प्रशासन विभागका निमित्त प्रमुख सञ्जीव झाले प्रत्येक गोठमा औसत चार-पाँचवटा याक पालिने गरेको बताए। 'यो हिसाबले कम्तीमा तीन हजार याक डिडिसीको कार्यक्रममार्फत हिमाली क्षेत्रमा पालिँदै आएका छन्,' उनले भने। उनका अनुसार एउटा याकले दैनिक करिब चार लिटर दुध दिन्छ।

याक पाल्ने किसानलाई प्रोत्साहन गर्न डिडिसीले दुध खरिद गर्दा ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्ने व्यवस्था गरेको छ। याक पालनको लागत र जोखिम अन्य पशुपालनभन्दा बढी हुने भएकाले किसानलाई सहज बनाउन यस्तो व्यवस्था गरिएको उनको भनाइ छ। 'वैशाखदेखि असोजसम्मको गर्मीयाममा मात्रै याकले दुध दिन्छ। यो समयमा याकहरू उच्च हिमाली क्षेत्रमा चरनका लागि जाने भएकाले गोठ पनि त्यहीं सञ्चालन गरिन्छ,' झाले भने। उनका अनुसार चिज उत्पादन गर्ने साना प्रशोधन केन्द्र पनि गोठकै आसपास रहने भएकाले दुध दुहुनासाथ चिज उत्पादन गरिन्छ। जाडो मौसममा भने याकबाट दुध उत्पादन नहुने उनले बताए।

हाल डिडिसीले गाई-भैंसीको दुधको प्रतिलिटर ६६ रुपैयाँका दरले खरिद गरिरहेको छ भने याकको दुधका लागि प्रतिलिटर सय रुपैयाँ भुक्तानी गर्दै आएको छ। 'याकको दुधमा ५-६ प्रतिशतसम्म चिल्लो पदार्थ हुन्छ, जुन अन्य पशुको दुधभन्दा धेरै हो। यसको शुद्धतामा पनि कुनै सम्झौता गरिएको हुँदैन,' झाले भने। उनका अनुसार डिडिसीले वार्षिक करिब ६० हजार किलो याक चिज उत्पादन गर्छ, तर यसको बजार अझै सीमित छ। 'याक चिज मुख्यतः विदेशी पर्यटकले बढी रुचाउँछन्। त्यसैले उत्पादनस्थलमै ३०-४० प्रतिशत चिज बिक्री हुन्छ,' उनले भने। रसुवा, दोलखा र सोलुखुम्बुजस्ता पर्यटकीय क्षेत्रमा पर्यटकको उच्च आवागमन भएकाले त्यहीं धेरै खपत हुने गरेको उनले बताए।

दैनिक ६५ हजार लिटर दुध संकलन, ८० हजार लिटर बिक्री

डिडिसीका अनुसार अहिले दैनिक ६५ हजार लिटर दुध संकलन भइरहेको छ। जबकि संस्थानको अर्थविज्ञ अञ्जन अधिकारीले अहिले दैनिक ८० हजार लिटर दुध बिक्री भइरहेको बताए। यसका लागि डिडिसीले पाउडर धोलेर दुध बजार पठाउने गरेको छ। 'जाडो मौसममा संकलन धेरै हुन्छ, त्यतिवेला बजार मागभन्दा बढी दुध संकलन गरेर पाउडर, बटरलगायत बनाएर राखिन्छ,' प्रशासन विभागका निमित्त प्रमुख सञ्जीव झाले भने, 'जाडो मौसममा संकलन गरेर राखेको दुधबाट बनेको पाउडर अहिले पानीमा घोलेर तरल दुध बनाई बिक्री गरेका छौं।' दुधपछि सबैभन्दा ठुलो हिस्सा दहीको छ। झाका अनुसार दैनिक सात हजार लिटर दही तथा घिउ हजार लिटर, चिज पाँच सय किलो, पनिर चार सय किलो र मिठाई चार-पाँच सय बट्टा बिक्री हुने गरेको छ। १० वर्षअघिसम्म बजारमा डिडिसीको हिस्सा ५० प्रतिशत थियो। अहिले घटेर २० प्रतिशतमा आएको छ। 'चालू आव ०८३/८४ देखि पुरानो साख फर्काउने योजनाका साथ आक्रामक बजार विस्तारमा लागेका छौं,' झाले भने।

सरकार र लघुवित्त...

पृष्ठ १ बाट क्रमशः

वित्तीय शोषणविरुद्ध संघर्ष समितिका तर्फबाट अध्यक्ष मणिराम ज्ञवालीको संयोजकत्वमा समिति थियो। दुवै पक्षबिच बिहीबार र शुक्रबारको चरणबद्ध छलफलपछि सहमति भएको हो। १५ दिनभित्र कार्यान्वयन योजना पेस गरिने, ऋणीको पुनरुत्थान, कालोसूची र धितो लिलाममा पुनर्विचार गर्ने, राष्ट्र बैंकको नियम कडाइका साथ लागू हुने, ऋण असुलीका नाममा दुःख दिनेलाई कारबाही गर्ने र आन्दोलनको सबै कार्यक्रम फिर्ता लिने सहमति भएको अर्थले जनाएको छ।

लघुवित्तपीडितले दुई वर्षअघि गठित सरकारी कार्यदलको प्रतिवेदन कार्यान्वयन हुनुपर्ने बिषयलाइ प्रमुखताका साथ उठाएको थियो। सो प्रतिवेदनले सरकार, नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था र स्वयं ऋणीका लागि छुट्टाछुट्टै जिम्मेवारी निर्धारण गरेको थियो। उक्त प्रतिवेदनमा सरकारलाई बचत तथा ऋण सहकारी र लघुवित्त संस्थाबाट ऋण लिएका नागरिकलाई परेको समस्या समाधान गर्न वित्तीय कारोबारलाई व्यवस्थित बनाउने कानुनी व्यवस्था गर्न सुझाव दिएको छ।

नेपाल राष्ट्र बैंकलाई समस्यामा परेका ऋणीको वास्तविक अवस्था पहिचान गर्न सबै लघुवित्त संस्थालाई निर्देशन दिने सुझाव प्रतिवेदनमा छ। कर्जा नियमित गर्न नसकेका र वास्तविक रूपमा समस्यामा परेका ऋणीको विवरण अधिकतम ६० दिनभित्र संकलन गरी राष्ट्र बैंकमा पेस गर्न भनिएको छ। त्यसैगरी, कर्जा असुलीका नाममा ऋणीको कार्यस्थल वा सामाजिक जीवन प्रभावित हुने गरी मानसिक दबाब, अपमान वा यातना दिने अभ्यास अन्त्य गर्नुपर्ने सुझाव पनि प्रतिवेदनले दिएको छ।

मत्थर बन्दै...

पृष्ठ १ बाट क्रमशः

राखेका छन्। यद्यपि, केही ठाउँमा प्रदर्शन भएका छन्।

सुनसरीको कप्तानगन्जमा गत आइतबार राति भएको झडपका क्रममा ज्यान गुमाएका २४ वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जयप्रकाश मेहताको शव आफन्तले बुझेर शुक्रबार दाहसंस्कार गरेका छन्। गृहमन्त्री सुधन गुरुङ आफैं देवानगन्ज पुगेर बिहीबार राति परिवारसँग सातबुँदे सम्झौता गरेपछि आफन्तले शव बुझेका थिए।

सिराहाको गोलबजारमा बिहीबार प्रहरीको गोलीबाट ज्यान गुमाएका औरही गाउँपालिका- २ तुलसीपुरका १७ वर्षीय गणेश यादवको शव भने धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा छ। गृहमन्त्री सुधन गुरुङ कप्तानगन्जभैं तुलसीपुर गएर पीडित परिवारसँग भेट्ने र सम्झौता गरी शव बुझाउने तयारी छ। उनी मध्यराति लहान पुगेका छन्।

सुनसरी २ का सांसद लालविक्रम थापाका अनुसार कप्तानगन्ज घटनामा ज्यान गुमाएका ओमप्रकाश र जयप्रकाश दाहसंस्कारमा ठुलो संख्यामा स्थानीय सहभागी थिए। त्यसअघि विराटनगरमा रहेको कोशी अस्पतालमा शवको पोस्टमार्टम गरेर शवयात्रा गर्दै कप्तानगन्ज पुऱ्याइएको थियो। ओमप्रकाशको गत आइतबार राति र जयप्रकाशको उपचारका क्रममा बिहीबार विराटनगरमा ज्यान गएको थियो। गृहमन्त्री गुरुङले बिहीबार राति विराटनगर पुगेर उपचारत घाइते र देवानगन्ज पुगेर घटनामा ज्यान गुमाएका र घाइतेका परिवारसँग छलफल गरेपछि सम्झौता गरेका थिए।

गृहमन्त्री गुरुङ र मृतकका आफन्तबिच भएको सम्झौताअनुसार ओमप्रकाश र जयप्रकाशलाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अगाडि बढाउने र परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने उल्लेख छ। त्यस्तै, घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्ने, मृतकका परिवारका एक सदस्यलाई रोजगारी दिने, स्थानीय सरकारसँगको समन्वयमा स्मृति पार्क बनाउनेलगायत उल्लेख छ। यसअघि देवानगन्ज गाउँपालिकाले पनि मृतकका परिवारलाई १० लाख र घाइतेलाई अवस्था हेरेर ५० हजारदेखि दुई लाखसम्म क्षतिपूर्ति दिने निर्णय गरेको थियो। कोशी प्रदेश सरकारले पनि मृतकका परिवारलाई दुई लाख र घाइते तथा प्रभावित परिवारलाई ५० हजार रुपैयाँ राहत दिने घोषणा गरिसकेको छ। कप्तानगन्जमा गत आइतबार राति डिजेबाजाका विषयमा युवाहरूबिच विवाद हुँदा झडप भएको थियो। तनावलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको थियो। घटनामा गोली लागेर घाइते भएका सातजनामध्ये एकजनाको अवस्था गम्भीर छ। घाइतेहरूको विराटनगरको न्युरो, विराट नर्सिङ र नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ।

सामाजिक सद्भावका लागि विराटनगर, सिराहा र सप्तरीमा ज्याली

सामाजिक सद्भावका लागि देशका विभिन्न क्षेत्रमा सद्भाव ज्याली निकालिएको छ। बिहीबार एक युवकको ज्यान जाने गरी भएको घटनापछि तनावग्रस्त बनेको सिराहा तथा छिमेकी जिल्ला सप्तरीमा शुक्रबार सद्भाव ज्याली निकालिएको छ। राजनीतिक दलसँगै उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधिले शुक्रबार मिर्चैयाको कटारी चोकमा ज्याली निकालिएका थिए। वक्ताहरूले सदियौंदेखि सामाजिक सद्भावसहित मिलेर बस्दै आएका बहुभाषिक, बहुधार्मिक समुदायमाथि खेल्नेहरूविरुद्ध सजग हुनुपर्ने बताए। सप्तरीको खडक नगरपालिका- ७, कल्याणपुर बजारमा पनि सर्वपक्षीय सद्भाव ज्याली निकालिएको छ। नेपाल बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक मुलुक भएकाले सामाजिक एकता नै देशको बल भएको सहभागीहरूको भनाइ थियो। लहानमा बजारमा भने शनिबार दिउँसो सद्भाव ज्याली निकालिने भएको छ। त्यस्तै, सुनसरीको छिमेकी सहर विराटनगरमा पनि बृहत् ज्याली निकालिएको छ। विराटनगरको महेन्द्र चोकबाट निस्किएको ज्याली ट्राफिक चोक, बुधहाट चोक, जलजला मोड, गोल्छा मोड हुँदै डाँफे चोकसम्म परिक्रमा गरेको थियो। सद्भाव ज्यालीले सबै धर्म-समुदायका मानेर एकतामा प्रतिबद्ध रहेको सन्देश दिएको नेकपाका केन्द्रीय सदस्य वसिम आलमले बताए। ज्यालीमा सहभागी मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले मोरङमा सामाजिक एकता कायम रहेको भनेर सद्भाव ज्यालीले सन्देश दिएको बताए।

गोलबजार घटनाको छानबिन गर्न समिति

गोलबजार घटनाको छानबिनका लागि मधेश प्रहरी कार्यालयले तीन सदस्यीय छानबिन समिति गठन गरिसकेको छ। मधेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भेषराज रिजालको संयोजकत्वमा प्रहरी निरीक्षक यज्ञराज भट्ट र प्रहरी सहायक निरीक्षक गोविन्द झा रहेको छानबिन समिति गठन गरिएको हो। छानबिन समितिले शुक्रबारदेखि नै घटनास्थल पुगेर छानबिन थालेको उनले बताए।

मधेशबाट ३८ जना पक्राउ

सामाजिक सद्भावमा खलल पुऱ्याएको आरोपमा प्रहरीले मधेशबाट ३८ जना पक्राउ गरेको छ। मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार सिराहा, धनुषा, सर्लाही, महोत्तरी र पर्सामा ३८ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सबैभन्दा बढी धनुषामा २१ जना रहेको मधेश प्रहरी प्रवक्ता प्रभुप्रसाद ढकालले बताए। सर्लाहीमा नौ, सिराहामा पाँच, महोत्तरीमा दुई र पर्सामा एकजना पक्राउ परेको उनले बताए।

सामाजिक सद्भाव र सुरक्षा व्यवस्था सुदृढ बनाउन मधेश सरकारको सातबुँदे निर्देशन

मधेश प्रदेश सरकारले शान्ति, सामाजिक सद्भाव र सुरक्षा व्यवस्था सुदृढ बनाउन पालिकाहरूलाई सातबुँदे निर्देशन जारी गरेको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयले शुक्रबार प्रदेशका सबै स्थानीय तहलाई पत्राचार गर्दै प्रदेश सुरक्षा समन्वय समितिको बिहीबारको बैठकका निर्णय तत्काल प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो। निर्णयअनुसार प्रदेशदेखि वडा तहसम्म राजनीतिक दललाई सक्रिय संवाद र समन्वयमा परिचालन गरिनेछ। साम्प्रदायिक रूपमा संवेदनशील विषयलाई संवादमार्फत समाधान गर्न जिल्ला प्रशासन कार्यालयले आवश्यक सहजीकरण गर्ने व्यवस्था गरिएको छ।

यस्ता घटना नदोहोरिने गरी कदम चाल्न प्रधानमन्त्रीलाई मधेशी दलहरूको आग्रह

काठमाडौं/तराई-मधेशमा देखिएको साम्प्रदायिक तनाव काम गर्ने प्रयासस्वरूप मधेशकेन्द्रित दलहरूले प्रधानमन्त्री बालेन्द्र शाहसँग छलफल गरेका छन्। बिहीबार सत्तापक्षका सभापति रवि लामिछानेलाई भेटेर साम्प्रदायिक सद्भाव कायम गर्न आठबुँदे संयुक्त ध्यानाकर्षणपत्र बुझाएका उनीहरूले शुक्रबार प्रधानमन्त्री शाहसँग भेट गरी सोही ध्यानाकर्षणपत्र हस्तान्तरण गर्दै आफ्ना सुझाव र माग प्रस्तुत गरेका हुन्। प्रधानमन्त्रीलाई भेट्न पुगेका मधेशकेन्द्रित दलका नेताहरूले साम्प्रदायिक तनाव नियन्त्रण, पीडितलाई न्याय, दोषीमाथि निष्पक्ष छानबिन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन सरकारलाई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका छन्। उनीहरूले सरकारलाई आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। यस्तै, उनीहरूले सबै नागरिकलाई संयम, धैर्य र सामाजिक एकता कायम राख्न अपिल गरेका छन्।

छलफलमा प्रधानमन्त्री शाहले घटनाको निष्पक्ष छानबिन, पीडितलाई राहत तथा क्षतिपूर्ति, दोषीलाई कानुनी दायरामा ल्याउने र शान्ति-सुरक्षा कायम गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन्। प्रधानमन्त्रीको सचिवालयका अनुसार छलफलमा मधेशमा शान्ति-सुरक्षा कायम राख्ने, साम्प्रदायिक सद्भाव सुदृढ गर्ने तथा भविष्यमा यस्ता गतिविधि दोहोरिन नदिन अपनाउनुपर्ने उपायबारे विमर्श भएको थियो। भेटमा जसपा नेपालका महन्थ ठाकुर, राष्ट्रिय जनमुक्ति पार्टीका राजेन्द्र महतो, राष्ट्रिय निर्माण दलका सभिम अन्सारी, संविधानसभा सदस्य राम के शर्मा, आम जनता पार्टीका अध्यक्ष प्रभु शाह, रास्वपाका सांसद अमरेशकुमार सिंह, जसपाका नेता शरत्सिंह भण्डारी र जनमत पार्टीका अध्यक्ष जयकान्त राउतलगायत नेता सहभागी थिए।

त्यस्तै, भेटमा नेताहरूले रास्वपाको चितवन महाधिवेशनमा संघीयता खारेज गर्ने विषय प्रस्तुत भएकाले त्यस सन्दर्भमा रास्वपा र प्रधानमन्त्रीको दृष्टिकोण प्रस्ट हुनुपर्ने भन्दै ध्यानाकर्षण गराएका थिए। त्यसपछि प्रधानमन्त्रीले आफू कहिल्यै संघीयताविरोध नरहेको प्रस्ट्याएको राष्ट्रिय जनमुक्ति पार्टीका अध्यक्ष महतोले बताए। 'कतिपयले स्वार्थसिद्धिका लागि हिन्दु राज्य र राजसंस्थाको चर्चा ल्याएको हुन सक्छ, हिन्दु धर्म जोडिएपछि राजसंस्था जोडिएर आउन पनि सक्ला, तर देशका लागि त्यो बाटो ठिक छैन, ठिक हुँदैन,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै एक नेताले भने, 'सरकार अहिलेकै बाटोबाट अगाडि बढ्छ।'

चितवन महाधिवेशनको दस्ताबेजमा संघीयता खारेज गर्ने भनेर राखिएको प्रस्तावबारे आफूहरूले प्रधानमन्त्रीसँग जिज्ञासा राखेको नेता महतोले बताए। 'तर, प्रधानमन्त्रीले प्रस्टसँग म संघीयताविरोधी छु भन्ने कुरा सपनामा पनि नसोच्नुहोला। बाहिर जे आइरहेको छ, त्यो गलत कुरा हो भनेर राम्रोसँग प्रस्ट्याउने काम गर्नुभो,' महतोले भने। भेटमा प्रदेशहरूले सबै अधिकार प्रयोग गर्न पाउनुपर्ने विषय पनि उठान गरिएको उनले जानकारी दिए। यस्तै, उनले विगतका सरकारले मधेशसँग गरेका सम्झौता कार्यान्वयन गर्न पनि सुझाव दिइएको जानकारी दिए।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले अवकाशप्राप्त सर्वोच्च अदालतका न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति गठन गरी घटनाको निष्पक्ष अनुसन्धान गर्न तथा दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गरेको बताए। बल प्रयोग मात्र दीर्घकालीन समाधान नभएको उल्लेख गर्दै उनले नेपाली सेना र नेपाल प्रहरीले पनि त्यसलाई आत्मसात् गर्नुपर्ने धारणा राखे। साथै, प्रत्येक जिल्लामा अन्तर्धार्मिक सद्भाव तथा संवाद संयन्त्र गठन गरी सम्भावित तनावलाई समयमै व्यवस्थापन गर्ने संयन्त्र विकास गर्नुपर्ने सुझाव दिएको सुनाए।

आम जनता पार्टीका अध्यक्ष साहले मधेशमा शान्ति सुरक्षाको अवस्था बलियो बनाउन, साम्प्रदायिक दंगा रोक्न ध्यानाकर्षण गराए। 'सुनसरी घटनामा सम्झौता भए पनि दंगा रोकिएन, त्यसमा रणनीतिक ढंगले सरकारले काम गरोस्, हामी पनि सहयोग गर्न तयार छौं,' छलफलमा साहको भनाइ थियो।

नेताहरूले सद्भाव भड्काउन खेल्ने तत्त्वहरू पनि सक्रिय भएको हुन सक्ने र कतै न कतै राज्यका संयन्त्रहरूको संलग्नतामाथि पनि आशंका गरेका थिए। बैठकमा प्रधानमन्त्रीले समयमै राष्ट्रका नाममा अपिल गर्दै गृह प्रशासनलाई सक्रिय बनाएर सम्झौता गरेको भए अहिलेको अवस्था पनि नआउने विषयतर्फ पनि मधेशकेन्द्रित दलका नेताहरूले कुरा उठाएका थिए।

तराईका जिल्लामा चार एआइजीसहित १५ उच्च प्रहरी अधिकारी परिचालन

काठमाडौं/ नेपाल प्रहरीले सुनसरी घटनापछि तराई-मधेशमा विकसित सुरक्षा अवस्थालाई मध्यनजर गर्दै चार अतिरिक्त महानिरीक्षक (एआइजी) सहित १५ जना उच्च प्रहरी अधिकारीलाई तराईका विभिन्न जिल्लामा विशेष जिम्मेवारीसहित परिचालन गरेको छ। सुनसरीमा दुई समुदायबिच भएको हिंसात्मक घटनापछि तराईका विभिन्न जिल्लामा साम्प्रदायिक तनाव फैलिन थालेपछि प्रहरीले उच्च प्रहरी अधिकारीलाई फिल्डमा खटाएको हो।

प्रहरीले सुरक्षा सतर्कता बढाउँदै सम्भावित जोखिम नियन्त्रण, शान्ति-सुरक्षा कायम राख्ने तथा स्थानीय प्रशासनसँगको समन्वयलाई थप प्रभावकारी बनाउने उद्देश्यले यो कदम चालेको जनाएको छ। सुनसरी घटनापछि विकसित सुरक्षा परिस्थिति मध्यनजर गर्दै शान्ति-सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउन प्रदेश तथा जिल्लामा विशेष जिम्मेवारीसहित उनीहरूलाई खटाइएको हो।

प्रहरी मुख्यालयका अनुसार खटाइएका अधिकृतहरूले प्रहरी जनशक्ति तथा स्रोत-साधन परिचालनको प्रभावकारिता मूल्यांकन गर्ने, आवश्यक नीति निर्देशन दिने, सुरक्षा योजनाको कार्यान्वयनको अनुगमन गर्ने, सूचना संकलन तथा विश्लेषण गर्ने तथा आवश्यकताअनुसार फिल्डमा समेत परिचालित हुने जिम्मेवारी दिइएको प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए। उनीहरूले सम्बन्धित प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग समन्वय तथा सहजीकरण पनि गर्नेछन्।

यसका साथै स्थानीय तहमा देखिएका सुरक्षासम्बन्धी समस्या तथा गुनासो सुन्ने, विकसित परिस्थितिलाई नियन्त्रणबाहिर जान नदिई समयमै सामान्यीकरणका लागि आवश्यक समन्वय गर्ने र आवश्यकताअनुसार प्रहरी महानिरीक्षकसमक्ष प्रतिवेदन पेस गर्ने दायित्व पनि उनीहरूलाई दिइएको छ।

प्रहरीले जिम्मेवारी तोकेका अधिकृतहरूमा प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाहलाई बाँके, हिमालयकुमार श्रेष्ठलाई मधेश प्रदेश, उमाप्रसाद चतुर्वेदीलाई कपिलवस्तु र ईश्वर कार्कीलाई कोशी प्रदेशमा खटाइएको छ। यस्तै, प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यलाई सिराहा र अविनारायण काफ्लेलाई सप्तरीमा पनि जिम्मेवारी दिइएको छ। प्रहरी वरिष्ठ उपरीक्षक गोपालचन्द्र भट्टराई सर्लाही, सोमेन्द्रसिंह राठौर पर्सा, दीपशमशेर जबरा रौतहट, नवराज अधिकारी चितवन, कृष्णप्रसाद पंगेनी महोत्तरी, होविन्द्र बोगटी बारा, ज्ञानेन्द्रप्रसाद फुयाँल मोरङ, भुवनेश्वर तिवारी धनुषा तथा अमरेन्द्रबहादुर सिंहलाई मधेश प्रदेशमा खटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

साम्प्रदायिक घटना बढ्न थालेपछि उच्च अधिकारी फिल्डमा खटिएका हुन्। आइतबार राति सुनसरीमा दुई समुदायबिच भएको झडपपछि अन्य जिल्लामा पनि फैलँदै गएपछि शान्ति-सुरक्षामा समस्या भएको हो।

विश्वकीर्तिमानी...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रमा हिमपहिरो गएको थियो। शुक्रबार पाकिस्तानी सेनाको हेलिकोप्टर तथा चर्चित आरोही सिरबाज खान र सेरजाद करिमसहितको उद्धार टोली हिमपहिरो प्रभावित क्षेत्रमा परिचालित भएको थियो। ड्रोनमार्फत चार शव फेला परे प

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १६ साउन ०८३
nayapatrikaofficial @naya_patrika

मौलिकता गुमाउँदै नेपाली लोकगीत

वनपाखा, मेलापात, चौतारी, देउरालीमा गुन्जिने नेपाली मौलिक भाका यतिवेला अस्तित्व बचाउन एआईसँग संघर्ष गरिरहेको छ

संगीत



● पवन बराइली



अहिलेको डिजिटल र कृत्रिम बुद्धिमत्ता (एआई) को युगमा आइपुग्दा नेपाली लोकगीतको मर्म तीव्र रूपमा फेरिएको छ। गीत उत्पादनको गति बढेको छ, दृश्य आकर्षक बनेका छन्, प्रविधिले सिर्जनालाई सहज बनाएको छ। तर, यही सहजताँसँगै एउटा गम्भीर प्रश्न पनि उठेको छ- के हामीले लोकगीतको आत्मा गुमाउँदै त छैनौं ?

युट्युब, टिकटक र इन्स्टाग्रामका रिल्स स्क्रोल गर्दा आजभोलि 'रेशम फिरिरी', 'झम्के गुलेली', 'माथिमाथि त्यो काली लेक', 'बाल जोबन', 'वारि जमुना पारि जमुना', 'आमा रुँदै गाउँबेसी मेलैमा', 'आमाले सोध्लिन नि', 'पानको पात' 'डुङ्गे धारामा', जस्ता नेपाली लोकगीत अनगिन्ती नयाँ स्वरमा सुनिन्छन्। अधिकांश एआई (कृत्रिम बुद्धिमत्ता)ले ताल, लय र शब्द भताभुंग पारेर गाएका गीत हुन्छन्। ती गीत अचेल अनौठो भंगीमा धेरै मानिसमाझ पुगिरहेका छन्। प्रविधिले लोकगीतलाई नयाँ स्वरूपमा ढालेर विश्वभर पुऱ्याइरहेको छ भन्ने तर्क गर्ने पनि छन्। वनपाखा, मेलापात, चौतारी देउरालीमा गुन्जिने नेपाली मौलिक भाका यतिवेला एआईसँग अस्तित्व बचाउन संघर्ष गरिरहेको छ।

ती लोकगीत केवल मनोरञ्जनका माध्यम थिएनन्, नेपाली समाजको स्मृति, भूगोल, भाषा, संस्कृति र सामूहिक जीवनका अभिलेख थिए। पूर्वको पालाम, हाक्पारेदेखि मध्यको सेलो, पश्चिमको डेउडा, सालैजोदेखि पहाडको ख्याली, तराईको मैथली, भोजपुरी गीत सांस्कृतिक सम्पदा हुन्। यस्तो लाग्छ, एआईले यतिवेला नेपाली सांस्कृतिक सम्पदालाई इन्टरनेटको दुनियाँमा नाङ्गेझार पारेर घिसारिरहेको छ।

लोकगीतको जग

नेपाली लोकगीत कुनै एक दिनमा बनेको सांगीतिक विधा होइन। यो गाउँघरको जीवन, श्रम, संस्कार, पर्व, प्रेम र पीडासँगै पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदा हो। यो सम्पदा निर्माण गर्न कैयन् स्रष्टाले जीवन सुम्पिएका छन्। झ्लकमान गन्धर्व, धर्मराज थापा, एलपी जोशी, कुमार बस्नेत, हिरण्य भोजपुरे, हरिदेवी कोइराला, कल्याण शेरचन, पाण्डव सुनुवार, पूर्ण नेपाली, लोकबहादुर क्षेत्री, प्रेमराजा महत, चन्द्रकला शाह, राम थापा, बमबहादुर कार्की, जयनन्द लामा, नारायण रायमाझी, वासुदेव मुनाल, बुद्धिकृष्ण लामिछाने, सावित्री शाहलगायतका अग्रजले लोकगीतको बलियो जग निर्माण गरे। रेडियो नेपालमा नसुनिएका गाउँका स्रष्टा झन् कति थिए कति। त्यसपछि पुरुषोत्तम न्यौपाने, बिमाकुमारी दुरा, कोमल वली, रेखा शाह, विष्णु माझी, तुलसी पराजुली, नवीन खड्का, भगवान भण्डारी, बद्री पंगेनी, राजु परियार, शर्मिला गुरुङ, पुरुषोत्तम न्यौपाने, कलकान्ती भेटवाल, खड्ग गर्बुजालगायतको योगदान स्मरणीय छ।

लोकगायक पुरुषोत्तम न्यौपानेका अनुसार नेपाली लोकसंगीतलाई व्यवस्थित रूपमा संरक्षण, अभिलेखीकरण र पुस्तान्तरण गर्ने कामको आधारशिला रेडियो नेपालले तयार गरेको हो। रेडियो नेपालमा लोकगीत रेकर्ड हुन थालेपछि अग्रज कलाकारले गाउँ-गाउँ पुगेर स्थानीय भाका, भाषा, संस्कृति र जीवनशैली झल्किने गीत संकलन गरे, जसले नेपाली लोकसंगीतलाई राष्ट्रिय पहिचान दिलायो।

स्रष्टाहरूले विभिन्न भूगोलका मौलिक गीत खोज्दै गाउँ-बस्ती डुले। उनीहरूले सारंगीमा गाइने कर्खादेखि लाहुरेका पीडा, खेतीपाती, पर्व-उत्सव र जनजीवनका कथा लोकगीतमार्फत अभिलेख गरे। त्यही परम्परालाई पछिल्ला पुस्ताले निरन्तरता दिँदै आएको न्यौपाने बताउँछन्।

रेडियो नेपालले दसैं-तिहारका देउसी-भैलो, सोरठी, मारुनी, तिज, असारे तथा अन्य सांस्कृतिक गीतको संरक्षणमा ऐतिहासिक योगदान पुऱ्याएको छ। पछि निजी क्षेत्रको प्रवेशसँगै क्यासेट, सिडी र डिजिटल माध्यमबाट लोकगीतको विस्तार भयो।

संकटमा लोकगीतको आत्मा !

नेपाली लोकगीतको सबैभन्दा ठुलो विशेषता केवल यसको भाका वा शब्दमा थिएन, त्यसलाई जीवन्त बनाउने गायक-गायिकाको मौलिक गायिकीमा पनि थियो। संगीत अन्वेषक बुलु मुकारुङका अनुसार यी कलाकारको गायिकीमा केवल स्वरको भिन्नता मात्र थिएन, उनीहरूको शब्द उच्चारण गर्ने शैली, लय समाल्ने तरिका, भाव सम्प्रेषण र लोकभाकाको प्रस्तुति पनि एक-अर्काभन्दा फरक थियो। कुनै कलाकारले पूर्वी पहाडको भाका बोकेका थिए भने कसैले गण्डकी वा पश्चिम नेपालको लोकलयलाई आफ्नो स्वरमार्फत जीवन्त बनाएका थिए। त्यसैले, रेडियोमा गीत बज्नासाथ श्रोताले गायकको नाम नहेरी स्वरबाटै कलाकार चिन्थे। यही मौलिक पहिचान नेपाली लोकसंगीतको सबैभन्दा ठुलो सम्पत्ति थियो।

> शिक्षा प्रणालीदेखि सञ्चारमाध्यमसम्मले नेपाली भाषा, लोकसंस्कृति र मौलिक भाकालाई महत्त्व दिनुपर्छ। कलाकारले मात्रै होइन, राज्य र आमनागरिकले लोकपरम्परा जोगाउने साझा जिम्मेवारी लिनुपर्छ। धर्म, भाषा, संस्कृति र लोकपरम्परा नै नेपालीको जीवनरेखा हो। यी हराए भने नेपाली हुनुको अर्थ नै कमजोर हुँदै जान्छ।

अहिलेको डिजिटल र कृत्रिम बुद्धिमत्ता (एआई) को युगमा आइपुग्दा नेपाली लोकगीतको मर्म तीव्र रूपमा फेरिएको छ। गीत उत्पादनको गति बढेको छ, दृश्य आकर्षक बनेका छन्, प्रविधिले सिर्जनालाई सहज बनाएको छ। तर, यही सहजताँसँगै एउटा गम्भीर प्रश्न पनि उठेको छ- के हामीले लोकगीतको आत्मै गुमाउँदै त छैनौं ?

वरिष्ठ लोकगायक कुमार बस्नेत अहिलेका धेरैजसो लोकगीत सुन्दा छक्क पर्छन्। उनको चिन्ता गीतको लोकप्रियताभन्दा यसको मौलिकताप्रति छ। बस्नेत भन्छन्, 'मौलिक भाका, ठेट शब्द र स्थानीयताको सुगन्ध नै नेपाली लोकगीतको पहिचान हो। अहिले लोकगीतको नाममा जे उत्पादन भइरहेको छ, त्यसमा त्यो गन्ध हराउँदै गएको छ। व्यवसायीकरणको हावाले लोकगीतको मौलिकता उडाइदिएको छ।'

बस्नेतको बुझाइमा अहिले लोकगीतको नाममा आएका धेरै सिर्जनामा न क्षेत्रीय भाका चिनिन्छ, न स्थानीय बोली, न त लोकजीवनको अनुभूति। लोकगायक खड्ग गर्बुजाका अनुसार सालैजो भाका मगर समुदायबाट विकसित भएको मौलिक सांस्कृतिक सम्पदा हो। इतिहासकार र अग्रज कलाकारले पनि यही मान्यता स्थापित गरेका छन्। उनले आफूले गाउँका अग्रजबाट सालैजो सिकेको स्मरण गरे। आफ्नो चर्चित गीत 'पानी खायो बाजाले' सार्वजनिक भएपछि सालैजोले राष्ट्रियस्तरमा व्यापक लोकप्रियता पाएको उनको भनाइ छ। तर, पछिल्लो समय सालैजोको नाम मात्र प्रयोग गरेर त्यसको लय, संरचना र सांस्कृतिक मर्मसँग असम्बन्धित गीत सिर्जना गर्ने प्रवृत्ति बढेको भन्दै उनले चिन्ता व्यक्त गरे। 'केही गीतमा सालैजो शब्द राखिएको हुन्छ, तर त्यसको बनोट र आत्मा भने सालैजोको हुँदैन। चर्चा कमाउने उद्देश्यले मौलिक भाकाको स्वरूप परिवर्तन गर्नु गलत हो,' उनले भने। लोकभाकालाई आधुनिक बनाउने नाममा त्यसको मौलिक स्वरूप नै परिवर्तन गर्न नहुने उनको भनाइ छ।

एआईले यही मौलिक पहिचानलाई चुनौती दिएको बुलु मुकारुङको भनाइ छ। उनका अनुसार धर्मराज थापाको गीत होस् वा कुमार बस्नेत, राम थापा, पाण्डव सुनुवार वा बुद्धि परियारको, एआईले गाएको संस्करणमा सबैजसो गीत एउटै प्रकारको स्वर, उस्तै लय र समान प्रस्तुति शैलीमा सुनिन्छन्। कलाकारको आफ्नै स्वरको बनोट, भाव, आरोह-अवरोह र गायकीको विशिष्टता हराउँदै गएको उनको गुनासो छ।

मुकारुङका अनुसार लोकगीतको संरक्षण भनेको गीतका शब्द वा धुन मात्र जोगाउनु होइन, त्यसलाई जीवन दिने कलाकारको मौलिक गायिकी, उच्चारण, क्षेत्रीय लवज र सांस्कृतिक पहिचानलाई पनि जोगाउनु हो। यी विशेषता हराउँदै गए भने लोकगीत सुन्न त पाइएला, तर त्यसले बोकेको सांस्कृतिक आत्मा भने बिस्तारै हराउँदै जानेछ।

संगीतविद् रामशरण दर्नाललेे नेपाली लोकसंगीतको यही मौलिक विशेषतालाई 'संगीत परिक्रमा' पुस्तकमा स्पष्ट रूपमा व्याख्या गरेका छन्। उनका अनुसार नेपालको भौगोलिक बनोट र जनजीवन नै लोकसंगीतको सबैभन्दा ठुलो स्रोत हो। उनी लेख्छन्, 'मेचीदेखि महाकालीसम्मको नेपालका अधिकांश भूभाग पहाडैपहाडले घेरिएका छन्। यसैले पहाडी भेग नेपाली लोकसंगीतमा अत्यन्त समृद्धशाली छ। यहाँ मान्छे बोल्दा संगीत बोल्छ। हिँड्दा नाचको पदचालन भाव प्रकट हुन्छ। जीवनका यावत् कर्ममा यहाँ संगीतले महत्त्वपूर्ण ठाउँ ओगटेको छ। यहाँ अनेकौं परम्परागत गीत, संस्कारगीत, धार्मिक गीत, मेलापातका गीत, जात्रा-मात्राका गीत, खुसीयालीमा उफ्रने गीतदेखि शोकमा डुबेर व्यथा व्यक्त गर्ने गीत जनजन गलामा भरिएर रहेका छन्।'

दर्नालको यो विश्लेषणले लोकगीत कुनै मनोरञ्जनको विधा मात्र नभई नेपाली समाजको जीवनचक्रसँग गाँसिएको सांस्कृतिक सम्पदा भएको पुष्टि गर्छ।

पहिले भाका गाउँबाट, अहिले स्टुडियोबाट

लोकगीत कुनै संगीतकारको कोठामा बसेर बनाइएको सिर्जना थिएन। ती गाउँका खेतबारी, गोठ, मेलापात, जन्ती, रोपाइँ, पर्व, प्रेम, पीडा र श्रमसँगै जन्मिएका थिए। कलाकार गाउँगाउँ पुगेर ती गीत संकलन गर्थे। त्यसपछि मात्रै रेडियो नेपालसम्म पुग्थे। तर, अहिले समय बदलिएको छ। अधिकांश गीत काठमाडौंका स्टुडियोमा तयार हुन्छन्। युट्युबको ट्रेन्ड हेरेर धुन बनाइन्छ।

कुमार बस्नेतका अनुसार नेपाली लोकगीत आज प्रविधिको विकाससँगै सहज रूपमा उत्पादन हुन थाले पनि त्यसको मौलिकतामा भने गम्भीर ह्रास आएको छ। उनको अनुभवमा पहिले लोकगीत स्टुडियोमा होइन, गाउँबस्ती, खेतबारी र जनजीवनबाट जन्मिन्थे। एउटा मौलिक भाका खोज्न कलाकार महिनौंसम्म गाउँगाउँ डुल्थे, भोकै बस्थे र स्थानीय जनजीवनसँग घुलमिल हुन्थे। अहिले भने सामाजिक सञ्जाल र स्टुडियोमै गीत तयार हुने प्रवृत्तिले लोकगीतको आत्मा हराउँदै गएको उनको निष्कर्ष छ।

उनका अनुसार पहिले एउटा गीत सार्वजनिक हुँदा नेपालभर त्यसको चर्चा हुन्थ्यो, कलाकारलाई सम्मान मिल्थ्यो र त्यस्तो गीत पछिसम्म गाइन्थ्यो। अहिले गीत एक महिना 'भाइरल' हुन्छ, अर्को महिना बिलाउँछ। त्यसको कारण उनी मौलिकता, लोकभाका र सामाजिक आधार हराउँदै जानुलाई मान्छन्। बस्नेत भन्छन्, 'नयाँ पुस्ताले लोकगीत र लोकसंस्कृतिको मर्म बुझ्यो भने हराएका भाका फर्किन सक्छन्, नत्र यत्तिकै हराउँदै जान्छन्।' उनका अनुसार लोकगीतको सबैभन्दा ठुलो संकट प्रविधि होइन, लोकसंस्कृतिप्रतिको बेवास्ता हो।

भूगोलले जन्माएका भाका

नेपाली लोकसंगीतको सबैभन्दा ठुलो विशेषता यसको क्षेत्रीय विविधता हो। नेपालको हरेक भेगले आफ्नै भाका, आफ्नै लय, आफ्नै भाषा र आफ्नै गायनशैली जन्माएको छ। त्यसैले, नेपाली लोकगीतलाई एउटै ढाँचामा बुझ्न सकिँदैन। बुलु मुकारुङका अनुसार एउटै जिल्लाभित्र पनि पहाड र तराईको भाका उस्तै हुँदैन। भूगोल फेरिएसँगै भाषा फेरिन्छ, भाषा फेरिएसँगै शब्द फेरिन्छन्, शब्दसँगै गायिकी र संगीतको बनोट पनि बदलिन्छ। ताप्लेजुङ, भोजपुर वा धनकुटाको लोकभाका सुनिँदा त्यहाँको पहाडी जीवन झल्किन्छ भने मोरङ, सुनसरी वा सप्तरी पुग्दा त्यही लोकगीतमा मधेशको लवज, शब्द र लय मिसिएको पाइन्छ। यही क्षेत्रीय विशेषताले नेपाली लोकसंगीतलाई बहुरंगी बनाएको मुकारुङको भनाइ छ। उनी भन्छन्, 'लोकगीत केवल कलाकारको स्वर होइन, एउटा भूगोलको सामूहिक संस्कृति र जीवनपद्धतिको अभिव्यक्ति पनि हो।'

हरिदेवी कोइरालाको 'पाइन खबर'ले नेपालको लोकभाकालाई राष्ट्रियस्तरमा चिनायो। त्यस्तै, बमबहादुर कार्कीका 'खोली पारि निरमाया' र 'हावा सरर' जस्ता गीतले ग्रामीण जीवनको सरलता र मौलिकतालाई जीवन्त बनाए। राम थापाका लोकगीत, कृष्णबहादुर थापाको 'सिन्धुलीगढी घुमेर हेर्दा', 'भटमास फुल्यो' र 'चौतारी छाया' जस्ता गीतले भूगोललाई मात्र होइन, इतिहास, यात्रा संस्कृति र गाउँघरको सामूहिक जीवनलाई पनि संगीतमा सुरक्षित गरे। तीर्थकुमारी थापाका 'म त खाँदिनँ कुवाको पानी' र 'दाइ काँको' जस्ता गीतले नेपाली महिलाको अनुभूति, सम्बन्ध र सामाजिक परिवेशलाई लोकभाकामा अभिव्यक्त गरे।

५० को दशकपछि खेम गुरुङको लोकगीत 'वारि जमुना पारि जमुना' ले नयाँ उचाइ लियो। त्यसपछि 'काफलगेडी कुटुक्कै, 'कान्छीको छाता ढल्काइदेऊ यता, 'सरर पानी घट्टमा', 'डाँफे नाचेर' जस्ता गीतले नेपाली लोकसंगीतलाई व्यावसायिक रूपमा पनि बलियो बनाए।

०५८ देखि ०६४ सम्मको समय नेपाली लोकगीतको स्वर्णिम काल मानिन्छ। त्यसवेला लोकगीत गाउने कलाकारको लोकप्रियता पप स्टारको भन्दा कम थिएन। तर, यही सफलताँसँगै प्रतिस्पर्धा बढ्यो। बजार विस्तार भयो। दर्शक बढे। बिस्तारै मौलिकताको ठाउँ बजारले लिन थाल्यो।

७० को दशकपछि लोकगीतमा विचलन

बुलु मुकारुङका अनुसार नेपाली लोकगीतको मौलिक स्वरूपमा आएको परिवर्तन कुनै एकाएक भएको होइन। सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको विस्तारसँगै लोकगीतको प्रस्तुति शैली बदलिन थाल्यो। मुकारुङका अनुसार २०७० सालपछि विशेषगरी लोकगीतको मौलिक भाका, स्वर र गायिकीमा क्रमशः विचलन देखिन थाल्यो। एआई सुरु भएपछि लोकगीतको मौलिक संरचना नै पूरै भत्किन थालेको उनको भनाइ छ। '०७० सालपछि सामाजिक सञ्जाल, युट्युब र डिजिटल प्लेटफर्मको तीव्र विस्तारसँगै लोकगीतले आफ्नो परम्परागत स्वरूप बिस्तारै गुमाउन थाल्यो। एआईले त झन् भताभुंगै पार्न थाल्यो,' उनी भन्छन्।

अहिले धेरै गीत लोकप्रिय हुने उद्देश्यले छिटो उत्पादन गरिन्छ। पुराना लोकभाकालाई नयाँ ताल, नयाँ संगीत र कृत्रिम स्वरमा पुनः प्रस्तुत गर्ने क्रम बढेको छ। एआईबाट तयार गरिएका स्वर, जथाभावी कभर संस्करण र सामाजिक सञ्जालका छोटा भिडियोका लागि बनाइएका प्रस्तुतिले मौलिक गायिकीलाई ओझेलमा पारेको छ। एआईले धर्मराज थापा, झलकमान गन्धर्व, बुद्धि परियारका गीतलाई एउटै ढाँचाको आवाजमा प्रस्तुत गर्न थालेपछि कलाकारको आफ्नै स्वर, लय, भाव र गायकीको पहिचानै मेटिँदै गएको छ। उनका अनुसार प्रविधिले गीतलाई अवसर दिएको छ, तर त्यसको प्रयोग मौलिकता जोगाउनेभन्दा भत्काउने दिशामा भयो भने नेपाली लोकसंगीतको पहिचान नै संकटमा पर्न सक्छ। त्यसैले प्रविधिसँगै लोकगीतको मौलिक भाका, क्षेत्रीय विशेषता, भाषिक शुद्धता र सांस्कृतिक सन्दर्भ जोगाउने प्रयास पनि उत्तिकै आवश्यक रहेको उनको बुझाइ छ।

भाका होइन, भाइरल प्राथमिकता

युट्युब, टिकटक र फेसबुकबाट आम्दानी हुने व्यवस्था आएपछि धेरै सिर्जनाकर्ता मौलिक लोकभाका खोज्नुभन्दा छिटो लोकप्रिय हुने सामग्री बनाउनतर्फ केन्द्रित देखिन्छन्। त्यसैले, अहिलेका धेरै लोकगीतमा जीवन, समाज र संस्कृतिको गहिराइभन्दा बजारको आकर्षण बढी देखिन थालेको मुकारुङको भनाइ छ। प्रविधि आफैंमा समस्या होइन। तर, लोकगीतलाई त्यसको इतिहास, क्षेत्रीयता, भाषा र मौलिक भाकासहित संरक्षण गर्ने कि केवल एआई र सामाजिक सञ्जालका लागि पुनः उत्पादन गर्ने ? अहिलेको सबैभन्दा ठुलो चुनौती मान्छन् उनी।

मौलिक भाका जोगाउने कसले ?

कुमार बस्नेत राज्यको सांस्कृतिक नीतिप्रति असन्तुष्ट देखिन्छन्। शिक्षा प्रणालीदेखि सञ्चार माध्यमसम्मले नेपाली भाषा, लोकसंस्कृति र मौलिक भाकालाई आवश्यक महत्त्व नदिएको उनको आरोप छ। कलाकारले मात्रै होइन, राज्य र आमनागरिक सबैले लोकपरम्परा जोगाउने साझा जिम्मेवारी लिनुपर्ने उनी बताउँछन्। 'धर्म, भाषा, संस्कृति र लोकपरम्परा नै नेपालीको जीवनरेखा हो', बस्नेत भन्छन्, 'यी हराए भने नेपाली हुनुको अर्थ नै कमजोर हुँदै जान्छ।'

आज डिजिटल प्लाटफर्मले विश्वभरका नेपालीलाई एउटै हत्केलामा जोडेको छ। एआईले संगीत निर्माणका लागि अवसर पनि दिएको छ। तर, यदि प्रविधि लोकसंस्कृतिको जगमाथि उभिएनन् भने भविष्यमा लोकगीत नाम मात्र रहने र लोकभाका इतिहासका पुस्तकमा मात्रै सीमित हुने खतरा बढ्दै जाने लोकसंगीतकर्मीको चिन्ता छ।

लोकगीत जोगाउने जिम्मेवारी अग्रज कलाकारको मात्रै होइन। नयाँ पुस्ता, संगीत निर्माता, सांस्कृतिक संस्था र राज्य सबैको साझा दायित्व हो। नयाँ प्रविधि अपनाउनु आवश्यक छ, तर त्यससँगै मौलिक भाका, स्थानीय भाषा, समुदायको स्मृति र लोकजीवनको आत्मालाई पनि जोगाउन सक्नुपर्ने उनीहरू बताउँछन्।

लोकगायक खड्ग गर्बुजाले नेपाली लोकसंगीतका मौलिक भाका संरक्षण गर्न कलाकार, श्रोता र सम्बन्धित निकाय सबैको साझा जिम्मेवारी हुनुपर्ने बताउँछन्। विशेषगरी सालैजो, झ्याउरे, रोइला, ख्यालीजस्ता परम्परागत भाकाको नाम मात्र प्रयोग गरेर त्यसको संरचना र आत्मा परिवर्तन गर्ने प्रवृत्तिले लोकसंगीतको मौलिक पहिचान संकटमा पारेको उनको भनाइ छ।

उनका अनुसार कृत्रिम बुद्धिमत्ता (एआई) आफैं समस्या होइन, यसको दुरुपयोग नै अहिलेको मुख्य चुनौती हो। एआई प्रयोग गरेर अरूका गीत नक्कल गर्ने, अनधिकृत रूपमा सार्वजनिक गर्ने र आर्थिक लाभ लिने प्रवृत्ति बढ्दै गएको भन्दै उनी यस्तो कार्य रोक्न तत्काल कानुनी नियमन आवश्यक ठान्छन्। उनी भन्छन्, 'प्रविधिले आफैं गीत बनाउँदैन, त्यसलाई प्रयोग गर्ने मानिसको नियतले परिणाम निर्धारण गर्छ।'

भविष्यको भरोसा : कोदो

कोदो 'गरिबको अन्न' होइन, 'भविष्यको अन्न' हो

सरकारले धान, मकै, गहुँ र कोदोलाई मुख्य खाद्यान्न बालीका रूपमा स्वीकार गरे पनि कोदोलाई सीमान्त वा उपेक्षित र कम उपयोगमा आएको बालीको वर्गमा राख्ने गरेको छ। राष्ट्रिय कृषक समूह महासंघ नेपाललगायत संघ-संगठनले झन्डै एक दशक लामो पैरवी गरेपछि नेपाल सरकारले कोदो बालीलाई महत्त्व दिएर साउन १६ गतेलाई 'राष्ट्रिय कोदो दिवस' मनाउने निर्णय गरेको थियो। यो स्वागत योग्य निर्णय हो। यद्यपि, कृषि जैविक विविधताको क्षयीकरण कम गर्न र जलवायु परिवर्तनबाट सिर्जित समस्यासँग जुध्न कोदोलगायत लोप हुँदै गरेका पर्यावरणमैत्री र पोषणयुक्त बालीसमेत समावेश हुने गरी 'कोदोजन्य बालीको दिवस' घोषणा भएको भए धेरै मानेमा अर्थपूर्ण हुने थियो।

कोदो दिवस मनाइरहँदा हामी यसको चर्चा गर्छौं। साना-ठुला कार्यक्रम हुन्छन्, भाषण हुन्छन्, सामाजिक सञ्जालमा शुभकामना सन्देश आदान-प्रदान हुन्छन्। तर, एउटा गम्भीर प्रश्न भने अझै बाँकी नै छ- के हामी कोदोको वास्तविक मूल्य बुझिरहेका छौं ? कि केवल एक दिन सम्झेर बाँकी वर्ष बिर्सिरहेका छौं ?

तथ्यांक भन्छ- जनसंख्याको १३ प्रतिशत, अर्थात् ४६ लाख जनसंख्या कुनै न कुनै रूपमा खाद्य असुरक्षाको समस्या भोगिरहेका छन्। त्यसमध्ये झन्डै १० प्रतिशत घरपरिवार गम्भीर खाद्य असुरक्षाको चपेटामा छन्। ७७ जिल्लामध्ये ४२ जिल्ला खाद्य असुरक्षाको उच्च जोखिममा छन्। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार पाँच वर्षमुनिका २५ प्रतिशतमा पुड्कोपन, १९ प्रतिशतमा कम तौल आठ प्रतिशतमा ख्याउटेपन र एक प्रतिशतमा अधिक तौल छ। यसैगरी, ग्लोबल हंगर इन्डेक्स २०२५ अनुसार नेपालको जनसंख्याको ५.३ प्रतिशत जनता कुपोषित या अल्पपोषित छन्। अझ गरिब परिवारमा, कर्णाली र मधेशमा यो प्रतिशत ५५ सम्म रहेको देखिएको छ।

सरकारले सन् २०३० सम्म कुपोषणको दरलाई घटाउने र सबै नागरिकका लागि पोषण सुनिश्चित गर्ने प्रतिबद्धतासहित संयुक्त राष्ट्र संघीय दस्ताबेज दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने भनेको छ। तर, यसको कार्यान्वयनको अवस्था निकै कमजोर छ। स्वास्थ्य मन्त्रालयमार्फत पोषण पुऱ्याउने तरिकालाई यथावत् राख्दै पोषणयुक्त कृषि उपजको उत्पादन, वितरण पहुँच र उपलब्धतालाई यसलाई कम गर्न सकिन्छ। जसका लागि कोदो तथा कोदोजन्य बाली महत्त्वपूर्ण विकल्प बन्न सक्छन्।

कोदो केवल एउटा बाली होइन। यो नेपाली सभ्यताको जीवन्त इतिहास हो। यो हाम्रा पुर्खाको पसिनाले सिँचेको विश्वास हो। यो पहाडका गरामा अडेस लागेर उभिएको आत्मनिर्भरताको प्रतीक हो। यो विपन्न किसानको भकारीको भरोसा हो, श्रमिकको शक्ति हो, आमाको माया हो र प्रकृतिसँगको सहअस्तित्वको जीवनदर्शन पनि हो। आज विश्व जलवायु परिवर्तन, खाद्य संकट, पोषण असन्तुलन र जैविक विविधताको क्षयसँग जुधिरहेको छ। यस्ता चुनौतीबिच विज्ञानले समेत कोदोको महत्त्व पुनः स्वीकार गर्न थालेको छ। जुन बालीलाई हामीले 'गरिबको अन्न' भनेर बेवास्ता गऱ्यौं, त्यही बालीलाई आज संसारले 'भविष्यको अन्न' भन्न थालेको छ। विडम्बना के छ भने संसारले सम्मान गर्न थालेको सम्पदालाई हामी आफैंले बिस्तारै बिर्सिंदै गएका छौं।

कोदो नेपालको पहाडी भूगोलसँग अत्यन्तै अनुकूल बाली हो। कम पानीमा पनि राम्रो उत्पादन दिन सक्छ। उब्जाउ शक्ति



कोदो दिवस



● उद्धव अधिकारी

कोदोको संरक्षण केवल कृषिको विषय होइन। यो संस्कृति, स्वास्थ्य, वातावरण, अर्थतन्त्र र राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय हो। आफ्ना रैथाने बाली जोगाउन नसक्ने राष्ट्रले खाद्य सार्वभौमिकताको सपना पनि पूरा गर्न सक्दैन।

कम भएको जमिनमा पनि हुर्कन सक्छ। रासायनिक मल र विषादीको अत्यधिक प्रयोगविनै खेती गर्न सकिन्छ। यही कारणले कोदो वातावरणमैत्री खेती प्रणालीको महत्त्वपूर्ण आधार हो।

रासायनिक मल र विषादीमा आधारित उत्पादन प्रणालीले माटो, पानी र जैविक विविधतालाई गम्भीर असर पुऱ्याइरहेको छ। यस्तो अवस्थामा कोदो केवल उत्पादनको विकल्प होइन, प्रकृतिसँग पुनः सम्बन्ध जोड्ने माध्यम पनि हो। कोदोको खेतीले स्थानीय बिउ, स्थानीय ज्ञान र स्थानीय जैविक प्रणालीलाई जोगाइराख्न मद्दत गर्छ।

कोदो पोषणका दृष्टिले पनि अत्यन्तै महत्त्वपूर्ण अन्न हो। यसमा क्याल्सियम, फलाम, फाइबर, प्रोटिन तथा विभिन्न सूक्ष्म पोषकतत्व प्रशस्त पाइन्छन्। मधुमेह, मोटोपन, रक्तचाप तथा हड्डीसम्बन्धी समस्यामा यसको उपयोगिता वैज्ञानिक अनुसन्धानले पुष्टि गरिसकेका छन्। आधुनिक जीवनशैलीजन्य रोग बढिरहेका वेला कोदो स्वास्थ्यको प्राकृतिक साथी बनेर उभिएको छ। तर प्रश्न उठ्छ, यति गुणकारी बाली हुँदाहुँदै पनि किन यसको खेती घटिरहेको छ ? यसका पछाडि धेरै कारण छन्। कृषि नीतिहरू लामो समयसम्म धान, गहुँ र मकैजस्ता सीमित बालीमा केन्द्रित भए। अनुसन्धान, विस्तार सेवा, बजार व्यवस्थापन, प्रशोधन उद्योग र मूल्य अभिवृद्धिका कार्यक्रम पनि कोदोतर्फ पर्याप्त उन्मुख हुन सकेनन्। अर्कोतर्फ, आधुनिकताको नाममा परम्परागत खानालाई हीन भावना र आयातित खाद्य संस्कृतिलाई प्रतिष्ठासँग जोड्ने सामाजिक प्रवृत्तिले पनि कोदोको उपभोग घटायो।

ग्रामीण क्षेत्रबाट युवाको पलायनले पनि कोदो खेती प्रभावित भएको छ। गराहरू बाँझा हुँदै गएका छन्। बिउ हराउँदै गएका छन्। खेतीसँग जोडिएका परम्परागत ज्ञान, सिप र संस्कृतिसमेत संकटमा परेका छन्। यदि यही अवस्था जारी रह्यो भने हामी केवल एउटा बाली होइन, एउटा सभ्यता नै गुमाउने जोखिममा हुनेछौं।

यद्यपि, आशाका किरण पनि देखिन थालेका छन्। स्वास्थ्यप्रति सचेत उपभोक्ताको संख्या बढ्दै गएको छ। कोदोबाट बनेका परिकार, बिस्कुट, कुकिज, नुडल्स, सेलरोटी, ढिँडो, रोटी, पेयपदार्थ तथा अन्य मूल्य अभिवृद्धियुक्त उत्पादनको माग बिस्तारै बढिरहेको छ। यसले किसान, उद्यमी र उपभोक्ताबिच नयाँ सम्भावनाको ढोका खोलिरहेको छ।

हाम्रा पुर्खाले कोदोलाई केवल अन्नका रूपमा होइन, जीवनका रूपमा जोगाए। अब त्यसलाई आधुनिक ज्ञान, वैज्ञानिक अनुसन्धान र दूरदर्शी नीतिसँग जोडेर नयाँ पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। राष्ट्रिय कोदो दिवसले हामीलाई यही सन्देश दिन्छ। भविष्य खोज्न धेरै टाढा जानुपर्दैन, कहिलेकाहीं भविष्य आफ्नै खेतका गरामा, आफ्नै पुर्खाले जोगाइदिएको एउटा सानो बिउभित्र लुकेको हुन्छ।

आज विज्ञानले कोदोलाई सुपर फुड भनेको छ। विश्व समुदायले कोदोलाई कुअन्नबाट श्रीअन्नमा रूपान्तरण गरिसकेको छ। भात खान सुगम ठाउँमा झरेका लाखौं मानिसलाई एकपछि अर्को गर्दै नसर्ने रोगले मरणासन्न हुने गरी हिर्काइसकेपछि पुनः कोदोको खोजीमा सहरबजारका पसलतिर भौंतारिरहँदा हामी भने खेतबारी बाँझै छाडेर त्यही कोदो विदेशबाट आयात गर्नतिर लागिरहेका छौं। यो विपरीत यात्राबाट सही गन्तव्यतर्फ फर्कन अब ठुलै बल लगाउनुपर्ने देखिन्छ।

कोदोको भविष्य केवल किसानको हातमा छैन। त्यो राज्यको नीति, उपभोक्ताको रोजाइ र समाजको चेतनामा पनि निर्भर छ। यदि नेपालले आफ्ना रैथाने अन्नबालीलाई बचाउन सकेन भने उसले केवल एउटा बाली गुमाउनेछैन, आफ्नै इतिहास, संस्कृति, पोषण र आत्मनिर्भरताको एउटा महत्त्वपूर्ण आधार पनि गुमाउनेछ। त्यसैले, आजको आवश्यकता कोदो दिवस मनाउनु मात्र होइन, कोदोलाई राष्ट्रिय कृषि पुनर्जागरणको अभियान बनाउनु हो। जबसम्म कोदो किसानको खेतमा, उपभोक्ताको भान्सामा र राष्ट्रको नीतिमा सम्मानका साथ स्थापित हुँदैन, तबसम्म राष्ट्रिय कोदो दिवसको सार्थकता पूर्ण रूपमा प्राप्त भएको मान्न सकिँदैन।

(अधिकारी 'खाद्यका लागि कृषि अभियान'का संयोजक हुन्।)

'पुर्खाको स्वाद' सखाप पार्दै हाइब्रिड बिउ

'हामीले रैथाने बिउ जोगाउन सकेनौं भने अन्न मात्रै होइन, हाम्रो इतिहास र पुर्खाको स्वाद पनि सधैंका लागि हराउनेछ'



तितेफापर

खाद्यान्न



● विदुर कटुवाल

छ। पाइहाले पनि खेती गर्न छाडियो। खेती नै नगरेपछि खान कहाँ पाउनु ? फापरको रोटी र कागुनोको खिरको त सम्झना मात्रै बाँकी छ।'

पछिल्लो समय रैथाने बाली लोप हुँदा खाद्य संस्कृति पनि परिवर्तन हुँदै गएको छ। गाईघाट बजारमा १५ वर्षदेखि तरकारी बेच्दै आएकी त्रियुगा नगरपालिका-१२ की ५० वर्षे देवतीदेवी चौधरीको अनुभव पनि खत्री र राउतको जस्तै छ। उनी भन्छिन्, 'म गाउँ-गाउँबाट तरकारी ल्याएर गाईघाट बजारमा बेच्छु। तर, १० वर्षअघिसम्म गाउँघरकै बिउबाट उत्पादन भएको तरकारी हुन्थ्यो। स्वाद पनि मिठो हुन्थ्यो। अहिले ती सबै हराए। बिउ किनेर रोप्नेहरू धेरै भेट्छु।'

यी तीन प्रतिनिधि पात्रका अनुभव केवल व्यक्तिगत स्मृति मात्र होइनन्। यी त उदयपुरमा हराउँदै गएको कृषि सभ्यता, खाद्य संस्कृति र पुर्खाको स्वादका जीवित प्रमाण हुन्।

■ तीन दशकमा बदलिएको तस्बिर

करिब तीन दशकअघिसम्म उदयपुरका महाभारत र चुरे क्षेत्रका अधिकांश गाउँ रैथाने बालीले भरिभराउ हुन्थे। महाभारत क्षेत्रमा पोखरेली, जर्नेली, शोभरा, मन्सरा जस्ता रैथाने धान भुल्थे भने चुरे क्षेत्रमा बासमती, पंकज, र अनदीजस्ता स्थानीय धान फल्थे। बारीभरि सेतो तथा कालो कोदो, कागुनो, चिनो, जुनेलो, फिलुङे, मिठे र तिते फापर, सानी मकै, सानो भट्ट, स्थानीय सिमी, गहत, मुसुरो, रहर र रैथाने गोल्भेंडा लहलहाउँथे।

'त्यतिवेला किसानले बजारबाट बिउ किन्नुपर्दैनथ्यो,' राउत सम्झिन्छन्, 'आफ्नै खेतमा उत्पादन भएको बिउ पुस्तौंसम्म सुरक्षित राखिन्थ्यो। अहिले त्यो परम्परा हराइसक्यो। रोप्ने वेला बजारकै बिउ किन्नुपर्छ।'

त्यसवेला अधिकांश परिवार वर्षभरिको खाद्यान्न आफ्नै खेतबारीबाट जुटाउँथे। बिहान कोदोको ढिँडो, बेलुका रैथाने धानको भात तथा चाडपर्वमा फापरको रोटी, कागुनोको भात र चिनोको खिर अनिवार्यजस्तै हुन्थ्यो। रैथाने बालीको उत्पादन उन्नत वा हाइब्रिड जातको तुलनामा कम भए पनि स्वाद, पौष्टिकता, रोग प्रतिरोधात्मक क्षमता र स्थानीय हावापानीसँगको अनुकूलताका कारण यसको महत्त्व उच्च छ। तर, किसान थोरै समयमा धेरै उत्पादन हुने नगदे बालीतर्फ आकर्षित हुन थालेपछि परम्परागत रैथाने बाली क्रमशः खेतबारीबाट विस्थापित हुँदै गएका छन्।

पछिल्ला वर्षमा कृषि क्षेत्रमा हाइब्रिड बिउको प्रयोग, बजारमुखी उत्पादन प्रणाली र व्यावसायिक खेतीको विस्तार बढेको छ। कृषि ज्ञान केन्द्र उदयपुरको तथ्यांकले पनि यो भयावह चित्रलाई पुष्टि गर्छ। उदयपुरको कुल क्षेत्रफल २ लाख ६ हजार ३ सय हेक्टरमध्ये २२ हजार २१० हेक्टरमा खेती हुन्छ। जस्तै फापरखेती हाल जिल्लाभरि मात्र १८ हेक्टर क्षेत्रफलमा सीमित छ। जौखेती, मात्र २३ हेक्टर क्षेत्रफलमा खुम्चिएको छ। कोदोखेती हाल ५ हजार ४ सय ५३ हेक्टर क्षेत्रफलमा भइरहेको अभिलेख भए पनि यसको क्षेत्रफल निरन्तर घट्दो क्रममा छ।

कोदो फल्ने जमिनमा अहिले अदुवा, खुर्सानीजस्ता नगदेबाली लगाउन थालिएको छ। कागुनो, जुनेलो र धैया धानबालीको अवस्था त ज्ञान केन्द्रको वार्षिक प्रगति तथा तथ्यांक प्रतिवेदनमा समेत समेटिन छाडेको छ।

कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार रैथाने बाली कति मात्रामा लोप भए भन्ने यकिन सरकारी अभिलेख छैन, तर स्थानीय जातका धेरै बाली हराइसकेका छन्। 'यो समस्या उदयपुरमा मात्र सीमित छैन, देशभरि नै रैथाने बाली संकटमा छ,' उनले भने, 'मैले बाल्यकालमा खाएको धैया धानको स्वाद अहिले भेट्टाउनै मुस्किल छ। हाइब्रिड बिउका कारण फलफूल, तरकारी र खाद्यान्नका रैथाने बिउ लोप हुँदै छन्।'

मलाई कोदोको ढिँडो, कागुनोको खिर र फापरको रोटी खान पाए अरू केही चाहिँदैन। तर, अहिले ती खानेकुरा खोजेर पनि पाइँदैनन्। पहिले हाम्रो घरमा वर्षमा १०-१५ मुरी कोदो फल्थ्यो, अहिले मुस्किलले १०-१५ पाथी पनि हुँदैन। जे उत्पादन हुन्छ, त्यो पनि घरमा खानुभन्दा बजारमा बेचिन्छ।'

कटारी नगरपालिका- ११ का ८३ वर्षे वृद्ध किसान कुलबहादुर राउत विगत सम्झँदै यसरी आफ्नो दुःख पोख्छन्। उनको स्वरमा एउटा वृद्ध किसानको पीडा मात्र होइन, उदयपुरको बदलिँदो कृषि संस्कृति, हराउँदै गएको खाद्य परम्परा र पुस्तौंदेखि जोगिँदै आएको जीवनशैलीको कथा झल्किन्छ। 'नातिनातिनाले ढिँडो खानै मान्दैनन्,' उनी थप्छन्,'कोदो, कागुनो, फिलुङे, जुनेलोजस्ता हाम्रा धेरै पुराना (रैथाने) बाली हराए। पाउन मुस्किल पर्छ।'

राउतकै जस्तो अनुभव उदयपुरगढी गाउँपालिका- १ का ७९ वर्षे रत्नबहादुर खत्रीको पनि छ। उनी भन्छन्, 'बाउबाजेले लगाउँदै आएको बालीको बिउ पाउनै मुस्किल

■ पुस्तान्तरणको अभाव र बदलिँदो जीवनशैली

कटारी नगरपालिका-४ का ५० वर्षे धनबहादुर कटुवाल पनि कृषिमा आएको यो परिवर्तनका साक्षी हुन्। 'पहिले हाम्रा परिवारले धेरै कोदो र फापर लगाउँथे। अहिले धान र मकैबाहेक

साप्ताहिक राशिफल

१६ साउन ०८३ (शनिबार)
२२ साउन ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सवारीसाधन खरिद वा सेयर बजारमा लगानी गर्दा आर्थिक नोक्सानी हुन सक्ने सम्भावना भएकाले सतर्क रहनुहोस्। बिहीबारदेखि व्यवसायीहरूलाई अप्रत्याशित रूपमा व्यापारमा लाभ प्राप्त हुन सक्छ। जागिर गर्नेहरूले वरिष्ठ अधिकारीहरूसँग राम्रो सम्बन्ध कायम राख्ने प्रयास गर्नु उचित हुनेछ। सरकारी निकायसँग कुनै विवादमा नपर्नु नै हितकर रहनेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आर्थिक अभावको सामना गर्नुपर्ने अवस्था आउन सक्छ। प्रेम सम्बन्धमा विशेष सावधानी अपनाउनु आवश्यक छ। तपाईंले आफ्नो प्रिय साथीप्रति अनावश्यक शंका गर्न सक्नुहुन्छ, जसले सम्बन्धमा दरार ल्याउन सक्छ। साताको अन्त्यमा प्रयत्न गर्दा व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ। इष्टदेवको पूजा उपासना गरी अगाडि बढ्दा फइदा हुने देखिन्छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

व्यापार तथा उद्योगतर्फ फाइदाको योग छ। व्यवसाय विस्तार गर्न नयाँ सम्पर्क बढाउनुपर्ने देखिन्छ। अध्ययनप्रति विशेष ध्यान दिनुपर्छ। त्यसैले नियमित मिहिनेत र एकाग्रताका साथ अध्ययन गर्नु आवश्यक हुनेछ। वैवाहिक जीवन भने सुखद रहनेछ। जीवनसाथीसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ र पुराना मनमुटाव तथा तिक्तता क्रमशः कम हुँदै जाने सम्भावना छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भबाटै आर्थिक पक्षका दृष्टिले यो समय तपाईंका लागि अनुकूल रहनेछ। विशेष गरी सेयर बजारमा गरिएको लगानीबाट राम्रो लाभ प्राप्त हुने सम्भावना छ। व्यापार गर्नेहरूलाई व्यवसायमा उल्लेखनीय सफलता र आर्थिक लाभ मिल्ने योग रहेको छ। कार्यक्षेत्रमा प्रगति गर्ने तथा नयाँ अवसर प्राप्त गर्ने सम्भावना देखिन्छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

व्यापार गर्नेहरूलाई व्यवसायको सिलसिलामा केही नयाँ यात्रा गर्नुपर्ने हुन सक्छ। अभिभावकवर्ग, गुरुजन र ठुलाबडाको आशीर्वाद प्राप्त भएमा कार्य सम्पन्न हुनेछ। प्रिय व्यक्ति पुनः फर्किएर आउन सक्ने सम्भावना छ। जीवनमा नयाँ उमंग र सकारात्मकता ल्याउनेछ। उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका लागि समय अनुकूल रहनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

व्यवसायको सिलसिलामा केही नयाँ यात्रा गर्नुपर्ने हुन सक्छ। कार्यक्षेत्रमा कडा मिहिनेत गर्नुपर्नेछ। पदोन्नति तथा प्रगतिका अवसर प्राप्त हुने योग परेको छ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योगरहेको छ। इमान्दारिताको प्रशंसा गर्नेको कमिनहोला। पुरानो विवाद वा मनमुटाव पुनः बल्झिन नदिनु नै हितकर हुनेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

प्रशंसनीय कार्य गर्ने अवसर प्राप्त हुनेछ। भाग्यले पूर्ण साथ नदिए पनि कर्मबल बलियो रहने भएकाले आफ्नै मिहिनेत र लगनका कारण आम्दानीका नयाँ-नयाँ स्रोतहरू विस्तार हुँदै जानेछन्। आत्मविश्वासमा उल्लेखनीय वृद्धि हुने भएकाले प्रतिष्ठित तथा प्रभावशाली व्यक्तित्वहरूसँग अन्तर्क्रिया गर्ने अवसर मिल्नेछ र उनीहरूबाट सम्मान तथा प्रशंसाप्राप्त हुने योग छ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

प्रेमी-प्रेमिकाबिचको सम्बन्ध अझ प्रगाढ बन्नेछ भने अविवाहितहरूका लागि नयाँ सम्बन्धको सुरुवात हुने सम्भावना पनि देखिन्छ। सामान्य विवादले केही समय ठुलो रूप लिन सक्ने संकेत भए पनि अन्ततः विजय तपाईंको नै हुनेछ। उच्च शिक्षाको तयारी गरिरहेका वा प्रतियोगी परीक्षामा सहभागी हुनेहरूका लागि पनि समय उत्साहजनक रहनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

शिक्षा तथा बौद्धिक क्षेत्रमा उल्लेखनीय प्रगति हुने योग छ। विद्यार्थीहरूले अध्ययनमा राम्रो उपलब्धि हासिल गर्नेछन् भने प्रतियोगी परीक्षा तथा उच्च शिक्षाको तयारी गरिरहेकाहरूका लागि समय उत्साहजनक रहनेछ।व्यापार-व्यवसायमा लाभ प्राप्त हुने सम्भावना छ। वैदेशिक यात्राका लागि गरिएको प्रयास सफल हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यापार तथा उद्योग-व्यवसायबाट राम्रो लाभ प्राप्त हुने योग छ। वैदेशिक यात्रा वा विदेशसँग सम्बन्धित कार्यका लागि समय अत्यन्त अनुकूल रहनेछ। विदेश जाने प्रयास गरिरहनुभएको छ भने त्यसमा सफलता प्राप्त हुने बलियो सम्भावना देखिन्छ। आफन्तजनसँगको भेटघाटले मन प्रशन्न रहनेछ। साताको अन्त्यमा सानातिना घरेलु समस्यामा अल्झिनुपर्ने अवस्था आउन सक्छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साता तपाईंको वैचारिक क्षमता उल्लेखनीय रूपमा बढ्नेछ। समाजमा मानसम्मान प्राप्त हुने सम्भावना छ। तपाईंको बोलीकै प्रभावले महत्त्वपूर्ण काम सहज रूपमा सम्पन्न हुने संकेत देखिन्छ। व्यवसाय तथा पेसाबाट राम्रो लाभ प्राप्त हुने योग रहेको छ। प्रतिस्पर्धीहरूलाई पछि पार्दै सफलता हात पार्ने अवसर प्राप्त हुनेछ। सप्ताहान्ततिर परिस्थितिमा सुधार आउनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

पारिवारिक स्वास्थ्यका क्षेत्रमा धन खर्च हुने सम्भावना छ। आर्थिक क्रियाकलापमा सोचेअनुरूप नै फइदा लिन सकिनेछ। बुधबारदेखि पठनपाठनमा सोचेअनुसार नै प्रगति हुनेछ, आफन्तबाट सहयोग मिल्नेछ। रोकिएका काम सुचारु हुनुका साथै गुमेको धनसमेत हातलाग्ने योग छ। प्रतिस्पर्धीहरू स्वतःपरास्त हुनेछन्। प्रेम सम्बन्धमा आपसी विश्वास र आत्मीयता बढ्नेछ।

समीक्षा



● माधव घिमिरे 'अटल'

हातमा छ, छ, हरिश कल्पितकृत 'ग्याब्रियले' कथासंग्रह। भूमिका लेख्ने सिलसिलामा जानेमाने नियात्राकार दामोदर पुडासैनी 'किशोर'ले समय र सम्बन्धलाई सापेक्षताको कसीमा घोटिएका कथाहरूको संग्रह भनी लेपन लगाएका छन्- 'ग्याब्रियले'लाई। १३ वटा कथालाई 'ग्याब्रियले' शीर्षकीय कथाहरूको मालामा उनिएको छ। कल्पितको 'आस्था'पछिको दोस्रो साहित्यिक सन्तान रहेछ यो कृति। आफ्ना सन्तानलाई मन नपराउने खासै कुन बाबु वा आमा पो हुन सक्ला र।

अब एकछिन विचरण गरौं कथासंग्रहको शीर्षकतिर। 'ग्याब्रियले' अर्थात् ईश्वर नै मेरो शक्ति हो। एउटा दुःखद एवं बिछोडको कारुणिक संयोग छ यो शीर्ष कथामा। जहाँसम्म संग्रहभित्र समाविष्ट कथाहरू छन्, 'मोहभंग' शीर्षकबाट शुभारम्भ भई 'एडमको प्रेम'मा टुंगिँदासम्म कतै पट्यारिलो अनुभूतिविना नै पठन सकिन्छ।



भान्सामा कोदोको ढिँडोको सट्टा हाइब्रिड धानको चामल पुगेको छ। फापरको रोटी, भुटेको जुनेलो र कागुनोको भातको ठाउँमा मःम, चाउमिन र तयारी खाना आएका छन्। नयाँ पुस्ताका लागि रैथाने स्वादको परिकार एकादेशको कथाजस्तै बनेको छ।

अरू बाली लगाउने किसान भेट्नै मुस्किल छ। बजारमा चामल किन्न सजिलो भएपछि नयाँ पुस्ता रैथाने बालीतिर फर्किएन,' उनले भने,'पहिले गाउँमा कसैसँग बिउ नभए अर्को घरबाट मागिन्थ्यो, अहिले गाउँमा बिउ जोगाएर राख्ने मान्छे नै भेटिँदैनन्।'

नयाँ पुस्ताले रैथाने परिकारभन्दा चाउचाउ, बिस्कुट, तयारी खाद्यवस्तु (जंकफुड) र बजारिया खानालाई बढी प्राथमिकता दिन थालेका छन्। बहुदलीय व्यवस्थाको आगमनसँगै बढी फल्ने नयाँ बिउ भित्रिएपछि जर्नेली, पोखरेली, शोभरा र मन्सरा जस्ता सुगन्धित धान बिस्तारै हराए। अहिले तिनको ठाउँ राधा-१२, खुमल-४ र रञ्जितजस्ता धानले लिएका छन् भने स्थानीय सेतो र पहेँलो मकैको ठाउँ देउती, मनकामना-२ र रामपुर कम्पोजिटलगायतले ओगटेका छन्। भान्सामा कोदोको ढिँडोको सट्टा हाइब्रिड धानको चामल पुगेको छ। फापरको रोटी, भुटेको जुनेलो र कागुनोको भातको ठाउँमा मम, चाउमिन र तयारी खाना आएका छन्। नयाँ पुस्ताका लागि रैथाने स्वादको परिकार एका देशको कथाजस्तै बनेको छ।

■ गाउँमा हराउँदै, सहरमा माग बढ्दै

एकातिर गाउँमा रैथाने बाली हराउँदै छन् भने अर्कोतिर सहरमा यस्ता उत्पादनको माग र आकर्षण बढ्दो छ। मधुमेह, उच्च रक्तचाप र मोटोपनजस्ता नसर्ने रोगहरू बढेसँगै पोषणयुक्त तथा कम प्रशोधित खाद्यान्नप्रति मानिसहरूको चासो बढेको छ। यहीकारण अहिले कोदो, फापर, चिनो र कागुनोलाई 'सुपरफुड'का रूपमा हेरिन्छ। 'होटेल बेलका बिच' रिसोर्टका सञ्चालक रमन भट्टराई भन्छन्,'पाहुनाहरूले कोदो, फापर, कागुनो र जुनेलोका परिकार खोज्छन्। तर, बजारमा पाउनै मुस्किल छ। भारतबाट आयातीत अन्न प्रयोग गर्नुपर्ने अवस्था छ।'

कुनै समय गाउँमा सस्तो मूल्यमा पनि बिक्न गाह्रो हुने कोदो अहिले सहरमा प्रतिकिलो दुई सय रुपैयाँभन्दा बढीमा बिक्री भइरहेको छ। इटहरीकी रीता खत्री भन्छिन्,'घरमा मधुमेहका बिरामी भएकाले कोदो, फापर र रैथाने मकै खोज्छौं। तर, पैसा तिर्न तयार हुँदा पनि ओरिजिनल रैथाने उत्पादन पाइँदैन।'

उदयपुरका आठ स्थानीय तहमध्ये उदयपुरगढी गाउँपालिकाले सेतो र कालो कोदो संरक्षणका लागि केही सीमित कार्यक्रम सञ्चालन गरेको छ। यता त्रियुगा नगरपालिकाले अन्डी धानको संरक्षण गरेको छ। तर, अन्य बालीका हकमा भने कुनै प्रभावकारी योजना छैन। उदयपुरगढी गाउँपालिकाका कृषि शाखा प्रमुख पारसमणि फुयाँल भन्छन्, 'हाम्रो पालिकाले सेतो कोदोको बिउ संरक्षणमा काम गरिरहेको छ, तर एउटा कोदो मात्रै जोगाएर पुग्दैन। रैथाने बाली नै हराएपछि भावी पुस्ताले पुर्खाको स्वाद कसरी चिन्ने ?'

सरकारले 'रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५' जारी गरे पनि यसको कार्यान्वयन पक्ष निकै फितलो छ। ज्ञान केन्द्रका प्रमुख यादव भन्छन्, 'कार्यविधिले लोपोन्मुख रैथाने बालीको संरक्षण, उत्पादन वृद्धि र बजारीकरणमा सहयोग गर्ने भनेको छ। तर, केही हिमाली र कर्णालीका क्षेत्रबाहेक उदयपुरमा यसको प्रभाव देखिएको छैन। अब हामी नयाँ कार्यक्रम बनाउने योजनामा छौं।'

नेपाल कृषि अनुसन्धान परिषद्मातहत रहेको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैंक)मा कार्यरत कृषि वैज्ञानिक प्रदीप थापाका अनुसार देशभर करिब ६० प्रतिशत रैथानेबाली लोप हुने अवस्थामा छन्। जिन बैंक देशभरबाट संकलित तीन सयभन्दा बढी बालीका करिब १२ हजार प्रजातिका नमुना सुरक्षित राखिए पनि त्यसबारे धेरै किसान अनभिज्ञ छन्। हामीसँग माग्न आउने किसानलाई उपलब्ध गराइरहेका छौं। संरक्षणमा देशका तीन तहका सरकारले प्रभावकारी नीति बनाउँदै पर्याप्त बजेट विनियोजन गरे मात्र संरक्षण अझ प्रभावकारी हुन सक्छ।'

रैथाने बाली जोगाउनु भनेको केही पुराना बिउ बचाउनु मात्र होइन। नेपालको कृषि सभ्यता, जैविक विविधता, खाद्य संस्कृति, स्थानीय पहिचान र पुर्खाले छाडेर गएको जीवनदर्शन जोगाउनु पनि हो।

पोषणविद् डा. उमा कोइरालाले रैथाने बालीको लोप हुनु जनस्वास्थ्य, पोषण र खाद्य संस्कृतिका लागि चिन्ताको विषय भएको बताइन्। उनका अनुसार चामलको सहज उपलब्धता, रैथाने बालीको श्रमसाध्य प्रशोधन, बजार अभाव तथा हाइब्रिड बिउको विस्तारले कोदो, फापर, चिनो, कागुनोजस्ता बाली क्रमशः हराउँदै गएका छन्। उनले भनिन्, 'हाइब्रिड बिउ पनि कुन प्रयोग गर्ने ? कुन नगर्ने राज्यको नीति छैन।'

डा. कोइरालाले रैथाने बाली पोषणका दृष्टिले महत्त्वपूर्ण भएकाले राज्यले उत्पादन र उपभोग दुवैमा प्रोत्साहन गर्नुपर्ने, उचित बजार र मूल्य सुनिश्चित गर्नुपर्ने तथा कृषकलाई रैथाने बाली संरक्षणमा आकर्षित गर्ने स्पष्ट नीति आवश्यक रहेको बताइन्। स्थानीय बुद्धिजीवी बोधकुमार घिमिरे रैथाने बाली जोगाउन उत्पादनसँगै संरक्षणलाई प्राथमिकता दिने नीति, किसानलाई प्रोत्साहन र नयाँ पुस्तामा सचेतना फैलाउनु आवश्यक रहेको बताउँछन्। उनि भन्छन्, 'रैथाने बालीमा अनुदान र बिमामा स्थानीय तहले ग्यारेन्टी गर्नुपर्छ। विद्यालयको स्थानीय पाठ्यक्रममा रैथाने बाली र स्थानीय खाद्य संस्कृतिबारे सामग्री समावेश गरी नयाँ पुस्तालाई सचेत गराउन सकिन्छ।'

कोशी प्रदेशका पूर्वपर्यटन, वन तथा वातावरणमन्त्री नारायण बुर्जामगरका अनुसार रैथाने बालीलाई कृषि पर्यटन, स्थानीय होटेल, होमस्टे र अर्गानिक बजारसँग जोडेर ब्रान्डिङ गर्नुपर्छ। उनले भने, 'मेरो अनुभवमा तीन तहका सरकारबाट ठोस नीति र योजना बनाउन सकेको जस्तो लाग्दैन।'

उदयपुरका धेरै गाउँमा अहिले पनि केही वृद्ध किसानले पुर्खाबाट पाएको बिउ डोको, भकारी वा माटोको भाँडोमा सम्हालेर राखेका छन्। उनीहरूका लागि त्यो बिउ केवल खेती गर्ने साधन मात्र होइन, पुस्तौंको इतिहास हो। उनै कुलबहादुर राउतको यो भनाइले वर्तमानको तितो यथार्थलाई छर्लंग पार्छ, 'हामीले रैथाने बिउ जोगाउन सकेनौं भने अन्न मात्रै होइन, हाम्रो इतिहास र पुर्खाको स्वाद पनि सधैंका लागि हराउनेछ।'

नेपालमा बसेर जापानी स्वाद

त्यसो त हाम्रो जीवन स्वयं पनि त कथा र उपकथाहरूको शृंखला न हो। प्रेम, वियोग, हर्ष, आँसु, पीडा, ग्लानि सबैसबैको संगम नै त हो, समग्र जीवन। जीवनमा छिचोलेका कतिपय अपेक्षित-अनपेक्षित, सजिला-अप्ठ्यारा कुइनेटाको सारका रूपमा पाठकमाझ आएको एउटा दर्बिलो आख्यान संग्रह हो- ग्याब्रियले।

सासूको शेषपछि छोराझैं लाडप्यारमा हुर्काएको देवरले श्रीमतीको लहलहैमा लागेर दाजुभाउजूलाई त्याग्न संकल्प गरेका कारण देवरप्रति भएको मोहभंग समेटिएको कथा 'मोहभंग' हो भने अमेरिकाबाट नेपाल फर्केको नवधनाढ्य ज्वाइँ छान्दा आफ्नी छोरीलाई समेत ज्वाइँकै एड्स सरी चिहिलबिहिल भएको कथानक छ 'बिहे'मा। आफूले अति नै चाहेर पनि उसको रोगका कारण आफ्नो बन्न नसकेको प्रेमीले मृत्युलाई अँगालेको समाचार सुनेपछि प्रेमिका पश्चात्तापको अग्निले जल्न पुगेको विषय उठाइएको कथा 'पुष्पलता' हो।



आमा, बाबुको लाडप्यारलाई लत्याएर बिदेसिएको छोरो यता आमा हृदयाघातले इहलीला गुमाएपछि र उता श्रीमतीको दुर्घटनामा ज्यान गएपछि पिउसो छोरो च्यापेर प्रत्यागत हुँदाको हृदयविदारक कहानी हो- मोहजाल। टीकोटालो गर्ने दिनमा तत्कालीन विप्लविशक्ति माओवादीले थापेको विद्युतीय धरापमा परी कीर्तिशेष हुँदा प्रतीक्षा गरी बसिरहेकी हुनेवाला बेहुलीको विक्षिप्तताको मुटु चुँड्ने कैरन हो- उहाँहरू आउनु भो मम्मी ? छैटौं कथा 'ग्याब्रियले' कथासंग्रहको शीर्ष कथा पनि हो। आफ्नी छोरीलाई लिएर लिथुआनियाली श्रीमान्लाई चटक्क छोडी बेपत्ता हुने जापानी महिलाको चिसो हर्कतको नालीबेली हो 'ग्याब्रियले' भने लैंगिक विभेदबारे आफ्नी श्रीमतीलाई सम्झाइबुझाइ गरेको विषयमा आधारित छ- 'मेरी प्यारी छोरी'।

'बधाई छ देवयानी'मा गरिबी वा बेरोजगारीकै कारण कसरी दिलमा सजाएको माया खोसिन्छ र अर्कालाई सिफारिस गरेर आफू उम्कने प्रपञ्च रचिन्छ भन्ने विषयको इतिवृत्त समेटिएको छ भने बहिनीका ट्युसन शिक्षकसँग मरिहत्ते गरेर मुटु साटेकी पात्रका श्रीमान् व्याधिग्रस्त भएपछि टुक्रिएको खुसीको चोइटो हो- 'कृष्ण सर'। अन्धविश्वासग्रस्त समाजले अति नै प्यारी बुहारीलाई 'पोइ टोकुवा' भनेर लाञ्छित गरी घर निकाला गरे पनि अपमानको विष पिएर प्रिय पतिको नासो हुर्काउने संघर्षशील नारीको गाथा 'अनिमा' हो भने 'केइको सेनसेई' वास्तविक जीवनको यथार्थ कुथुंग्री हो जहाँ विनम्रता, विनयशीलता र असलियतकी प्रतिमूर्ति बनेकी छिन्- भाषा शिक्षिका केइको सेनसेई। बाह्रौं कथा 'भ्रमजाल' मायावी प्रेम, यौवनको रसास्वादनपछिको धोका र खोक्रो प्रेम उदांगिँदा सपनामा बोलेको तितो वाक्य 'सब झुट हो' भन्ने हो। दसैंमा घर जान टिकट मिल्दैन पतिसँगको विमतिको संयोग यहीं मिलेको छ। यसरी नै अन्तिम कथा 'एडमको प्रेम' साँघुरो जापानी समाज, मूल पात्रका बाबुको विवाहेत्तर सम्बन्ध र नशाले ज्यान लिएको उनका दाजुका कारण तहसनहस परिवारको विसंगत अवस्था हो। मूल पात्रले आफ्नो समलिंगी बिहेको सपना साकार पार्न जागिर दिलाएको भूमि नै परित्याग गर्नुपर्दाको पीडाको प्रतिबिम्ब हो यो कथा।

यसरी तेह्रौं कथापछि तुरिन्छ कथासंग्रह। कथाका विषयवस्तु हेर्दा किञ्चित वैविध्य देखिए पनि आमकथामा आख्यानीकरणका सीमा बग्रेल्ती भेटिन्छन् भने वर्णविन्न्यासमा पर्याप्त ध्यान नपुग्दा अस्पष्टता र असंगतिको चाङ नै देखिन्छ। झन्डै आधाआधी कथा अस्वाभाविक ढंगबाट विकास भएका देखिन्छन्। कतिपय पात्रहरू विनाप्रसंग एकाएक देखापर्छन् र निरुद्देश्य अलप पनि हुन्छन्।

यी तमाम सीमाका बाबजुद कल्पितले जसरी जापानी समाज, संस्कार तथा संस्कृतिलाई आफ्ना केही कथाका अभिन्न अंग बनाएका छन् यसले जापान नपुग्ने पाठकलाई समेत उतै पुगेर यत्रतत्र विचरण गरेको अनुभव दिलाउँछन्। तीव्र भौतिक विकासक्रमका बाबजुद जापानीहरूको मानवीय सम्बन्धमा देखिने चिसोपन र पैसा नै सबथोक ठान्ने प्रवृत्तिलाई पनि कल्पितले उदांगो पारेका छन्। कथामा डुब्दै गर्दासमेत पात्रको नामबाट नामकरण गरिएका अधिकांश शीर्षक परिवर्तन योग्य लाग्छन्।

भन्नैपर्छ- संख्या पुऱ्याउने हतारो परित्याग गर्दा हरिश थप परिष्कृत बन्न सक्ने सम्भाव्यता बोकेका कथाकार हुन्। अन्त्यमा उनको आगामी कृति थप बलशाली बनेर पाठकको मनमुटुमा घर गर्न सफल बनोस् भन्ने कामना गर्न कन्जुस्याइँ गर्नुपर्ने कुनै दरकार छैन।

'अज्ञात' गर्व वा दिक्दारीभन्दा माथि उठेर इतिहासलाई बुझ्ने प्रयास हो



पुस्तक-वार्ता

केशवराज ज्ञवाली

*'अर्को भोर' कथाकृतिमार्फत नेपाली साहित्यमा उदाएका लेखक हुन्, केशवराज ज्ञवाली। अमेरिकामा बसेर साहित्य सिर्जना गरिरहेका उनको कृति 'अर्को भोर'ले ०७८ को पद्मश्री पुरस्कारसमेत पाएको थियो। उनै ज्ञवालीको ऐतिहासिक उपन्यास 'अज्ञात' गत वर्ष प्रकाशन भएको थियो। मदन पुरस्कारको संक्षिप्त सूचीमा रहेको उक्त कृतिका लेखक ज्ञवालीसँग पुस्तकको केन्द्रमा रहेर **मीनराज बसन्त**ले कुराकानी गरेका छन् :*

इतिहासमा सधैं राजामहाराजाकै महिमामण्डन गरिएको पाइन्छ। तर, उपन्यास 'अज्ञात'मा इतिहासले कहिल्यै नचिनेका मन्या, हीरा, गोविन्दे खवासलगायत महत्त्वपूर्ण पात्र छन्। यी पात्र स्वतन्त्र हुन् कि लेखकका कल्पना ?

तपाईंले नाम लिनुभएका पात्रहरू उपन्यासका प्रमुख पात्र हुन्। ती अवश्य पनि काल्पनिक पात्र हुन्। तर, तिनले बाँचेको जीवन, समय र समाजलाई सत्यको नजिक पुऱ्याउने प्रयास यो पुस्तकले गरेको छ। उनीहरूको जीवनभोगाइ उक्त समयको अध्ययन र अनुसन्धानका आधारमा निर्माण गरिएको हो। यस अर्थमा ती पात्र 'अनुशासित कल्पना'का भाग हुन्।

एकातिर इतिहास भन्नुभएको छ। अर्कातिर आख्यानीकरण गर्नुभएको छ। इतिहासलाई इतिहासकै तरिकाले नलेखेर आख्यानको सहारा किन लिनुपऱ्यो ? अनि इतिहासको आख्यानीकरण कति विश्वसनीय हुन्छ ?

प्राप्त ऐतिहासिक तथ्यलाई आधार बनाएर त्यो समयको सत्य बुझ्ने प्रयास यो उपन्यास हो। कुनै आख्यानको विश्वसनीयता त्यो सत्यको कति नजिक वा टाढा छ भन्ने आधारमा तय हुन्छ जस्तो लाग्छ। झन्डै २४० वर्षअघिको जीवन प्राप्त तथ्यले मात्रै बुझ्न सहज छैन। गैरआख्यानले दिन वा बुझाउन नसक्ने पूर्ण चित्र निर्माण गर्न आख्यान उपयुक्त हुन्छ भन्ने विश्वासले यो पुस्तक लेखिएको हो।

यो पुस्तक तयार गर्दा सकेसम्म धेरै स्रोत-सामग्री अध्ययन गरिएको छ, इतिहासकारसँग कुराकानी गरिएको छ र विभिन्न तथ्य एक-आपसमा भिडाएर लेख्ने प्रयास गरिएको छ। यी सबै पुस्तकलाई विश्वसनीय बनाउने प्रयत्न हुन्। 'अज्ञात'को सन्दर्भमा यो प्रयास कति सफल भयो भन्ने निर्णय पाठक र समीक्षकले गर्नुपर्छ।

पछिल्लो समय नेपालमा इतिहास लेखनको ट्रेन्ड देखिन्छ। एक वर्षको अन्तरालमा नाम चलेका प्रकाशन गृहबाटै करिब आधा दर्जन ऐतिहासिक विषयका कृति आए। यसले के संकेत गर्छ ?

तपाईंले भनेजस्तै अहिले इतिहासप्रति रुचि बढेको जस्तो लाग्छ। तर, पहिले इतिहास लेखिएका थिएनन् भन्ने होइन। एकै वर्षमा धेरै ऐतिहासिक पुस्तक आउनु संयोग पनि हुन सक्छ, वा नेपाली समाजले आफूलाई बुझ्न गरिरहेको प्रयत्नको एउटा संकेत पनि हुन सक्छ। त्यही प्रयत्न लेखक र चिन्तकमा पनि आएको हुन सक्छ। समाज र राष्ट्रका रूपमा हामी को हौं ? अहिलेसम्म हामीले बुझेको इतिहासका अँध्यारा पक्ष के हुन् ? यी प्रश्नको उत्तर खोज्न हामी हिजोतिर फर्किनैपर्छ। देश नयाँ व्यवस्था– गणतन्त्रतर्फ परिपक्व हुँदै जाँदा, हाम्रो इतिहास, विशेषगरी जनता र छुटेका पात्रको दृष्टिबाट हेर्ने चासो बढेको हुन सक्छ।

'अज्ञात'मा पाठकले कुन भाग इतिहास हो र कुन लेखकको दृष्टिकोण भनेर कसरी थाहा पाउने ?

'अज्ञात'मा भएका कतिपय घटनाका स्रोत फुटनोटका रूपमा पनि दिइएका छन्। सन्दर्भ सामग्री र इतिहासले चिनेका पात्रको विवरण पनि पुस्तकमा समावेश गरिएको छ। त्यसले पाठकलाई अवश्य सहयोग पुऱ्याउनेछ भन्ने लाग्छ। पद्दै जाँदा मुख्य पात्रहरूको व्यक्तिगत जीवनबाहेकका धेरै प्रसंग इतिहासकै आधारमा निर्माण गरिएका हुन् भन्ने कुरा सजिलै छुट्टिन्छ जस्तो लाग्छ।

आजभन्दा अढाई सय वर्ष पुरानो समाज, उनीहरूको भाषिका र जीवनशैलीलाई उपन्यासमा उतार्न कत्तिको सहज वा असहज भयो ?

त्यति पुरानो समयको समाज लेख्न कठिन हुनु स्वाभाविक हो। तर, त्यो समयको जनजीवन र इतिहासमा काम गरेका अग्रणी अनुसन्धानकर्ताको ठुलो मिहिनेतका कारण यो पुस्तक सम्भव भएको हो। महेशचन्द्र रेग्मी, संशोधन मण्डल, महेशराज पन्त, दिनेशराज पन्त, ज्ञानमणि नेपालजस्ता अग्रजले धेरै महत्त्वपूर्ण काम गर्नुभएको छ। उहाँहरूको अनुसन्धान र मिहिनेतकै आलोकमा यो पुस्तक तयार भएको हो।

इतिहासका गुमनाम पात्रलाई विभिन्न भूमिकामा 'अज्ञात'ले केन्द्रमा ल्याएको छ। तर, तिनीहरूको आवाज इतिहासमै नहुँदा लेखकलाई आख्यानमार्फत उनीहरूको तर्फबाट बोल्ने अधिकार कति हुन्छ ?

इतिहास पद्दै जाँदा एउटा आख्यानकारले देखेको, बुझेको र कल्पना गरेको संसार यो पुस्तक हो। पाठकले यो पुस्तक पढ्दा आख्यानमार्फत ती पात्रको समय र परिवेशलाई केन्द्रमा पाउनु स्वाभाविक हो। उनीहरूको आवाज प्रस्तुत गर्नु लेखकको अधिकारको प्रश्न होइन, त्यो लेखकीय चेतनाको अभिव्यक्ति हो। त्यसमा सत्य र प्रामाणिकता कति छ भन्ने कुराले मात्रै त्यसको मूल्य निर्धारण गर्छ।

पृथ्वीनारायण शाहलाई आधुनिक नेपालका राष्ट्रनिर्माता भनेर पढियो, बुझियो। 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन' भन्ने उनको भनाइ उद्धरण गरियो। तर, तपाईंका पात्रले 'हाम्रा साना दुःखले आर्ज्याको मुलुक होइन' भनेर प्रतिकार गरेका छन्। यसको मतलब पृथ्वीनारायण शाह गलत थिए ?

आधुनिक नेपालको सुरुवात गर्ने कल्पना र नेतृत्व राजा पृथ्वीनारायण शाहबाटै भएको हो। त्यसमा विवाद हुनुपर्ने कारण देख्दिनँ। तर, यति ठुलो राष्ट्र निर्माणको अभियानमा हजारौं मानिस सहभागी थिए। तीमध्ये धेरै इतिहासमा अज्ञात रहे। उनीहरूको कथा पनि जोडिएपछि मात्रै यो कथाले पूर्णता पाउँछ। नेपाल निर्माणको इतिहासलाई नेतृत्व र समाज दुवैको साझा प्रयासका रूपमा हेर्नुपर्छ। हाम्रै जीवनकालमा भएका आन्दोलनलाई सम्झनुस्। ती आन्दोलन कसले गरे ? नेतृत्वले मात्रै कि सडकमा उत्रिएका नागरिकले पनि ? पुस्तकमा प्रयोग भएको 'हाम्रा' शब्दले ती सबै पात्रलाई समेट्छ।

नालापानीको युद्धलाई वीरताको प्रतीक मानिन्छ। तर, 'अज्ञात'ले धेरै मानिस देशप्रेमभन्दा नुनको सोझो गर्न लडेका थिए भन्छ नि !

इतिहास वा कुनै पनि घटनाको महिमामण्डन विभिन्न कारणले हुने गर्छ। नालापानी युद्ध धेरै कारणले विशिष्ट छ। त्यसले अंग्रेजविरुद्ध नेपाली प्रतिरोधको वीरतापूर्ण उदाहरण प्रस्तुत गर्छ, त्यो सत्य हो। तर, एक पाइला पछाडि हटेर हेर्दा त्यसको अर्को आयाम पनि देख्न सकिन्छ। आज पनि सैनिक, प्रहरी वा सरकारी सेवामा प्रवेश गर्ने युवा कुन प्रेरणाले जान्छन् ? केवल देश सेवाको भावनाले कि आफ्नो जीवन र वृत्ति निर्माण गर्ने चाहनाले पनि ? यो प्रश्नको उत्तर खोज्दा तपाईंले सोध्नुभएको प्रश्नको उत्तर पनि भेटिन्छ जस्तो लाग्छ।

'अज्ञात' पढेर पाठकले नेपालको इतिहासप्रति गर्व गर्ने कि दिक्दारी मान्ने ?

इतिहासमाथिको एकांगी गर्वले अन्धराष्ट्रवादतर्फ लैजान सक्छ भने एकांगी दिक्दारीले निराशातर्फ। 'अज्ञात' गर्व वा दिक्दारीभन्दा माथि उठेर इतिहासलाई बुझ्ने प्रयास हो। हामीले हाम्रा पुर्खाले भोगेका दुःख बुझ्न सक्यौं भने त्यसले हामीलाई सही दृष्टिकोण दिन सक्छ। हामी जुन बाटो हुँदै आजको समयसम्म आइपुगेका छौं, त्यो हाम्रो साझा सत्य हो। त्यसलाई बुझ्दा भविष्यतर्फ अझ विवेकपूर्ण ढंगले अघि बढ्न सकिन्छ भन्ने लाग्छ।

अन्त्यमा, तपाईंको पहिलो कृति कथासंग्रह 'अर्को भोर' थियो। त्यसले राम्रै चर्चा पायो। अहिले ऐतिहासिक उपन्यास लिएर आउनुभयो। एउटा कथाकारबाट उपन्यासकार बन्दाका अनुभव र चुनौती कस्ता रहे ?

यी दुवै विधाका आफ्नै सहजता र चुनौती छन् भन्ने लाग्छ। कथाहरू फरक-फरक विषय र पात्रमा लेखिने भएकाले हरेक कथा अपेक्षाकृत छोटो यात्रा थियो। तर, उपन्यासले लामो समय, ठुलो परिवेश र फराकिलो भूगोल माग्दो रहेछ। धेरै समयसम्म एउटै कथासँग बाँचिरहनुपर्ने चुनौती त्यसमा हुन्छ। एउटा अध्यायबाट अर्को अध्यायमा जाँदा लेखनको लय र कथाको गति उस्तै राखिरहन निकै प्रयास गर्नुपऱ्यो। त्यस अर्थमा उपन्यासले मलाई लेखकका रूपमा धेरै धैर्य र अनुशासन सिकायो।

भऱ्याप्पै !




रवि मिश्र
@rabimishra



एआईले भाषामार्फत गर्नेछ मानवमाथि नियन्त्रण

चाँडै एआईले हाम्रो भाषा हामीले भन्दा राम्रोसँग बुझ्नेछ, त्यसपछि खेल पूरै उल्टिन सक्छ



आज संसारका कुनै पनि मानिसले चेस खेलमा एआईलाई हराउन नसकेजस्तै चाँडै कुनै पनि मानिसले कुनै पनि भाषासम्बन्धी क्षेत्रमा एआईलाई हराउन नसक्ने अवस्था आउनेछ। यसमा वित्त, विज्ञानदेखि धर्मसम्मका क्षेत्र पर्नेछन्। शब्दबाट बनेको हरेक चिजमाथि एआईले कब्जा गर्नेछ।

प्रविधि



● युभल नोहा हरारी

एआईका बारेमा जान्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा हो, यो औजार होइन। अर्थात्, यो हाम्रो हातमा भएको औजार होइन। यो त आफ्नै 'हात' भएको 'एजेन्ट (कर्ता)' हो। त्यसो भए हामीले पहिले एजेन्ट र औजारको भिन्नता छुट्याउनुपर्ने हुन्छ।

एजेन्टहरूसँग धेरै विशिष्ट विशेषता हुन्छन्। एजेन्टसँग चेतना हुनैपर्छ भन्ने हुँदैन, अर्थात् एजेन्टसँग चेतना नभए पनि उसलाई आफूलाई चाहिने कुरा आफैंले निर्णय लिने क्षमता, नयाँ चिज आविष्कार गर्ने क्षमता, विगतमा सिकाइएको भन्दा फरक नयाँ विचार आविष्कार गर्ने क्षमता हुन्छ। एजेन्टले आफैंले आफ्ना सिर्जनाकर्तालाई थाहा नभएका कुरा सिक्न सक्षम हुनुपर्छ। र, सिक्दै जाने क्रममा एजेन्टले स्वस्फूर्त रूपमा त्यस्ता परिवर्तन पनि गर्न सक्षम हुन्छन्, जुन यसका सिर्जनाकर्ताले समेत अनुमान गरेका हुँदैनन्।

उदाहरणका लागि एउटा स्वचालित कफी मेसिन एजेन्ट होइन। तथापि, यसले केही काम भने स्वचालित रूपमा गर्न सक्छ। तपाईंले बटन थिचेको भरमा मेसिनले स्वचालित रूपमा तपाईंले भनेको कफी बनाउँछ। अर्थात्, हालसम्मको उन्नत कफी मेसिन उसलाई दिइएको पूर्वप्रोग्रामलाई खुरुखुरु पछ्याउँछ। भनेको भन्दा फरक उसले केही गर्दैन। न त त्यसले आफैंले केही नयाँ नै सिक्छ ? न त त्यस मेसिनले केही नयाँ नसोचेको कुरा नै सिर्जना गर्छ ?

तर, अब मानौं भविष्यमा कफी मेसिन यस्तो बन्न सक्छ, जसको नजिक जाँदा नै तपाईंले कुनै निर्देशन दिने बटन थिच्नुअघि मेसिनले घोषणा गर्दै भनोस्, 'म विगत केही हप्तादेखि तपाईंलाई निगरानी गरिरहेको छु। यस अवलोकन र तपाईंजस्तै अन्य व्यक्तिको समेत अवलोकनबाट मैले सिकेका तमाम सूचनाका आधारमा तपाईंको अनुहारको भाव, अहिले दिनको समयको आधारमा म भन्न सक्छु कि तपाईंलाई एस्प्रेसो चाहिएको छ। तपाईंलाई यो कफी चाहिएको भन्न अत्यधिक बढी सम्भावनाको आधारमा मैले पहिले नै तपाईंका लागि एक कप कफी बनाएको छु।'

अब त्यो एआई कफी मेसिनमा बदलिसकेको छ। यसले आफैंले केही सिक्यो र सिकाइका आधारमा विनाकुनै निर्देशन कदम चाल्ने निर्णय गऱ्यो। साँच्चै एआई कफी मेसिनले सिक्दै जाँदा कुनै समय घोषणा गर्दै भन्न सक्छ, 'मैले अब 'बेस्ट प्रेसो' नामक नयाँ पेय आविष्कार गरेको छु। जुन मलाई लाग्छ, तपाईंलाई एस्प्रेसोभन्दा बढी मन पर्न सक्छ। तपाईंलाई मैले त्यसको एक कप बनाएको छु, एकपटक चाखेर हेर्नुस् त। मैले तपाईंलाई कप बनाएको छु।' यहाँ एआई मेसिनले उसलाई बनाउनेसमेत अनुमान नगरेको पूर्ण रूपमा नयाँ पेयको आविष्कार गऱ्यो।

चेसजस्ता केही क्षेत्रमा एआई एजेन्सी र रचनात्मकतामा एआईले मानव एजेन्सी र रचनात्मकतालाई धेरै हदसम्म उछिनिसकेको छ। चेस खेल्ने एआईले कुन चाल चाल्ने भन्ने निर्णय आफैंले गर्छ र यस क्रममा उसले आफैंले एकदम नयाँ रणनीति आविष्कार गरेको पाइएको छ, जुन रणनीति हजारौं वर्षदेखि चेस खेलिरहेका मानव चेस मास्टरको दिमागमा कहिल्यै आएकै थिएन।

निश्चित रूपमा मानव क्षमतालाई उछिनेको एआई चेस-मास्टरले आफैंले फलाम खानी उत्खनन् सुरु गर्न सक्दैन। न त तिनले धातु कारखाना खोलेर संसार कब्जा गर्ने रोबोटसेना तयार पार्न नै सक्षम हुनेछ। वास्तवमा, मानिस निर्मित विद्युत्विना एआईले केही पनि गर्न सक्दैन। अर्थात्, मानव क्षमताभन्दा निकै चनाखो हाम्रो एआई चेसमास्टर विद्युत्विना पूर्ण रूपमा असहाय हुन्छ। यसैलाई हेरेर एआई वास्तवमा साँचो एजेन्ट(कर्ता) नभएको तर्क गरिन्छ। उनीहरू त अरूले नै निर्माण गरिदिएको साँघुरो कृत्रिम आयामभित्र सीमित कसरी कर्ता हुन सक्छन् ? प्रश्न अस्वाभाविक लाग्दैन।

तर, यही तर्क खासमा सबै ज्ञात प्रकारका बुद्धिमत्ता जीवमा पनि लागू हुन्छ। जस्तो- हामीले जानेको सबैभन्दा बुद्धिमत्तापूर्ण जीव मानवलाई नै हेर्यौं। मानिस खासमा अपेक्षाकृत साँघुरो पारिस्थितिकीय प्रणालीभित्र मात्र जीवित वा सक्रिय रहन सक्छ। र, मानिस जीवित रहने जुन वातावरण पृथ्वीमा अवस्थित छ, त्यो मानिस आफैंले निर्माण गरेको होइन। जस्तो- मलाई अहिले यत्तिकै मंगल ग्रहमा लगेर एक्लै छोडिदिनु र जंगलको बिचमा एआई चेस-मास्टरलाई छोड्नु उस्तै हुन्छ, अर्थात् म मंगलग्रहमा केही सेकेन्डमै मर्नेछु। अर्थात्, म र मजस्तै मानव बुद्धिमत्ता चार अर्ब वर्षको अवधिमा यस पृथ्वी ग्रहले विकास गरेको रूखहरू, ब्याक्टेरिया, किराहरू र अन्य जीवले निर्माण गरेका धेरै, धेरै विशिष्ट पारिस्थितिकीय प्रणालीभित्र मात्र बाँच्न र सञ्चालन गर्न सक्छ।

लगभग २.४ अर्ब वर्षपहिलेसम्म पृथ्वीको वायुमण्डलमा निकै कम अक्सिजन थियो। त्यतिवेला पृथ्वीमा रहेका जति पनि जीव वनस्पति थिए, ती अक्सिजनबिनै बाँच्न सक्ने मात्र नभई त्यति वेलाका जीवलाई अक्सिजन घातक विषबराबर थियो। तर, अचानक पृथ्वीमा 'ग्रेट अक्सिजनेसन इभेन्ट' घटित भयो। लाखौं वर्ष कायम रहेको यस चरणमा अक्सिजनको घातक प्रभावका कारण असंख्य पुरातन प्रजाति लोप हुन पुगे। यद्यपि, समयक्रममा जति प्रजाति बाँच्न सफल भए तिनले नयाँ प्यासयुक्त पर्यावरणमा अनुकूलन हुन सफल भए। र, यी बाँचेकामध्ये प्रजातिलाई पछि गएर यही अक्सिजन घातक विषबाट अस्तित्वका लागि नभई नहुने प्राणवायु बन्यो। तिनको अस्तित्व अक्सिजनमाथि पूर्ण रूपमा निर्भर हुन पुग्यो। हामी अझै पनि यही आफूले विकास नगरेको अक्सिजनले भरिएको वातावरणमा बस्छौं। यस्तै यही कुरा सबै एजेन्टको हकमा लागू हुन्छ। अर्थात्, हामीले आफूवरपर देखेका सबै एजेन्ट अरू कसैले वा प्रक्रियाले बनाइदिएको पर्यावरणमा सञ्चालित हुन सक्छन्। अब माछालाई नै हेर्यौं, यो जीव आफूले निर्माण नगरेको नदी र सागरमा बस्छन्। त्यसबाहिर तिनको अस्तित्व सम्भव छैन। जंगली जीव जंगलमा बस्छन्, जुन तिनले बनाएका होइनन्। मानिसलगायत सबै स्तनधारी प्राणी अक्सिजनयुक्त वातावरणमा बस्छन्, जुन उनीहरूले सिर्जना गरेका होइनन्।

गत सहस्राब्दीमा हामी मानिसले विकास गरिरहेको एउटा वातावरण खासमा एआई फस्टाउने नयाँ कृत्रिम वातावरण बन्ने देखिन्छ। हामी मानिसले कुनै समय भाषा मुक्त

> एआईले समाचार सम्पादकदेखि बैंकरसम्मका जागिर खोस्ने मात्रै होइन, मानव सम्बन्धदेखि कला, धर्म र रोमान्सलाई समेत बदलिदिनेछ। भविष्यमा मानिसले आफ्ना छोराछोरी एआई प्रेमी-प्रेमिकासँग डेट गर्न थालेको अवस्था देख्नु-भोग्नु पर्नेछ। जुन सुरुमा पचाउन गाह्रै हुनेछ।

रहेको यस ग्रहको वातावरणलाई भाषा 'टोकन', तथ्यांक र ब्युरोक्रेसी (नोकरसाही)ले भरिपूर्ण कृत्रिम वातावरणमा रूपान्तरण गरिदिएका छौं। र, यो वातावरण अरू धेरै जीवका लागि घातक साबित हुन सक्छ, तर एआईलाई भने यही वातावरण अत्यधिक अनुकूल हुन्छ। किनभने, जसरी माछा समुद्रमा बस्छन् र जंगली जीव जंगलमा बस्छन्, एआईहरू नोकरसाहीमा बस्छन्।

हामी मानवले निकै ठुलो स्तरमा सहकार्य गर्न सिकेर आज संसारमाथि अधिपत्य जमाउन सफल भएका हौं। र, यति ठुलो स्तरमा सहयोग र सहकार्य कसरी हुन्छ, कहिल्यै ख्याल गर्नुभएको छ ? सामान्यतया मानव सहकार्यको समन्वय गर्न कानुनी प्रणाली वा वित्तीय प्रणाली वा धर्म वा राज्य वा विश्वविद्यालयजस्ता नोकरसाही प्रणाली निर्माण गरिएको हो। खासमा समाजका प्रतिष्ठित मानिने बैंकरहरू वा अरू नोकरसाहीहरूले दिनभर गर्ने कामको समानता ख्याल गर्नुभएको छ ? उनीहरूका बाह्य काममा भिन्नता भए पनि उनीहरूको कामको उद्देश्य खासमा मानिस-मानिसबिच विश्वास निर्माण गर्नु हुन्छ। अर्थात्, नोकरशाहको मूल उद्देश्य एक-अर्कालाई व्यक्तिगत रूपमा नचिनेका ठुलो संख्यामा अपरिचित मानिसबिच विश्वास निर्माण गर्नु हो। यसैले गर्दा ठुलो स्तरमा मानवीय सहकार्य सम्भव हुन्छ। हाम्रो प्रजातिले हासिल गरेको लगभग सबै उपलब्धिको आधार यही सहकार्य र विश्वास निर्माण हो।

र, यही वातावरणमै एआईले एजेन्सीको शक्ति प्राप्त गरिरहेको छ। मानिसले पहिले नै सिर्जना गरेका नोकरसाही प्रणालीभित्र एआईहरू विशाल शक्ति प्रयोग गर्न तयार छन्। मानवका लागि नोकरसाहीतन्त्र सिकेको विषय थियो होला, तर एआईका लागि त यो उसको हुर्कने जमिन हो। जस्तो- कुनै पनि वकिलले एउटा देशको सबै कानुनका किताबका हरेक धारा, उपधारा सम्झन सक्दैन। तर, एआईले सक्छ। कुनै पनि मानव एकाउन्टेन्टले आफूले काम गर्ने निगम वा बैंकको सबै लेनदेन सम्झन सक्दैन। तर, एआईले सक्छ। कुनै पनि धर्म गुरुले आफ्नो धर्मशास्त्रका सबै ग्रन्थ सम्झन सक्दैन। एआईले त्यो सजिलै गर्न सक्छ।

त्यसैले, आगामी दिनमा लाखौं एआई नोकरशाह (ब्युरोक्रेट्स)ले विश्वको नोकरसाही प्रणालीलाई कब्जा गर्दै जानेछ। यसले गर्दा हाम्रो जीवनसम्बन्धी निर्णय बिस्तारै एआईको हातमा सर्दै जानेछ। अर्थात्, अब कुनै व्यक्तिलाई ऋण दिने कि नदिने भनेर निर्णय कुनै मानव बैंक म्यानेजरले भन्दा एआई बैंकरले गर्न थाल्नेछ। कुनै व्यक्ति दोषी हो या होइन वा उसलाई जेल पठाउने कि नपठाउने भन्ने निर्णय पनि एआई न्यायाधीशले गर्नेछन्। कर्पोरेट एआईले तपाईंलाई जागिर दिने कि नदिने भनेर निर्णय गर्नेछन्। र, कसको घरमा बम खसाल्ने भन्ने निर्णय पनि सैन्य एआईले गर्न थाल्नेछ।

एकछिनका लागि यो राम्रो हो कि होइन भन्ने प्रश्नलाई बिर्सिदिनुस् र आफ्नै वरपर भइरहेको परिवर्तनलाई ख्याल गर्नुस् त। कतिपय कुराको संकेत त देख्न थालिसकेको छ। आउने दिनमा झन् बढी एआइले संसारका सबै प्रणालीलाई परिवर्तन गर्नेछन्।

यो कसरी हुन्छ र यसको परिणाम के हुन सक्छ भन्नेबारे बुझ्न यसका केही वास्तविक उदाहरणमा ख्याल गर्नु उपयुक्त हुन्छ। यो बुझ्नका लागि अहिलेसम्मको सबैभन्दा राम्रो उदाहरण सामाजिक सञ्जाल र यसलाई सञ्चालन गर्ने एल्गोरिदम हेर्नु उपयुक्त हुन्छ। धेरैलाई थाहा भइसकेकै तथ्य हो कि सामाजिक सञ्जाल मानिसबाट नभई एल्गोरिदमद्वारा सञ्चालित हुन्छ। र, सामाजिक सञ्जालमा सम्प्रेषित हुने प्रत्येक सूचनाको आवागमनलाई नियन्त्रण गर्ने जुन एल्गोरिदम छन्, ती एकदम सुरुवाती अवस्थाका एआई हुन्। अर्थात्, आजभन्दा १०-१५ वर्षअघि बनेका ती पहिलो पुस्ता एआई थिए, जो आजको एआईको तुलनामा धेरै पुरानो, सुस्त, साँघुरो लाग्छ। तर, पनि त्यसले सारा संसारलाई पूर्ण रूपमा बदलिदियो।

अहिले फेसबुक, टिकटक वा एक्सका एल्गोरिदमलाई तयार पार्ने कम्पनीले तिनीहरूलाई अत्यन्त साँघुरो लक्ष्य दिएका छन्। प्रयोगकर्ता आफ्नो प्ल्याटफर्ममा अधिकतम संलग्न गराउने गरी तिनको निर्माण भएको हो। आखिर प्रयोगकर्ताहरू जति धेरै समय आफ्ना प्लाटफर्ममा समय बिताओ, कम्पनीले त्यति नै धेरै पैसा कमाउँछ। अर्थात्, उद्देश्य एकदम सरल र संकीर्ण छ। अहिले यसले काम गऱ्यो, तर ठुलो मानवीय मूल्यका साथ।

गत शताब्दीमा जति पनि मिडिया प्लाटफर्म थिए, तिनमा जानकारीको प्रवाह मानव-सम्पादकद्वारा नियन्त्रित हुन्थ्यो। अर्थात्, सूचनाको प्रभावको दिशा तय गर्ने कुरा मानव कार्यक्षेत्रमा पर्थ्यो। पत्रिकाको पहिलो पृष्ठमा के राख्ने भन्ने निर्णय सम्पादक गर्थे। टेलिभिजनमा साँझको समाचारमा कुन वस्तु समावेश गर्ने भन्ने निर्णय गर्ने मानव सम्पादक नै थिए। र, सार्वजनिक बहसलाई आकार दिएर मानव सम्पादकमध्ये केही त पछि गएर आधुनिक इतिहासका धेरै महत्त्वपूर्ण व्यक्ति पनि बने।

उदाहरणका लागि, जँ-पल मारातले प्रभावशाली अखबार 'लामी डे प्युपल' नामक पत्रिका सम्पादन गरेर फ्रान्सेली क्रान्तिको मार्गलाई आकार दिए। एड्वर्ड बर्नस्टाइनले 'द सोसल डेमोक्रेसी' सम्पादन गरेर आधुनिक सामाजिक लोकतान्त्रिक आन्दोलन र सामाजिक लोकतान्त्रिक सोचलाई आकार दिए। उता भ्लादिमिर लेनिन सोभियत तानासाह बन्नुभन्दा अघि कुनै वेला 'इस्क्रा'का सम्पादक थिए। इटलीका तानासाह बेनिटो मुसोलिनीले जीवनका गरेका प्रमुख जागिरमध्ये एक उग्र दक्षिणपन्थी अखबार 'इल पोपोलो डी इटालिया'को सम्पादन थियो। र, रोचक के छ भने एआईले मानव रोजगारीमध्ये पहिलो प्रभावकारी रूपमा राम्रोसँग गरेको काम ट्याक्सी चलाउने वा कपडा बुन्ने होइन, समाचार सम्पादन हो।

हलिउड फिल्मले एआई भन्नासाथ ठुल्ठुला बन्दुक बोकेका रोबोटका विद्रोहका कथा प्रस्तुत गरेर दशकौंदेखि दर्शक तसाउँदै आएका छन्। जब हामी एआईहरूको नियन्त्रणबाट मुक्त हुने कल्पना गर्छौं, हाम्रो दिमागमा जेम्स क्यामरुनको फिल्म 'टर्मिनेटर'को दृश्य आउँछ, जहाँ रोबोट सेनाले मानिसलाई लखेटी-लखेटी मारिरहेको हुन्छ। तर, यो गलत छवि हो। खासमा यदि एआईले मानव विश्वलाई कुनै दिन कब्जा गरे नै भने त्यो यस्तो बाह्य आक्रमणबाट नभई भित्री संयन्त्र कब्जाबाट गर्ने सम्भावना धेरै छ। अर्थात्, एआईलाई मानव संसार कब्जा गर्न बन्दुक बोकेर सडकमा उत्रिनुपर्ने आवश्यकता नै पर्ने छैन।

त्यसो भए एआईहरूले साँच्चै मानव विश्व (जुन आंशिक रूपमा माथि उल्लेख गरेको मानव ब्युरोक्रेसी कब्जामार्फत आउनेछ) कब्जा जमाए भने के होला त ? ख्याल गर्नुसू त नोकरसाहीले तपाईंलाई कुनै फर्म भर्न बाध्य बनाउँदै यो प्रणाली त अपरिचितबिच विश्वास निर्माण गर्न बनाइएको हो। एआईहरूले यही मानव विश्वमा विश्वासको प्रवाहलाई नियन्त्रण गरे के होला ?

एउटा सम्भावित परिणाम, जुन हामीले एल्गोरिदमबाट चल्ने सामाजिक सञ्जालको आगमनपछि प्रत्यक्ष देखिरहेका छौं, त्यो मानिस-मानिसबिचको विश्वासमा क्षय। अर्थात्, मानिसलाई अर्को मानिसभन्दा एल्गोरिदमहरू (वा एआई)माथि बढी विश्वास हुन थाल्छ। अर्को सम्भावित परिणाम एआईहरूले अन्य एआईसँग विश्वास निर्माण गर्न सिक्नेछन्। अर्थात्, अलग-अलग काममा सक्रिय विभिन्न प्रकारका जति पनि एआई छन्, तीबिच लाखौं सञ्जाल विकास हुन सक्छ। यसको सबैभन्दा जटिल पक्ष के हुनेछ भने त्यस सम्पर्क स्थापित गर्न उनीहरूले विकास गर्ने 'भाषा' मानिसहरूले बुझ्न सक्नेछैनन्।

जसरी आजको दिनमा गाईवस्तुले तिनको जीवन नियन्त्रण गर्न मानवले विकास गरेको प्रणाली बुझ्दैनन्, त्यसरी नै छिटै एआईले आफूबिच विकास गरेको प्रणाली मानव समझभन्दा बाहिर हुनेछ। तिनले विकास गरेको प्रणालीले हामीलाई नियन्त्रित गरिरहेको हुनेछ, तर हामीले त्यसको सम्पूर्ण अवस्था बुझ्न सक्दैनौं।

एआईले छिटै ठुलो प्रभाव पार्ने एक क्षेत्र वित्त हो। यो एआईका लागि कब्जा गर्न सबैभन्दा सजिलो नोकरसाही प्रणालीमध्ये एक पनि हो। किनभने, वित्त भनेको मूलतः डेटा त हो नि। र, फेरि यो मानवलाई प्रत्यक्ष रूपमा सबैभन्दा प्रभाव पार्ने क्षेत्र पनि हो।

फेरि दोहोऱ्याउँदै छु, आज पृथ्वीमा कायम मानव प्रभुत्व विशाल सहयोग र सहकार्यमा आधारित छ र जुन विश्वासमा आधारित छ। र, यसलाई टिकाउन मानिसले नोकरसाही प्रणालीको विकास गरेको छ। तर, नोकरसाही केमा आधारित छ त ? यो न कुनै परमाणु बम न त ठुल्ठुला भवनमै निर्भर छ। नोकरसाही प्रणाली विश्वास टिकाउन बनेकाले यसको आधार हो, शब्द वा भाषा। हजारौं वर्षको अवधिमा मानवले भाषाको समृद्ध संकेतसहितको एउटा प्रणाली सिर्जना गरेको छ। र, यो संकेत फेरि हामी मानिसले मात्र बुझ्न सक्छौं। खासमा पृथ्वीका अरू जीवले नबुझ्ने भएकैले हामीले सुरक्षाको भावमा यसको जगमा सभ्यता खडा गऱ्यौं। तर, यो अब परिवर्तन हुँदै छ। अब यस ग्रहमा केही यस्तो नयाँ एजेन्सी आएको छ, जसले हाम्रो यो विशिष्ट पहिचान बनेको भाषिक संकेत बुझ्छ। अझ, चाँडै यो एजेन्सीले हाम्रै भाषा हामीभन्दा राम्रोसँग बुझ्नेछ। त्यसपछि खेल पूरै उल्टिन सक्छ। एआईले मानव सभ्यताको कोड (भाषिक संकेत) 'ह्याक' गरिरहेका छन्। जब एआईले हामीभन्दा राम्रोसँग भाषिक संकेतको जगमा विकास गरेका वित्त, कानुन र धर्मको समग्र केम्रा बुझ्छन्, तब के होला ? हजारौं वर्षमा हामीले सिर्जना गरेका सबै नियन्त्रण संयन्त्रमाथि एआईको नियन्त्रण कायम हुने अवस्था आउन सक्छ, किनभने यी सबै संयन्त्र प्रणाली (अपरेटिङ सिस्टम) भनेकै भाषिक संकेत थिए, जसमा एआई हामीभन्दा पोख्त हुँदै गएको छ। र, आज संसारका कुनै पनि मानिसले चेस खेलमा एआईलाई हराउन नसकेजस्तै चाँडै कुनै पनि मानिसले कुनै पनि भाषासम्बन्धी क्षेत्रमा एआईलाई हराउन नसक्ने अवस्था आउनेछ। यसमा वित्त, विज्ञानदेखि धर्मसम्मका क्षेत्र पर्नेछन्। शब्दबाट बनेको हरेक चिजमाथि एआईले कब्जा गर्नेछ।

एआईले भाषा र शब्दमा आधारित नोकरसाही प्रणाली कब्जा गर्दै गर्दा मानिसहरूचाहिँ नोकरसाही प्रणालीभन्दा बढी पुरानो र हामीमध्ये धेरैका लागि बहुमूल्य चिज अर्थात् व्यक्तिगत सम्बन्धतर्फ फर्किने प्रयास गर्न सक्छन्। तर, एआईले भाषामाथि सबै क्षमता हासिल गर्नेबित्तिकै यसले केही हदसम्म व्यक्तिगत सम्बन्धलाई पनि कब्जा गर्न सक्छ। यो कुरा विगत १० वर्षमै सामाजिक सञ्जालका कतिपय पुराना सामाजिक सञ्जाल एल्गोरिदमले नै गरेको देखेका छौं। तिनले मानव ध्यान कसरी तान्ने भनेर सिकिसकेको छ। अब युद्धको अर्को मोर्चा ध्यान तान्नेबाट आत्मीयतातर्फ सर्दै छ। तपाईंले आफूवरपरका कति मानिस च्याटजिपिटीसँग च्याट गर्ने लतमा पर्न थालेको देख्नु-सुन्नु भएकै होला। यो त्यसै दिशाको प्रारम्भिक संकेत हो। आगामी १० वर्षमा थप परिष्कृत एआईहरूले मानिससँग घनिष्ठ सम्बन्ध कसरी बनाउने र कम्तीमा आंशिक रूपमा हाम्रो सामाजिक प्रणाली कसरी ग्रहण गर्ने भन्ने सिक्नेछन्।

यसरी एआईले समाचार सम्पादकदेखि बैंकरसम्मका जागिर खोस्ने मात्रै होइन, मानव सम्बन्धदेखि कला, धर्म र रोमान्सलाई समेत बदलिदिनेछ। भविष्यमा मानिसले आफ्ना छोराछोरी एआई प्रेमी-प्रेमिकासँग डेट गर्न थालेको अवस्था देख्नु-भोग्नु पर्नेछ। जुन सुरुमा पचाउन गाह्रै हुनेछ। तथापि, यो परिवर्तन सभ्यताको अन्त्य नहुन सक्छ। बरु यो बिन्दुमा सभ्यता पूर्ण रूपमा मानवसँग मात्र सम्बन्धित नभई 'मानव-एआई' हाइब्रिड सभ्यता हुन सक्छ। अर्थात्, यस बिन्दुमा एआईको विचार, रुचि र लक्ष्य कम्तीमा मानिसको विचार, रुचि र लक्ष्यजत्तिकै महत्त्वपूर्ण हुने सम्भावना हुन्छ।

(इतिहासकार हरारीले जुन ३०, २०२६ मा अक्सफोर्ड विश्वविद्यालयको 'ट्यानर लेक्चर' शृंखलाअन्तर्गत दिएको मन्तव्यको सम्पादित संस्करण।)

अनुवाद : **श्रवण उप्रेती**

अर्थ पत्रिका


नयाँ पत्रिका
शनिबार १६ साउन ०८३

७९ लाख पुगे सक्रिय करदाता

एक वर्षमा थपिए नौ लाख

राजस्व प्रशासनले बढाएको प्रविधि, करदाता दर्ता प्रक्रियामा सरकारी सहजीकरणले गर्दा प्रत्येक वर्ष करदाताको संख्यामा उल्लेख्य वृद्धि

दर्ताको प्रकार	आ.व. ०८१/८२ सम्मको करदाता	आ.व. ०८२/८३ सम्मको करदाता
व्यावसायिक प्यान	२०,६०,७५८	२१,७५,०९२
व्यक्तिगत प्यान	४९,०२,७२२	५६,९६,७०८
अग्रिम कर कट्टी प्यान	३५,८७०	३९,१६४
जम्मा प्यान दर्ता संख्या	६९,९९,३५०	७९,१०,९६४



नयाँ पत्रिका

आन्तरिक राजस्व विभागका अनुसार गत आर्थिक वर्ष ०८२/८३ सम्ममा सक्रिय करदाताको संख्या ७९ लाख १० हजार नौ सय ६४ पुगेको छ। विभागका अनुसार गत आवमा स्थायी लेखा नम्बर (प्यान), मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कमा दर्ता हुने नयाँ करदाता नौ लाख ११ हजार ६ सय १४ जना थपिएका हुन्।

राजस्व प्रशासनले प्रविधिको प्रयोग बढाउँदै लगेको, करदाता सेवा कार्यालयहरू र स्थानीय तहहरूमार्फत करदाता दर्ता प्रक्रिया सहज बनाएको र राजस्वको दायरा विस्तार गर्ने नीति लिएका कारण प्रत्येक वर्ष करदाताको संख्यामा उल्लेख्य वृद्धि भइरहेको विभागले जनाएको छ। विभागका अनुसार आर्थिक वर्ष ०८१/८२ को असार मसान्तसम्म देशभर ६९ लाख ९९ हजार तीन सय ५० जना सक्रिय प्यानमा आबद्ध करदाता थिए। गत आव ०८२/८३ मा मात्रै नौ लाख ११ हजार ६ सय १४ जना नयाँ करदाता थपिएका हुन्।

व्यावसायिकभन्दा व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको बाहुल्य

सरकारले बैंक खाता खोल्न, सेयर कारोबार (डिम्याट) गर्न, सवारीसाधन किन्न र सरकारी सेवा-सुविधा लिन व्यक्तिगत स्थायी लेखा नम्बर (व्यक्तिगत प्यान) अनिवार्य गरेसँगै यसमा सर्वसाधारणको उपस्थिति बढेको छ। व्यक्तिगत प्यानमा दर्ता हुने असार मसान्तसम्म कुल ५६ लाख ९६ हजार सात सय आठ जना पुगेका छन्। गत एक वर्षमा मात्रै सात लाख ९३ हजार नौ सय ८६ जना सर्वसाधारणले नयाँ व्यक्तिगत प्यान लिएका छन्। व्यावसायिक प्यान लिने व्यावसायिक फर्म तथा कम्पनीहरूतर्फ २१ लाख ७५ हजार ९२ दर्ता भएका छन्। गत वर्ष एक लाख १४ हजार तीन सय ३४ नयाँ व्यावसायिक करदाता थपिएका हुन्।

अग्रिम कर कट्टी प्यानतर्फ सरकारी तथा गैरसरकारी निकायहरूले कर कट्टी प्रयोजनका लागि लिने डब्लु प्यानको संख्या ३९ हजार एक सय ६४ पुगेको छ। यसमा गत वर्ष तीन हजार दुई सय ९४ थपिएका हुन्। वस्तुको प्रकृतिअनुसार अनिवार्य मानिने मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क दर्तामा पनि सकारात्मक वृद्धि देखिएको छ। भ्याटमा दर्ता हुने करदाताको कुल संख्या तीन लाख ७८ हजार दुई सय ६८ पुगेको छ। यसमा गत आर्थिक वर्षमा मात्रै २६ हजार पाँच सय ३३ नयाँ व्यवसायी जोडिएका छन्। त्यसैगरी, मदिरा, सुर्तीजन्य र निश्चित वस्तुको कारोबारका लागि लिइने अन्तःशुल्क अनुमति लिने करदाताको संख्या एक लाख ३२ हजार ६ सय ७२ पुगेको छ। यसमा गत वर्ष सात हजार ६ सय ७५ नयाँ करदाता थपिएका छन्।

■ सेयर बजारमा तरलता बढाउन नयाँ उपकरण ल्याउँदै सेबोन

मार्जिन लेन्डिङ, सापटी सेयर र सर्ट सेलिङको अवधारणापत्र सार्वजनिक

कार्यान्वयनतर्फ बजेटमा घोषणा गरिएको इन्ट्राडे, सर्ट सेलिङ र डेरिभेटिभजस्ता आधुनिक कार्यक्रम

पवन तिमिल्सिना/नयाँ पत्रिका

धितोपत्र बोर्ड (सेबोन)ले नगदमा आधारित सेयर बजारको विकल्पमा तरलता प्रवाह बढाउन नयाँ उपकरण ल्याउने नीतिगत तयारी सुरु गरेको छ। विश्वव्यापी पुँजीबजारका विकासक्रम र असल अभ्यासहरूलाई पछ्याउँदै तथा बजारको पूर्वतयारी जाँच्नका लागि बोर्डले पहिलोपटक 'नेपालको धितोपत्र बजारमा मार्जिन लेन्डिङ, धितोपत्र उधारो वा सापटी र सर्ट सेलिङका लागि गर्नुपर्ने नीतिगत, कानुनी, संरचनागत तथा प्राविधिक व्यवस्थासम्बन्धी अवधारणापत्र, २०८३' सार्वजनिक गरेको छ।

सरकारको चालू आर्थिक वर्ष ०८३/८४ को बजेट वक्तव्यमा इन्ट्राडे, सर्ट सेलिङ र डेरिभेटिभजस्ता आधुनिक उपकरण चरणबद्ध रूपमा सुरु गर्ने घोषणा गरिएको थियो। सोही घोषणा र धितोपत्र बोर्डको पुँजीबजार नीति तथा कार्यक्रममा समेटिएका कार्यक्रमलाई व्यवहारमा उतार्न यो अवधारणापत्र अघि सारिएको हो।

गोजीमा पूरै पैसा भएपछि मात्र सेयर किन्न पाइने परम्परागत प्रणाली सुधार गर्न मार्जिन लेन्डिङ, धितोपत्र उधारो वा सापटी र सर्ट सेलिङको अवधारणा ल्याएको बोर्डले जनाएको छ। बोर्डले सापटी नै नलिई देखावटी रूपमा सेयर बेच्ने अनावृत सर्ट सेलिङ (नेकेड सर्ट सेलिङ)ले भने ठगी र जोखिम बढाउने भएकाले पूर्ण रूपमा प्रतिबन्ध लगाउने स्पष्ट प्रस्ताव गरेको छ।

नयाँ नीति ६ चरणमा लागू हुने बोर्डले जनाएको छ। मार्जिन कारोबार, धितोपत्र सापटी तथा उधारो र आवरणयुक्त सर्ट सेलिङसम्बन्धी नियमावलीहरू जारी गर्ने, नेपाल स्टक एक्सचेन्ज र सिडिएस एन्ड क्लियरिङलाई प्राविधिक रूपमा सक्षम बनाइने, धितोपत्र व्यवसायीको क्षमता अभिवृद्धि र लगानीकर्ता सचेतना अभिवृद्धि, मार्जिन कारोबारको प्रभावकारी कार्यान्वयन, धितोपत्र सापटी तथा उधारो सेवा सुरु र सर्ट सेलिङ नीति व्यावहारिक रूपमा लागू हुने प्रक्रिया छन्।

पुँजीबजार सुधारका लागि अघि सारिएका तीन सेवा

■ **पहिलो सेवा : मार्जिन लेन्डिङ**

मार्जिन कारोबारमा योग्य लगानीकर्ताले आफूसँग भएको तोकिएको प्रारम्भिक पैसा वा सेयर राखेर ब्रोकरमार्फत थप वित्तीय स्रोत वा ऋणको उपयोग गरी धितोपत्रमा लगानी गर्ने अवसर पाउनेछन्। यसबाट लगानीकर्ताको सेयर किन्ने क्षमता बढ्ने, बजारको तरलता वृद्धि हुने, कारोबार बढ्ने, बजार दक्षता अभिवृद्धि हुने र सेयरको सही मूल्य निर्धारण प्रक्रिया प्रभावकारी बन्ने सेबोनको अपेक्षा छ।

■ **दोस्रो सेवा : सापटी सेयर**

धितोपत्र सापटी तथा उधारो प्रणाली (सेक्युरिटिज लेन्डिङ एन्ड बरोइङ, एसएलबी)ले बजारमा सक्रिय रूपमा कारोबार नभई वर्षौंसम्म थन्किएर बसेका धितोपत्रलाई सुरक्षित र नियमनयुक्त वातावरणमा अस्थायी रूपमा सापटी उपलब्ध गराउने अवधारणापत्रमा उल्लेख छ। यसबाट संस्थागत तथा दीर्घकालीन लगानीकर्ताले आफ्नो थन्किएको धितोपत्रबाट ब्याज वा शुल्क कमाएर अतिरिक्त प्रतिफल प्राप्त गर्नेछन्।

■ **तेस्रो सेवा : सर्ट सेलिङ**

कभर्ड सर्ट सेलिङले धितोपत्र बिक्री गर्नुअघि सम्बन्धित धितोपत्र कानुनी रूपमा सापटी लिएको सुनिश्चित भएपछि मात्र बिक्री गर्न अनुमति दिनेछ। यसमा लगानीकर्ताले आफूसँग सेयर नभए पनि बजार घट्ने अनुमान गरेर पहिले कसैबाट सेयर सापटी लिई बजारमा बेच्न सक्नेछन्। पछि सेयरको मूल्य घटेपछि सस्तोमा किनेर साहुलाई फिर्ता गरी बिचको रकम नाफाका रूपमा राख्न सक्नेछन्। यसले बजार घट्दा पनि नाफा कमाउने बाटो खोल्ने अवधारणा हो।

सबै कम्पनीले पाउनेछैनन् यस्तो सुविधा

मार्जिन लेन्डिङ, धितोपत्र उधारो वा सापटी र सर्ट सेलिङको सुविधा सबै कम्पनीले पाउनेछैनन्। लगानकर्ताको लगानी सुरक्षाका लागि यस्ता सुविधा पाउने कम्पनीको योग्यता तोकिएको छ। तीनवटै सुविधाका लागि न्यूनतम सूचीकरण अवधि वा कारोबार इतिहास भएको, पर्याप्त कारोबारका आधारमा तरलता भएको, निश्चित सीमाको बजार पुँजीकरण भएको, सर्वसाधारणका लागि पर्याप्त सेयर उपलब्ध भएको र कानुन परिपालनाको अवस्था नियमित रहेको धितोपत्र मात्र छनोट हुने व्यवस्था छ।



नयाँ सुविधा लागू गर्न सबै निकायलाई तोकियो जिम्मेवारी

धितोपत्र बोर्ड यस प्रक्रियामा सहभागी हुने निकायहरूको भूमिका र विशिष्टीकृत जिम्मेवारीलाई प्रस्ट पारेको छ।

नेप्से कारोबार पूर्वाधार सञ्चालन, बजार निगरानी तथा व्यवस्थापन गर्ने।

सिडिएस एन्ड क्लियरिङ धितोपत्र अभिलेख, तरलता व्यवस्थापन र सेटलमेन्ट मोडेल सञ्चालन गर्नेछ।

धितोपत्र दलाल लगानीकर्ताको साख मूल्यांकन, मार्जिन गणना, मार्जिन स्तर र बजार जोखिमको निरन्तर अनुगमन, जोखिम व्यवस्थापन, अनुगमन र मार्जिन नपुग्दा धितोपत्र बिक्री वा लिक्विडेसन गर्ने जिम्मेवारी सम्हाल्नेछन्।

बैंक तथा वित्तीय संस्था धितोपत्र दलाललाई ऋण प्रदान गर्ने, क्रेडिट जोखिम मूल्यांकन, सीमा निर्धारण र निगरानी गर्ने तथा प्रणालीगत र आपत्कालीन तरलता सहायता र क्लियरिङ वा सेटलमेन्टमा सहयोग गर्नेछन्।

लगानीकर्ता लगानीअघि जोखिम प्रोफाइल र सम्भावित घाटा लाभ बुझ्ने, आवश्यक मार्जिन कायम राख्ने, मार्जिन कल आउँदा पूरा गर्ने र वित्तीय दायित्वहरू समयमै भुक्तानी गर्नुपर्नेछ।

करदाता उपहार कार्यक्रममा राष्ट्र बैंकको सहजीकरण

सबै भुक्तानी सेवाप्रदायकलाई एप अपडेट र ग्राहकलाई सूचना पठाउन राष्ट्र बैंकको परिपत्र

काठमाडौं/ नेपाल राष्ट्र बैंकले नेपाल सरकारको 'करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३' प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक तयारी गर्न सबै भुक्तानी सेवाप्रदायक (पिएसपी) संस्थालाई निर्देशन दिएको छ। राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागको परिपत्रमा आन्तरिक राजस्व विभागले सञ्चालन गर्न लागेको उक्त कार्यक्रमका लागि विद्युतीय प्रणालीबिच अन्तरआबद्धता स्थापना गरी आवश्यक सहजीकरण गर्न सबै अनुमतिपत्रप्राप्त भुक्तानी सेवाप्रदायकलाई निर्देशन दिइएको हो।

दैनिक विजेताले एक लाख ३३ हजार तीन सय ३४ र पाक्षिक बम्पर विजेताले १० लाख पाउने

उपभोक्ताले सरसामान खरिद गर्दा अनिवार्य रूपमा बीजक लिन प्रोत्साहन गर्न भन्दै सरकारले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' सञ्चालनमा ल्याएको छ। कार्यक्रममा नेपालभित्र आफ्नै प्रयोजनका लागि एकपटकमा एक सय रुपैयाँभन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद गर्ने अन्तिम उपभोक्ता सहभागी हुन सक्ने प्रावधान छ। स्वचालित प्रणालीमार्फत प्रत्येक दिन एकजना वजेता तथा प्रत्येक १५ दिनमा एकजना बम्पर विजेता छनोट गरिने व्यवस्था गरिएको छ।

मल नपाई सकिन लाग्यो रोपाइँ

देशभर १२ लाख ६८ हजार हेक्टरमा रोपाइँ सकिएको कृषि विभागको तथ्यांक



नयाँ पत्रिका

देशभरका किसानले मल अभावबिच ९२.५७ प्रतिशत रोपाइँ सकेका छन्। शुक्रबारसम्मको तथ्यांकअनुसार सुदूरपश्चिममा रोपाइँ सकिएको छ। सुदूरपश्चिममा ९९.७९ प्रतिशत रोपाइँ सकिएको कृषि विभागले जनाएको छ। त्यस्तै, बागमती प्रदेशमा पनि ९६.१२ प्रतिशत रोपाइँ सकिएको छ। पछिल्लो समय नियमित रूपले मनसुन भइरहेका कारण किसान रोपाइँमा व्यस्त भएका हुन्। विभागका अनुसार कोशीमा ८६.९७ प्रतिशत, मधेशमा ९०.७२ प्रतिशत, गण्डकीमा ९२.१३ प्रतिशत, लुम्बिनीमा ९४.८३ प्रतिशत र कर्णालीमा ९८.८ प्रतिशत रोपाइँ सकिएको छ।

विभागका अनुसार केशीमा दुई लाख ७६ हजार तीन सय ८६ हेक्टरमा रोपाइँ हुने अनुमान रहेकोमा हालसम्म दुई लाख ४० हजार तीन सय ७६ हेक्टरमा रोपाइँ सकिएको छ। त्यस्तै, मधेशमा तीन लाख ८५ हजार नौ सय ३३ हेक्टरमध्ये तीन लाख ५० हजार एक सय १८ हेक्टरमा रोपाइँ सकिएको छ। बागमतीमा एक लाख १४ हजार पाँच सय २४ हेक्टरमध्ये एक लाख १० हजार ७७ हेक्टरमा, गण्डकीमा ९३ हजार ६ सय ६ हेक्टरमध्ये ८६ हजार दुई सय ४० हेक्टर, लुम्बिनीमा तीन लाख एक हजार तीन सय ७२ हेक्टरमध्ये दुई लाख ८५ हजार सात सय ८७ हेक्टरमा रोपाइँ सकिएको छ।

त्यसैगरी, कर्णालीमा ४३ हजार दुई सय ९० हेक्टरमध्ये ४१ हजार ४० हेक्टर र सुदूरपश्चिममा एक लाख ५४ हजार नौ सय ५० हेक्टरमध्ये एक लाख ५४ हजार ६ सय २९ हेक्टरमा रोपाइँ सकिएको विभागले जनाएको छ। देशभर १३ लाख ७० हजार ६२ हेक्टरमा रोपाइँ हुने अनुमान रहेकोमा हालसम्म १२ लाख ६८ हजार दुई सय ७० हेक्टरमा रोपाइँ सकिएको छ। विभागअनुसार गत वर्ष यही समयमा भने ८३.९३ प्रतिशत रोपाइँ सकिएको थियो।

कुन प्रदेशमा कति रोपाइँ ?

कोशी	८६.९७ प्रतिशत
मधेश	९०.७२ प्रतिशत
बागमती	९६.१२ प्रतिशत
गण्डकी	९२.१३ प्रतिशत
लुम्बिनी	९४.८३ प्रतिशत
कर्णाली	९८.८ प्रतिशत
सुदूरपश्चिम	९९.७९ प्रतिशत

धनकुटाका पसलमा अनुगमन तीव्र

धनकुटा/ मूल्यवृद्धि र अखाद्य वस्तुको बिक्री-वितरणसम्बन्धी गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय, धनकुटाले बजार अनुगमनलाई तीव्रता दिएको छ। जिल्ला प्रशासन कार्यालय धनकुटाको नेतृत्वमा गरिएको अनुगमनमा भीमनारायण चोकदेखि मदन चोकसम्म सञ्चालनमा रहेका डेरी र मिठाई पसलहरूको अनुगमन भएको छ। यसअघि पनि जिल्ला अस्पतालआसपासका केही होटेलमा अखाद्य तथा गुणस्तरहीन खाना बिक्री गरेको गुनासोपछि अनुगमन गरी कारबाही गरिएको थियो।

अनुगमन टोलीले धनकुटाको हुलाक टोल क्षेत्रमा गरिएको छड्के बजार अनुगमनका क्रममा अखाद्य वस्तु तथा मापदण्डविपरीत खाद्य सामग्री बिक्री-वितरण गरेको पाइएपछि एउटा डेरीसहित चार मिठाई पसललाई २० हजार रुपैयाँ जरिवाना गरेको छ। अधिकांश मिठाई पसलमा पटक-पटक प्रयोग गरिएको तोरीको तेल पुनः प्रयोग गरिएको, तेलको गुणस्तर न्यूनतम मापदण्डभन्दा तल रहेको, खाद्य सुरक्षाका मापदण्ड पालना नगरिएको तथा बिलबिजक जारी नगरिएको र गरिएको भए पनि अभिलेख कपी नराखिएको भेटिएको पाइएको थियो।

दर्ता नं. १४५३-०६५/६६ डि.स.का.काठमाडौं

सञ्चार श्रमिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं महानगरपालिका वडा नं.११, सिंहदरबारप्लाजा, काठमाडौं

आठौं वार्षिक साधारण सभाको सूचना

२०८३ साउन १५ गते

नेपाल टेलिकममा कार्यरत कर्मचारी मात्र सदस्य बन्न पाउने गरि दर्ता भएको यस सहकारी संस्थाको **१८औं वार्षिक साधारण सभा, मिति २०८३ भदौ १४ गते आईतबार बिहान ११ बजे संस्थाको कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंमा** बस्ने भएकोले सम्पूर्ण शेयरधनी सदस्यहरूलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं। कारणबस व्यक्तिगत ठेगानामा पठाइने निमन्त्रणा प्राप्त हुन नसकेमा पनि यसै सूचनालाई आधारमानी उपस्थित हुन समेत अनुरोध छ। संस्थाको तथा लेखा परिक्षकको प्रतिवेदन लगायतका विवरण इमेल अध्यावधिक रहेको हकमा इमेल मार्फत र अन्यको हकमा संस्थाको कार्यालयबाट कार्यालय समयमा तथा साधारण सभाको दिन सभा स्थलबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गरिन्छ।

साधारण सभाको प्रस्तावहरू :

क. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरूको चयन
ख. संस्थाको वार्षिक प्रतिवेदन
ग. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
घ. लेखा परिक्षकको प्रतिवेदन/आर्थिक प्रतिवेदन
ङ. आन्तरिक कार्यविधि सम्बन्धमा
च. लाभांश वितरण
छ. लेखा परिक्षक नियुक्ती र पारिश्रमिक
ज. विविध।

आज्ञाले
श्याम कृष्ण भण्डारी
कार्यकारी प्रमुख

त्रिनगरबाट २९ अर्बको आयात, सवा अर्बको निर्यात

● आयात मूल्यको ठुलो हिस्सामा पेट्रोलियम पदार्थ छ भने निर्यातको सूचीमा कच्चा पदार्थ र वनजन्य उत्पादन

● सबैभन्दा धेरै ११ अर्ब आठ करोड १८ लाखको डिजेल आयात हुँदा २१ करोडको खरीको निर्यात सबैभन्दा धेरै

धनगढीमा **तेजराज भट्ट**



सुदूरपश्चिम प्रदेशको प्रमुख व्यापारिक नाका गौरीफन्टाबाट एक वर्षको अवधिमा २९ अर्ब ४० करोड मूल्यको वस्तु आयात भएको छ। आयातको तुलनामा निर्यात भने न्यून छ। गत आर्थिक वर्ष ०८२/०८३ मा एक अर्ब २९ करोड ७७ लाख मूल्यबराबरको वस्तु निर्यात भएको त्रिनगर भन्सार कार्यालयले जनाएको छ।

कार्यालयको तथ्यांकअनुसार निर्यात हुने वस्तुमा कच्चा पदार्थ र वनजन्य उत्पादन मात्र छन्। त्यस्तै, आयात मूल्यको ठुलो हिस्सा पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, 'जंक फुड', दालमोठ, पापड, बिटुमिनलगायतका वस्तुले ओगटेको छ। त्रिनगर नाकाबाट एक वर्षमा ११ अर्ब आठ करोड १८ लाख मूल्यको डिजेल, तीन अर्ब ३७ करोड ८५ लाख मूल्यको पेट्रोल, एक अर्ब ८६ करोड ७२ लाख मूल्यको एलपिजी ग्यास र ३६ करोड ९७ लाख मूल्यको हवाई इन्धन आयात भएको छ।

त्यस्तै, एक अर्ब २३ करोड ४८ लाख मूल्यको कागज, एक अर्ब ९३ करोड ९९ लाख मूल्यको दालमोठ, पापड, भुजिया, एक अर्ब ५१ करोड ४६ लाख मूल्यको जंकफुड तथा ३९ करोड ६९ लाख मूल्यको तोरी आयात भएको त्रिनगर भन्सारका कम्प्युटर अधिकृत यज्ञराज जोशीले जानकारी दिए। ४४ करोड २७ लाख मूल्यको रोजिन, २१ करोड ६६ लाख मूल्यको कत्था, १२ करोड ७८ लाख मूल्यको 'लिक्विड' कत्था निर्यात भएको तथ्यांक छ।

२१ करोड ५४ लाख मूल्यको खरी, ३२ करोड ९० लाख मूल्यको खयरको कच्चा पदार्थ, १३ करोड मूल्यको पिना र १२ करोड मूल्यको टर्पेन टाइन तेल निर्यात भएको जोशीले जानकारी दिए। सुदूरपश्चिममा निर्यातमुखी उद्योग नहुँदा आयात-निर्यातबिच ठुलो खाडल देखिएको हो। निर्यात हुने वस्तु कच्चा पदार्थ र वनजन्य वस्तुमा सीमित रहेकाले व्यापार घाटा बर्सेनि बढ्दो क्रममा छ।

■ पूरा भएन राजस्व संकलनको लक्ष्य

त्रिनगर भन्सार कार्यालयलाई गत आर्थिक वर्ष ०८२/८३ मा नौ अर्ब ७१ करोड १५ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएको थियो। कार्यालयले आठ अर्ब ३९ करोड ८५ लाख रुपैयाँ राजस्व संकलन गरेको त्रिनगर भन्सारका सूचना अधिकारी तथा भन्सार अधिकृत प्रकाश तिमिल्सिनाले जानकारी दिए, जुन लक्ष्यको ८६.४८ प्रतिशत मात्र हो।

अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व संकलनको लक्ष्य प्राप्तिमा सुधार देखिए पनि समग्र राजस्व संकलन भने घटेको हो। आर्थिक वर्ष ०८१/८२ मा आठ अर्ब ६६ करोड ९८ लाख रुपैयाँ राजस्व संकलन भएको तथ्यांक छ। उक्त वर्ष राजस्व संकलन पनि लक्ष्यको ७७.६७ प्रतिशत मात्र हो।

भन्सार अधिकृत तिमिल्सिनाले राजस्वको करिब ६५ प्रतिशत हिस्सा डिजेल, पेट्रोल, हवाई इन्धन र एलपी ग्यास आयातबाट प्राप्त हुने गरेको जानकारी दिए। भन्सारले गत वर्ष पेट्रोल आयातबाट तीन अर्ब ३८ करोड ६० लाख, पेट्रोलबाट एक अर्ब ६५ करोड ५० लाख, एलपिजी ग्यासबाट ३४ करोड ८२ लाख र हवाई इन्धन आयातबाट पाँच करोड ५३ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो। भन्सार कार्यालयको तथ्यांकअनुसार निर्यात हुने वस्तुबाट एक करोड ८४ लाख रुपैयाँ राजस्व संकलन भएको छ।

इन्द्रधनुष बचत तथा ऋण सहकारी संस्था लि.को

बिसौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

सञ्चालक समितिको मिति २०८३/०४/११ गते बसेको बैठकको निर्णयानुसार संस्थाको बिसौं बार्षिक साधारण सभा तपशिल बमोजिम हुने भएकाले सम्पूर्ण शेयरधनी सदस्यहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभामा छलफल हुने प्रस्तावहरू:

१. अध्यक्षको प्रतिवेदन सम्बन्धमा।
२. लेखा समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा।
३. सचिवको तर्फबाट २०८३/०८४को बार्षिक लक्ष्य तथा कार्य योजना सहितको प्रतिवेदन सम्बन्धमा।
४. कोषाध्यक्षको तर्फबाट प्रस्तुत संस्थाको आ.व २०८२/०८३ को आर्थिक प्रतिवेदन सम्बन्धमा।
५. आ.व २०८२/०८३ को लेखा परिक्षकको प्रतिवेदन तथा वित्तीय विवरण सम्बन्धमा।
६. आ.व २०८३/०८४ को लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
७. आ.व २०८२/०८३ को लाभांश बितरण सम्बन्धमा।
८. निर्वाचन सम्बन्धमा
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयर सदस्य चयन गर्ने सम्बन्धमा।
१०. विविध।

कार्यक्रम हुने स्थान, मिति र समय:

मिति : २०८३/०४/३१ गते आइतबार
समय : बिहान ११:३० बजे
स्थान : संस्थाको भवन, निलोपुल, बु.न.पा.-१०, काठमाडौं
सम्पर्क न : ०१-४८१०६५०

संचालक समितिको आज्ञाले
सचिव

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

■ खेलाडीको भविष्यमाथि राखेपको खेलबाड

एसियाडमा पब्जी टोलीको नामै पठाएन

राष्ट्रिय खेलकुद परिषद्ले भियतनाममा भएको छनोट प्रतियोगिता पार गरेर २०औँ एसियाडमा स्थान पक्का गरेको पब्जी टोलीको नाम आयोजक जापानलाई पठाएन

नयाँ पत्रिका

भियतनाममा छनोट प्रतियोगिता पार गरेर स्थान बनाएको नेपाली पब्जी टोलीले २०औँ एसियाली खेलुकद प्रतियोगिता (एसियाड) गुमाउने भएको छ। आगामी २ असोजमा जापानको नागोया र आइचीमा एसियाड हुँदै छ। नेपाल (श्रीपेच टिम)ले भियतनाममा भएको छनोट प्रतियोगिताको शीर्ष ६ स्थान रक्षा गर्दै एसियाडमा स्थान पक्का गरेको थियो।

नेपालसँगै छनोट खेलबाट पाकिस्तान, इन्डोनेसिया, भियतनाम, थाइल्यान्ड, जोर्डन, उज्वेकिस्तान, नेपाल र आयोजक जापानसँगै आमन्त्रित चीन, दक्षिण कोरिया, चाइनिज ताइपेले जापानको टिकट पक्का गरेका थिए। तर, राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले नेपालको पब्जी टोलीको नाम सम्बन्धित निकायमा अहिलेसम्म पठाएको छैन। राखेपले नाम नपठाउँदा श्रीपेच टोलीका खेलाडीले एसियाड गुमाउने अवस्थामा पुगेका छन्। राखेपले नेपाल ओलम्पिक कमिटी (एनओसी)को माध्यमबाट एसियाडमा २२ खेलको दर्ता गरेको छ।

तर, छनोट चरण पार गरेको पब्जी भने दर्ता भएको नाममा समावेश छैन। छनोट खेलमा नेपाली टोलीमा सहभागी खेलाडीलाई कोड नाम दिइएको थियो। जसअनुसार (श्रीपेच)बाट दीपेश गुरुङ (डेल्टा), समीर कोस्टेलो (जियो), सोनु कार्की (विआ-विआ), रोहित तामाङ (जोर्डी)ले प्रतिस्पर्धा गरेका थिए। उनीहरूका म्यानेजर होमराज तामाङ हुन्। भियतनाममा खेलाडी छनोटमा आफ्नै खर्चमा पुगेका हुन्।

पब्जी संसारमा डेल्टा नामले परिचित दीपेशले छनोट भएर पनि एसियाडमा सहभागी हुन नपाउँदा वर्षौंदेखिको मिहिनेत खेर गएको बताए। एसियाड गुमाउने आभास पाएपछि उनी अहिले मानसिक तनावमा छन्। 'भियतनामा हामी छनोट हुँदा छनोट नहुने देशका खेलाडी रोइरहेको सम्झना अहिले पनि आइरहेको छ। हामी आफ्नै खर्चमा एसियाडमा स्थान बनाउँदा पनि राष्ट्रको प्रतिनिधित्व गर्ने नपाउने भएका छौं,' दीपेशले भने, 'हामीलाई सरकारले रोक्ने काम गऱ्यो। सरकार भनेको नै राष्ट्रिय खेलकुद परिषद् हो। उसले अहिलेसम्म एनओसीमा हाम्रो नाम पठाएको छैन।' तीन वर्षअघि चीनको हाङझाउमा भएको १९औँ एसियाडमा उनी पनि नेपाली टोलीका सदस्य थिए। त्यसवेला नेपाली टोलीले पहिलोपटकको सहभागितामै फाइनल चरण पक्का गरेको थियो। परिषद्का सदस्यसचिव रामचरित्र मेहताले को-को एसियाड छनोट खेल्न गएको थाहा नभएको बताए। 'मलाई एसियाडका लागि भनेर छनोट खेल्न गएको थाहा छैन। संघले पठाएको नाम नै आधिकारिक हो,' मेहताले भने।

नेपाली टोलीका म्यानेजर तामाङले अहिले सरकारले आफूलाई अलपत्र पारेको दाबी गरे। सम्बन्धित निकायमा आफ्नो गुनासो पोख्न जाँदा पनि पदाधिकारीलाई भेट्न समय नदिएको उनले बताए। 'मैले खेकलुदमन्त्री सस्मित पोखरेलदेखि राखेपका सदस्यसचिव रामचरित मेहतालाई समेत भेट्ने र समस्या बुझाउने प्रयास गरें। तर, उहाँहरूले खासै समय दिनुभएन। माथिल्लोस्तरमा हाम्रो केही लाग्ने रहेनछ,' तामाङले भने।



छनोट प्रतियोगिता पार गरेर स्थान बनाएको नेपाली पब्जी टोली। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

हाम्रो आफ्नै प्रक्रियाबाट छनोट गर्छौं

● **रामचरित्र मेहता**, सदस्यसचिव



कुन टिम कहिले, कहाँ छनोट भयो, हामीलाई थाहा हुँदैन। हामीलाई संघमार्फत 'लडलिस्ट हुँदै सर्टीलिस्ट आएको अवस्थामा छनोट गरेर एसियाली खेलकुदको लागि नाम र टिम दर्ता पठाउने हो। अहिलेको अवस्थामा ई-स्पोर्टस् एसियाली खेलकुदमा सहभागी हुन पाउनेछैन।

मानसिक रूपमा तनाव बढेको छ

● **दीपेश गुरुङ** (डेल्टा), खेलाडी



भियतनाममा भएको छनोट प्रतियोगिताबाट हामी छनोट हुँदा छनोट नहुने देशका खेलाडी रोइरहेको याद अझै आउँछ। तर, अन्तिममा हामी आफैं छनोट भएर खेल्न पाइरहेका छैनौं। अहिले प्रतियोगिता खेल्न हामी नै रोइरहेका छौं। प्रतियोगिता नै खेल्न नपाउँदा मानिसक रूपमा तनाव बढेको छ। के गर्ने भन्ने सोचिरहेको छु। १९औँ एसियाली खेलकुदमा भने एक मात्रै संघ हुँदा यस्तो समस्या भएको थिएन। यसपटक दुई संघबिच लडाइँ हुँदा समस्यामा हामी पर्‍यौं।

मन्त्री र सदस्यसचिवलाई भेट्नै पाउँदैनौं

● **होमराज तामाङ**, म्यानेजर



मैले खेकलुदमन्त्री सस्मित पोखरेलदेखि राखेपका सदस्यसचिव रामचरित मेहतालाई समेत भेट्ने र समस्या बुझाउने प्रयास गरें। तर, माथिल्लो स्तरमा हाम्रो केही लाग्ने रहेनछ। हामीलाई भेट्ने र कुरा राख्ने मौकासमेत दिइएन। संघभित्र धेरै पहुँचवाला मान्छे रहेछन्। हाम्रो कुरा सुन्ने कोही भएनन्, हामीलाई जसरी पनि प्रतियोगितामा जान नदिने मनसाय पार्यौं। अन्तिमपटकलाई पत्रकार सम्मेलन गरेका हौं। अब, अदालत नै जान्छौं।

दुई संघभित्रको विवादले मर्का

अहिले पब्जी टोलीले एसियाड गुमाउनुपर्ने अवस्था आउनुको पछाडि दुई समानान्तर संघका कारण हो। पब्जीको राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त संघ छन्। अन्तर्राष्ट्रियतर्फ ध्रुव डंगोलको अध्यक्षतमा नेपाल इ-स्पोर्टस् एसोसिएसन (नेसा) संघ छन्। अञ्जन धमलाको अध्यक्षमा राष्ट्रिय मान्यता प्राप्त इ-स्पोर्टस् संघ (इसान) रहेको छ। डंगोलको नेसाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरिरहँदा २०८० सालमा तत्कालीन परिषद्का सदस्यसचिव टंकलाल घिसिङले धमलाको अध्यक्षतामा इसान संघ गठन गरेका थिए।

इसान गठन भएसँगै ई, स्पोर्टस् विवाद आएको हो। धमला आइटिएफ तेक्वान्दो महासंघको वरिष्ठ उपाध्यक्षसमेत हुन्। इशानका वरिष्ठ उपाध्यक्षमा हिमविक्रम केसी रहेका छन्। उनी वर्तमान सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्सालको सचिवालयमा छन्। खेलकुदमन्त्री पोखरेलका सल्लाहकार सिद्धी व्यञ्जनकार, धमला र केसीले इ-स्पोर्टस्लाई आसन्न २०औँ एसियाडमा सहभागी नगराउने दबाब दिइरहेको स्रोतले बताए।

डिआरएस र होरासँगको प्रतिस्पर्धा

पब्जीमा डिआरएस र होरा चर्चित खेलाडी हुन्। सरकारका केही मन्त्री तथा सचिवालयसँग उनीहरूको निकट राम्रो छ। पछिल्लो समयमा श्रीपेचले अन्तर्राष्ट्रिय मान्यताप्राप्त संघबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै आएको थियो। अहिले सम्बन्धित निकायले श्रीपेचमा आबद्ध खेलाडीलाई एसियाडमा सहभागी हुन नदिने लागेको स्रोतले बताए। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले छनोट प्रतियोगिताबाट छनोट भएर आएका टिमलाई बढी प्राथमिकतामा राख्ने गरेको छ। आइओसी र ओसिएले नेपाल ओलम्पिक कमिटीको माध्यमबाट सहभागी हुन भनेका छन्।

एनओसीले परिषद्बाट आएका खेल र खेलाडीले भाग लिन पाउने भनेको छ। एसियाड नजिकिँदै जाँदा राखेपले इ-स्पोर्टस्को नाम एनओसीमा पठाएको छैन। यस पक्षमा राखेका सदस्यसचिव मेहताले आफूलाई अहिलेसम्म संघले नाम नपठाएको दाबी गरेका छन्। 'संघले 'लडलिस्ट' बनाएर आए मात्रै टिम छनोट गराएर प्रतियोगितामा सहभागी हुन दिनेछ। कुन टिम, कहिले, कहाँ, छनोट भयो, हामीलाई थाहा हुँदैन,' उनले भने, 'हामीलाई संघमार्फत 'लडलिस्ट' आएको अवस्थामा छनोट गरेर एसियाली खेलकुदका लागि नाम र टिम दर्ता पठाउने हो।'

■ आइसिसी विश्वकप लिग-२

नामिबियाको पाँचौं स्थान बलियो

नयाँ पत्रिका

घरेलु टोली नेदरल्यान्ड्सलाई ६ विकेटले हराउँदै नामिबियाले शुक्रबार आइसिसी विश्वकप लिग-२ को पाँचौं स्थान बलियो बनाएको छ। जितसँगै नामिबियाले ३२ खेलबाट २८ अंक जोडेको छ। उसले २३ जित र १७ हारको सामना गरेको छ। नेदरल्यान्ड्स ३८ अंकका साथ दोस्रो स्थानमै सीमित भएको छ। शीर्ष स्थानमा अमेरिकाले सर्वाधिक ४३ अंक बनाएर ग्लोबल छनोट स्थान पक्का गरिसकेको छ। नेदरल्यान्ड्समा भएको विश्वकप लिग-२ सिरिजमा नेपाल पनि सहभागी भएको थियो। नेपाल चारै खेलमा जितविहीन भयो।

नेदरल्यान्ड्सको भ्रमण गर्नुअघि पाँचौं स्थान बलियो बनाएको नेपालले चारै खेला गुमाउँदा छैटौं स्थानमा झरेको छ। नेपालले ३२ खेलमा ११ जित र १९ हार नतिजा निकालेर २४ अंक बनाएको छ। नेपालले चालू सिरिजमा चारमध्ये तीन खेलमा पूरै ५० ओभर खेल्न सकेन। एक खेलमा मात्र नेपालले ५० ओभर ब्याटिङ गरेको थियो। आगामी सिरिजमा क्यानडाले जित निकाल्दा नेपालले छैटौं स्थान पनि गुमाउनेछ।



नेदरल्यान्ड्सको कमजोर ब्याटिङ

अघिल्लो तीन खेलमा उत्कृष्ट ब्याटिङ गरेको नेदरल्यान्ड्स चौथो खेलमा चुकेको छ। नामिबियासँगको खेलमा नेदरल्यान्ड्स ४८.५ ओभरमा एक सय ८३ रनमै समेटियो। बलियो नेदरल्यान्ड्सलाई अलआउट पार्ने क्रममा नामिबियाका रुवेल ट्रम्पलम्यानले ३९ रन खर्चेर तीन विकेट लिए। ज्याक ब्रासेलले ४३ रन दिएर तीन विकेट हात पारे। यसैगरी, बनार्डले २७ रनमा दुई विकेट आफ्नो नाममा लेखाए।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	३२	२१	१०	४३	०.६९
नेदरल्यान्ड्स	३२	१७	११	३८	०.२१
स्कटल्यान्ड	३२	१६	१०	३८	०.६३
ओमान	२८	१४	११	३१	०.०१
नामिबिया	३२	१३	१७	२८	-०.३८
नेपाल	३२	११	१९	२४	-०.०८
क्यानडा	२८	१०	१४	२४	-०.२०
युएई	२४	७	१७	१४	-१.०१

नेदरल्यान्ड्सको ब्याटिङमा कप्तान स्कट एडवाड्सले सर्वाधिक ६७ रनको योगदान दिएका थिए। उनले आफ्नो अर्धशतकीय इनिङ्समा तीन चौका र एक छक्का प्रहार गरेका थिए। यसैगरी, भान डेरले ३३ बलमा २६ रन बनाए। नेदरल्यान्ड्सले १६ अतिरिक्त रन पाएको थियो।

एक सय १७ रनको साझेदारी

सहज लक्ष्य पछ्याएको नामिबियाका लागि दोस्रो विकेटका निमित्त एक सय १७ रनको साझेदारी भएको थियो। यसै साझेदारीका कारण नामिबियाले दोस्रो स्थानमा रहेको नेदरल्यान्ड्सलाई स्तब्ध पारेको हो। मालान क्रुगेर र जान फयालिनले शतकीय साझेदारी गरेका हुन्। मालानले एक सय नौ बलमा पाँच चौकाको सहयोगमा ६४ रन बनाए। जानले ७५ बल खेलेर ६ चौका र एक छक्का प्रहार गरी सर्वाधिक ६८ रनको बनाएका थिए। ओपनर माइकल भानले २८ बलमा २३ रन बनाए। कप्तान जेहरार्ड इरामुसले १० बलमा समान एक चौका र छक्का प्रहार गरी १० रन जोडे।

लालीगुराँसलाई हराउँदै सिसिआरसी सेमिफाइनलमा



काठमाडौं/ सिसिआरसी एसआरसी प्लस टु अन्तरकलेज छात्र बास्केटबल प्रतियोगितामा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको छ। कीर्तिपुरस्थित कभर्डहलमा सिसिआरसीले लालीगुराँस नेसनल एकेडेमीलाई ९९-५६ ले पराजित गऱ्यो। सिसिआरसीको सहज जितमा विसन खड्काले ३४ स्कोर गरे। सिसिआरसी पाँच टोली सहभागी समूह 'बी'को विजेता बन्दै अन्तिम चार स्थानमा पुगेको हो। प्रतियोगितामा केभिसी र पुष्पसदन पनि सेमिफाइनलमा पुगेका छन्। मन्दीप गौतमको २३ स्कोरको सहयोगमा केभिसीले प्रिमियरलाई ७५-६९ ले हरायो। केभिसी समूह 'बी'को उपविजेता बन्यो। यो समूहबाट मनास्लु विजेता हुँदै सेमिफाइनलमा पुगिसकेको छ। समूह 'ए'को उपविजेता बन्ने क्रममा पुष्पसदनले ओमेगालाई ६२-४२ ले पाखा लगायो। पुष्पसदनका प्रसुन खड्गीले १५ स्कोर गरे। सेमिफाइनलमा पुष्पसदनको भेट मनास्लुसँग हुनेछ। अर्को सेमिफाइनल सिसिआरसी र केभिसीबिच हुनेछ।

खेल संक्षेप

प्याराडाइस र कौस्तुभ विजयी

काठमाडौं/ प्याराडाइस रिडर्स एकेडेमी र कौस्तुभ एकेडेमी पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिताको यू-१६ महिलामा शुक्रबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। साम्तेन मेमोरियल, ब्रह्मकुञ्ज, एनबिएफए र माछापुच्छ्रे पनि अन्तिम आठमा पुगे। यू-१२ पुरुषमा मित्रश्री पाठशाला, एआइए र भ्याली पब्लिक क्वार्टरफाइनलमा पुगेका छन्। यू-१६ पुरुषमा कौस्तुभ, एलआरआई, ड्याफोडिल र ग्यालेक्सी पब्लिक स्कुलले अन्तिम आठको स्थान पक्का पारे।

आइएसएसआरको सेमिनार सुरु

काठमाडौं/ इन्स्टिच्युट अफ स्पोर्टस् साइन्स एन्ड रिसर्च (आइएसएसआर) नेपालको आयोजनामा स्ट्रेन्थ एन्ड कन्डिसनिङसम्बन्धी कार्यशाला शुक्रबारदेखि सुरु भएको छ। बलियो खेलाडी निर्माण गर्ने, चोटपटक रोक्ने र खेलाडीको प्रदर्शन बढाउने उपायबारे जानकारी गराउने उद्देश्यले आयोजित कार्यशालामा ४० जनाको सहभागिता रहेको आइएसएसआर नेपालका अध्यक्ष धर्मकुमार श्रेष्ठले जनाएका छन्। दुईदिने कार्यशाला शनिबार सकिनेछ।

टेबलटेनिसमा थापा पहिलो

काठमाडौं/ सेन्ट जेभियर्स विद्यालय जावलाखेलको आयोजनामा भएको अन्तरविद्यालय टेबलटेनिस प्रतियोगिताअन्तर्गत यू-१० छात्रमा मिपाङ थापा (लाइफ स्कुल) पहिलो भएका छन्। यसैगरी, यू-१० छात्रामा सुप्रिया खड्गी (भास्सरा) र यू-१२ छात्रमा शिवांश खत्री (बृहस्पति)ले पहिलो स्थान हात पारे। यू-१२ छात्रामा आभा प्रधान (आरम्भ), यू-१४ छात्रमा विशाल बस्नेत (प्रिमियर इन्टरनेसनल)ले उपाधि जिते। यू-१४ छात्रामा आरोही सुवाल (प्रभात स्कुल) र यू-१६ छात्रमा सुगम पौडेल (प्राइम)ले ट्रफी हात पारेका छन्।

२४ वर्षपछि दक्षिण अफ्रिकी देशमा विश्वकप फर्किँदै

अफ्रिका महादेशले सन् २००३ मा एकदिवसीय विश्वकप आयोजना गरेको थियो। आगामी वर्ष हुने प्रतियोगितामा दक्षिण अफ्रिका, जिम्बावे र नामिबिया आयोजक राष्ट्र रहेको आइसिसीले जनाएको छ।



एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले दक्षिण अफ्रिका महादेशमा हुने एकदिवसीय विश्वकप प्रतियोगिताका १२ वटा भेन्यु सार्वजनिक गरेको छ। यससँगै आधिकारिक रूपमा दक्षिण अफ्रिका महादेशमा २४ वर्षपछि एकदिवसीय विश्वकप फर्कन लागेको हो। आइसिसीले अफ्रिका महादेशमा सन् २०२७ को ४ अक्टोबरदेखि २१ नोभेम्बरसम्म विश्वकप आयोजना गर्ने खेलतालिका बनाएको छ।

दक्षिण अफ्रिकाले सन् २००३ मा विश्वकप आयोजना गरेको थियो। त्यसवेला मुख्य आयोजक दक्षिण अफ्रिका, सहआयोजकका रूपमा केन्या र जिम्बावे थिए। अस्ट्रेलियाले भारतलाई एकपक्षीय फाइनलमा एक सय २५ रनले हराउँदै उपाधि जितेको थियो। आइसिसीका अध्यक्ष जय शाहले अफ्रिका महादेशमा विश्वकप फर्किनुलाई ऐतिहासिक भएको बताएका छन्। 'एक प्रकारले यो ऐतिहासिक कदम हो। २४ वर्षपछि पुनः क्रिकेटको महाकुम्भ दक्षिण अफ्रिका महादेशमा फर्कन लागेको छ,' शाहले भने, 'यसले क्रिकेट जगत्मा एउटा कोसेढुंगा थप्ने काम गर्ने विश्वास लिएको छु।'

दुई दशकको अन्तरमा अफ्रिकामा धेरै परिवर्तन आएको र सहभागी टोलीले पनि यसको अनुभव गर्न अवसर पाउने अध्यक्ष शाहले बताए। 'सन् २००३ र २०२७ को एकदिवसीय विश्वकपमा धेरै परिवर्तन आएको अनुभव गर्नेछन्। खेलाडी, समर्थक तथा अफिसियलले अफ्रिका महादेशको विकास प्रत्यक्ष देख्न पाउनेछन्,' शाहले भने, 'हामी सबै आइसिसी परिवार आगामी संस्करणको प्रतीक्षामा छौं।' आगामी एकदिवसीय संस्करणमा कुल ५४ खेल हुनेछन्।

दक्षिण अफ्रिकाका आठ सहरमा हुने आइसिसीले जनाएको छ। दक्षिण अफ्रिकाका जोहानेसबर्ग, सेन्चुरियन पार्क, डर्बान, गेबेरा, कुगोम्पो सिटी, केप टाउन, पार्ल र ब्लुमफोन्टेनमा हुनेछन्। विश्वकपको फाइनल खेल जोहानेसबर्गको केप टाउनको न्युल्यान्ड्स' रंगशालामा हुनेछ। जिम्बावेका हरारे, बुलावायो र भिक्टोरिया फल फल्समा धेरैमा १० र कममा सात खेल आयोजना हुनेछन्। आइसिसीले जिम्बावेमा कति खेल गराउने भन्ने पछि निर्णय गर्नेछ। नामिबियाको विन्डहोक सहरले कम्तीमा तीनवटा खेल आयोजना गर्नेछ।

आइसिसीले जिम्बावेको भिक्टोरिया फल फल्सलाई सुरुवातमा राखेको थिएन। यस रंगशालामा १० हजारमाथि दर्शक अटाउने गरी निर्माणकार्य भएपछि आइसिसीले यस मैदानमा पनि समावेश गरेको हो। 'भिक्टोरियामा १० हजार दर्शक क्षमताको नयाँ रंगशाला बन्दै छ। जुन यसै वर्षको अन्त्यसम्म सकिनेछ,' आइसिसीले उल्लेख गरेको छ, 'सन् २०२७ को जनवरीमै यहाँ अन्तर्राष्ट्रिय खेल आयोजना हुनेछ।' आइसिसीले अभ्यास खेल तथा विश्वकप क्वालिफायर खेलका लागि फरक मैदान प्रयोग गर्ने भएको छ। सन् २००३ मा दक्षिण अफ्रिका, जिम्बावे र केन्याले संयुक्त रूपमा एकदिवसीय विश्वकप आयोजना गरेका थिए। त्यसयता दक्षिण अफ्रिकाले सन् २००७ को टी-२० विश्वकप, २०२३ को महिला टी-२० विश्वकपजस्ता प्रतियोगिताहरू आयोजना गरिसकेको छ। नामिबियाका लागि भने यो पहिलो सिनियर आइसिसी विश्वकप प्रतियोगिता हुनेछ। एकदिवसीय विश्वकप इतिहासमा अहिलेसम्म एकपक्षीय फाइनल र सर्वाधिक दर्शक उपस्थिति भएको संस्करण नै २०२३ हो। भारतले आयोजना गरेको विश्वकपको फाइनल नरेन्द्र मोदी अन्तर्राष्ट्रिय रंगशालामा भएको थियो। जहाँ एक लाख घरेलु दर्शक अगाडि भारत फाइनलमा अस्ट्रेलियासँग नराम्रोसँग पराजित भएको थियो।

अफ्रिका अनुभवी आयोजक राष्ट्र

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को नजरमा दक्षिण अफ्रिका अनुभवी आयोजक राष्ट्र हो। अफ्रिकाले पहिलोपटक सन् २००३ मा एकदिवसीय विश्वकप सफलतापूर्वक आयोजना गरेको थियो। त्यसवेला आइसिसीमा आबद्ध अन्य क्रिकेट राष्ट्रहरूले अफ्रिकामा एकदिवसीय विश्वकप असफल हुने दाबी गरेका थिए। तर, अफ्रिकाले एकदिवसीय विश्वकप भव्य रूपमा गऱ्यो। यसबाट प्रभावित भएर आइसिसीले आफ्ना विभिन्न ठुला प्रतियोगिता यहाँ गराउँदै आएको छ। सन् २००७ मा आइसिसीले नयाँ फर्म्याटमा टी-२० विश्वकपको पहिलो संस्करण नै अफ्रिकामा गऱ्यो। जहाँ भारतले छिमेकी राष्ट्र पाकिस्तानलाई हराउँदै पहिलो संस्करण जित्यो। सन् २०२० र २०२४ मा यहाँ दुईपटक गरी आइसिसी यू-१९ विश्वकप क्रिकेट भएको थियो। जिम्बावे पनि सन् २००३ को एकदिवसीय विश्वकपको सहआयोजक थियो।

नामिबिया पनि पहिलोपटक क्रिकेटको विश्वकप आयोजक राष्ट्र बन्न लागेको हो। नामिबिया र जिम्बावे पछिल्लो समय आइसिसी यू-१९ विश्वकप सहआयोजक बनेका थिए।

एकदिवसीय विश्वकपको फर्म्याट परिवर्तन

आइसिसीले एकदिवसीय विश्वकपको प्रतियोगिता संरचनामा व्यापक परिवर्तन गरेको छ। नयाँ ढाँचाअनुसार १४ टोलीको सहभागिता कायम राख्दै विश्वकप अब तीन चरणमा सञ्चालन हुने भएको छ। आइसिसीले विश्वकपलाई रोमाञ्चक बनाउने उद्देश्यका साथ नयाँ संरचना कार्यान्वयनमा ल्याएको हो।

नयाँ ढाँचाअनुसार सबैभन्दा पहिले विश्वकप खेल्ने १४ टोलीमध्ये १२औँ, १३औँ र १४औँ स्थानका टोलीबिच 'सुपर सिरिज' हुनेछ। राउन्ड रोबिन आधारमा हुने यस चरणको विजेता मात्र १२औँ टोलीका रूपमा मुख्य समूह चरणमा प्रवेश गर्नेछ। दोस्रो चरणमा १२ टोलीलाई दुई समूहमा विभाजन गरिनेछ। प्रत्येक समूहमा समान ६ टोली रहनेछन्। दुवै समूहका शीर्ष तीन टोलीसँगै समग्रमा उत्कृष्ट अर्को एक टोली 'सुपर सात चरणमा पुग्नेछ।

यस चरणमा सातै टोलीले एक-अर्कोविरुद्ध राउन्ड रोबिन खेल्नेछन्। यस चरणको शीर्ष चार टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्। सेमिफाइनल पहिलो र चौथो टोलीबिच हुनेछ। दोस्रो सेमिफाइनल दोस्रो र तेस्रो स्थानको टोलीबिच हुने आइसिसीले जनाएको छ। पहिलो र दोस्रो सेमिफाइनलका विजेताबिच फाइनल हुनेछ। यसअघिका विश्वकपमा १४ टोलीलाई दुई समूहमा विभाजन गरी शीर्ष तीन-तीन टोली 'सुपर सिक्स' चरणमा पुग्ने व्यवस्था थियो। 'सुपर सिक्स'का दुई समूहका शीर्ष दुई टोलीले सेमिफाइनल खेल्थे। आइसिसीको नयाँ संरचनाले प्रतियोगिताको सुरुको चरणदेखि प्रतिस्पर्धा कडा हुने विश्वास लिएको छ।

नाथम इन्डोर क्रिकेट च्याम्पियनसिप हुने

नयाँ पत्रिका

नेपाल एकेडेमी अफ टुरिजम, होटेल एन्ड माउन्टेनियरिङ (नाथम)ले नाथम इन्डोर क्रिकेट च्याम्पियनसिप २०२६ आयोजना गर्ने भएको छ। प्रतियोगिता ९ देखि ११ भदौसम्म गोल्फुटारमा रहेको भेलोसिटी क्रिकेट एरिनामा हुने आयोजकले जनाएको छ। प्रतियोगितामा देशभरका स्नातक तहका १६ कलेजका सहभागी हुने नाथमका ट्राभल एन्ड टुरिजम विभागका निर्देशक अजयकुमार ढकाललले बताए। ढकालका अनुसार सुरुमा आउने १६ कलेज नै फाइनल हुनेछन्। आयोजक नाथमबाट दुई टोलीले भाग लिनेछन्।

नाथमले आफ्ना दुईवटा टोली तयार पार्न आन्तरिक छनोट गरिने भएको छ। सहभागी कलेजलाई चार समूहमा विभाजन गरिनेछ। समूह चरणपछि नकआउट हुने प्रतियोगिताका प्राविधिक निर्देशक रवीन्द्र गुप्ताले जानकारी दिए। आठ लाख २० हजार रुपैयाँ बजेट रहेको प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ४० हजार रुपैयाँ पाउनेछन्। साथै, म्यान अफ दी सिरिज, उत्कृष्ट ब्याट्समान र उत्कृष्ट बलरलाई पनि विशेष पुरस्कारको व्यवस्था रहेको ढकाललले बताए। यस प्रतियोगिताको मुख्य उद्देश्य कलेजस्तरीय क्रिकेट खेलाडीलाई प्रतिस्पर्धात्मक मञ्च उपलब्ध गराउनुका साथै कलेजहरूबिच सहकार्य तथा सम्बन्धलाई थप मजबुत बनाउनु रहेको आयोजकले जनाएको छ। आयोजक नाथमले इन्डोर प्रतियोगिता आयोजना गर्न दुई महिनादेखि तयारी गरेको नाथमका डम्बर भट्टले जानकारी दिए। 'हामीले इन्डोर क्रिकेट च्याम्पियन आयोजना गर्न यसपटक दुई महिनादेखि तयारी गरौं,' भट्टले भने, 'प्रतियोगिताको तयारी लगभग पूरा भएको छ।'



दुई वर्षअघि भएको पहिलो संस्करणमा नेसनल कलेज विजेता बनेको थियो। 'हामी सहभागी सबै टोलीलाई निष्पक्ष, व्यवस्थित र उच्चस्तरीय प्रतिस्पर्धाको अनुभव दिलाउन प्रतिबद्ध छौं। यो प्रतियोगिताले नयाँ प्रतिभाको पहिचान गर्नुका साथै नेपाली क्रिकेटको भविष्य निर्माणमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिएका छौं,' गुप्ताले बताए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com